# ‘सपना र खण्डहरहरू’ कथासङ्ग्रहमा पात्रविधान

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

स्नातकोत्तर तह (एम.ए) द्वितीय वर्षको

दसौँ पत्रको प्रयोजनार्थ

प्रस्तुत

शोधपत्र

शोधार्थी

विष्णु कुमारी ढकाल

शैक्षिक सत्र २०६९/२०७१

त्रि. वि. दर्ता नं. ६-१-५०-१२०७-२००४

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

२०७६/सन् २०१९

# ‘सपना र खण्डहरहरू’ कथासङ्ग्रहमा पात्रविधान

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

स्नातकोत्तर तह (एम.ए) द्वितीय वर्षको

दसौँ पत्रको प्रयोजनार्थ

प्रस्तुत

शोधपत्र

शोधार्थी

विष्णु कुमारी ढकाल

शैक्षिक सत्र २०६९/२०७१

त्रि. वि. दर्ता नं. ६-१-५०-१२०७-२००४

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

२०७६/सन् २०१९

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग
## भरतपुर, चितवन

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागको छात्रा विष्णु कुमारी ढकालले स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको *सपना र खण्डहरहरू*, कथामा पात्रविधान शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

# मूल्याङ्कन समिति

प्रा.डा. होमनाथ सापकोटा ______________
विभागीय प्रमुख हस्ताक्षर

सह.प्रा.डा. कृष्णप्रसाद सापकोटा ______________
शोधनिर्देशक हस्ताक्षर

सह. प्रा .डा. धनेश्वर भट्टराई ______________
बाह्यपरीक्षक हस्ताक्षर

मिति : २०७६/०३/१५

# शोधनिर्देशकको सिफारिस पत्र

श्री विष्णु कुमारी ढकालले त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली शिक्षण विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको आवश्यक परिपूर्तिका लागि डा. दीनबन्धु शर्माको *सपना र खण्डहरहरू* कथामा पात्रविधान शीर्षकको शोधपत्रको लेखन मेरो निर्देशनमा तयार पार्नुभएको हो । शोधार्थी ढकालले डा. दीनबन्धु शर्माद्वारा लिखित *सपना र खण्डहरहरू* कथा सङ्ग्रहमा उपस्थित पात्रहरूको अध्ययन र विश्लेषण यस शोधपत्रमा गर्नुभएको छ । अतः अनुसन्धानकर्ता श्री विष्णु कुमारी ढकालले तयार पार्नुभएको यो शोधपत्रप्रति पूर्ण सन्तुष्ट हुँदै यसको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली शिक्षण विभाग समक्ष सिफारिस गर्दछु ।

...............................

**डा. कृष्णप्रसाद सापकोटा**
शोधनिर्देशक
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली शिक्षण विभाग
स्नातकोत्तर कार्यक्रम
दिनाङ्क : २०७६/०२/२०

# प्रतिबद्धता-पत्र

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवनको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनार्थ नेपाली विषय अन्तर्गत गरिएको "*सपना र खण्डहरहरू* कथासङ्ग्रहमा पात्रविधान" शीर्षकको शोधपत्र मेरो मालिक शोधपत्र हो । यसका कुनै अंश प्रकाशित गरिएको र शोध प्रयोजन स्वरूप उपाधि लिन विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी प्रतिबद्धता जाहेर गर्दछु ।

मिति : २०७६/०२/२०

विष्णु कुमारी ढकाल
शोधार्थी

# शोधार्थीको मन्तव्य

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङकाय अन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली शिक्षण विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्रको परिपूर्तिका निम्ति मेरो शोधनिर्देशक सह-प्रा डा. कृष्णप्रसाद सापकोटाज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । शोधपत्र तयार पार्न समुचित मार्गदर्शन एवम् दिशानिर्देश गर्नुहुने मेरा शोधनिर्देशक सह-प्रा. डा. कृष्णप्रसाद सापकोटाज्यू प्रति सर्वप्रथम म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध लेखनका क्रममा सहयोग र हौसला प्रदान गरिदिनु हुने वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागका सम्पूर्ण गुरुहरु प्रति पनि आभार व्यक्त गर्दछु ।

दीनबन्धु शर्माको *सपना र खण्डहरहरू* कथामा पात्रविधान शीर्षकमा शोधपत्र तयार गर्न स्वीकृति प्रदान गरी शोधकार्य गर्ने अवसर प्रदान गर्नुभएकोमा नेपाली विभागका विभागीय प्रमुख प्रा.डा. होमनाथ सापकोटाज्यू प्रति पनि आभार व्यक्त गर्दछु । यस शोधपत्र तयारीका क्रममा कुनै झन्झट नमानी विभिन्न जानकारी उपलब्ध गराई, प्रश्नावलीको उत्तर दिएर एवम् पुस्तकहरू समेत उपलब्ध गराएर सहयोग गर्नु भएकोमा शोधनायक शर्मा र उहाँका परिवारजनप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस क्रममा शोध नायकका सम्बन्धमा आवश्यक जानकारी गराई सहयोग गर्नुहुने आदरणीय दिदी चमेली ज्ञवाली तथा शोधनायककी पत्नी लक्ष्मी शर्माप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

ममतामयी आमा नन्नकला ढकालले मलाई जन्म दिनुभई उचित स्याहार सुसार गरेर हुर्काई पढ्ने दुःख र समस्याहरुसँग जुद्धै जीवनमा केही गरेर देखाउनुपर्छ भन्ने प्रेरणा दिई यो स्तरसम्म पुऱ्याउनु भएकोमा वहाँ प्रति पनि चिर ऋणी छु । आदरणीय बाबा मुकुन्द ढकाल जसले आफ्नो श्रम, पसिना खर्चेर, विभिन्न खालका दुःख पीडा र समस्याका तगाराहरुलाई पन्छाउँदै मेरो अध्ययनलाई स्नातकोत्तर तहसम्म पुऱ्याइदिनु भएकोमा म उहाँप्रति पनि सधैँ आस्थाका सुमन अर्पण गर्दछु ।

यस शोधपत्र तयार पार्ने क्रममा हौसला र सल्लाह दिँदै उत्साहित गर्ने आफन्तहरु, दाजूहरु हरिप्रसाद ढकाल र शिवप्रसाद ढकाल तथा भाउजूहरु विनिता ढकाल र दीपा

ढकाल, साना भाइबहिनीहरु आयाम र एन्जिला तथा सबै परिवारलाई सम्मानका साथ सम्झन चाहन्छु ।

यो शोधपत्र पूरा गर्ने क्रममा मेरा श्रीमान् खोमनाथ शर्मा (पौडेल) ले सल्लाह र प्रशस्त सहयोग गर्नुभयो उहाँप्रति पनि हार्दिकताका साथ कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै गरी अध्ययनमा व्यस्त हुँदा आफ्नो चञ्चले बानीले मनोरञ्जन गराउने छोरी कुसुम पौडेल र छोरा कुशल पौडेललाई पनि सम्झन चाहन्छु । शोधपत्र तयार पार्न हौसला दिँदै सहयोग गर्ने देवरहरु मोहराज, दामोदर भूमिस्वर शर्मा (पौडेल) तथा देवरानीहरु अस्मिता रेग्मी , सपना आचार्य र सरला गौतमप्रति आभार व्यक्त गर्दछु । घरको दैनिकी कामकाजमा सहयोगका अतिरिक्त साना नाति, नातिनीको स्याहार सुसार गरी मलाई पढ्ने वातावरण तयार पारिदिनु भएकोमा मेरी सासुआमा हुमकला तथा ससुराबाबा कृष्णप्रसाद शर्माप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।त्यसैगरी आफूले जानेबुझेका कुरा बताएर मेरो शोधपत्रको शुद्धीकरण समेत हेरी सङ्कलित सामग्रीहरूलाई आफ्नो व्यस्त समयका बाबजूद पनि टङ्कन गरी विशेष सहयोग गर्नुहुने पौडेल टाइपिङ सेन्टर, भरतपुरका डिलकाजी पौडेलप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

.........................................

विष्णु कुमारी ढकाल
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर,चितवन
मिति : २०७६/०२/२०

# विषयसूची

**पृष्ठ संख्या**


(क) स्वीकृतिपत्र

(ख) शोधनिर्देशकको मन्तव्य

(ग) प्रतिबद्धता-पत्र

(घ) शोधार्थीको मन्तव्य

(ङ) सङ्क्षेपीकृत शब्दसूची

**प्रथम परिच्छेद** **१-८**

**शोधपरिचय**

१.१ शोधशीर्षक १

१.२ शोध प्रयोजन १

१.३ विषय परिचय १

१.४ समस्या कथन २

१.५ शोधकार्यको उद्देश्य ३

१.६ पूर्वकार्यको समीक्षा ३

१.७ शोधकार्यको औचित्य महत्व र उपयोगिता ६

१.८ शोधकार्यको सीमाङ्कन ७

१.९ सामाग्री सङकलन विधि ७

१.१० सैद्धान्तिक आधार र ढाँचा ७

१.११ शोधपत्रको रूपरेखा ८

**परिच्छेद : दुई** **१०-३९**

**दीनबन्धु शर्माको जीवनीको अध्ययन**

२.१ पृष्ठभूमि १०

२.२ जन्म र जन्मस्थान १०

२.३ पुर्ख्यौली ११

२.४ बाल्यकाल ११

२.५ उपनयन १२

२.६ शिक्षादीक्षा १२

२.६.१ अक्षराम्भ १२

२.६.२ विद्यालयीय शिक्षा १३

२.६.३ उच्च शिक्षा १३

२.६.४ तालिम तथा प्रशिक्षण १४

२.७ राजनीतिक जीवन १४

२.८ जागिरे जीवनमा प्रवेश १४

२.९ आर्थिक अवस्था १५

२.१० पारिवारिक अवस्था १६

२.११ दाम्पत्य जीवन १६

२.१२ रूचि एवम् स्वभाव १६

२.१३ सृजनात्मकता १७

२.१३.१ साहित्यिक प्रेरणा र प्रभाव १७

२.१३.२ लेखन कार्य र प्रकाशित कृतिहरू १८

२.१३.३ सम्मान तथा पुरस्कार १८

२.१३.४ भ्रमण १९

२.२ पृष्ठभूमि १९

२.२.१ व्यक्तित्वका विभिन्न पक्षहरू १९

२.२.२ दीनबन्धु शर्माका व्यक्तित्वका आयामहरू २०

२.२.२.१ आन्तरिक व्यक्तित्व २०

२.२.२.२ बाह्य व्यक्तित्व २१

२.२.३ साहित्यिक व्यक्तित्व २२

२.२.४ साहित्येतर व्यक्तित्व २६

२.३ पृष्ठभूमि दीनबन्धु शर्माको कृतित्वको अध्ययन २८

२.३.१ नेपाली साहित्यमा दीनबन्धु शर्माको आगमन, लेखन यात्रा तथा प्रेरणा र प्रभाव २८

२.३.२ लेखन आरम्भ र प्रकाशनको थालनी २९
२.३.३ दीनबन्धु शर्माका प्रकाशित रचनाहरू ३०
२.४.४ दीनबन्धु शर्माका कथा साहित्यको अध्ययन ३४
२.४.५ दीनबन्धु शर्माको लेखन यात्राको चरण विभाजन ३५
२.४.६ निष्कर्ष ३८

## परिच्छेद : तीन

**पात्र विधान सम्बन्धी सैद्धान्तिक आधार ४०-५५**

३.विषय परिचय ४०
३.१ चरित्रको व्युत्पत्तिगत अर्थ ४०
३.२ पात्र/चरित्रको परिचय ४१
३.३ कथामा पात्रको भूमिका ४४
३.४ चरित्र चित्रणका तरिका (विधि) ४४
३.४.१ विश्लेषणात्मक विधि ४५
३.४.२ नाटकीय चरित्र चित्रण विधि ४५
३.५ चरित्र चित्रणका आधारहरू ४५
३.५.१ चरित्र चित्रणका परम्परागत आधारहरू ४६
३.५.२ शैली वैज्ञानिकता आधारमा चरित्र चित्रणका आधारहरू ४८
३.६ पात्र विश्लेषणको आधार ४९
३.६.१ लिङ्गको आधार ४९
३.६.२ कार्यका आधारमा ५०
३.६.३ प्रवृत्तिका आधारमा ५१
३.६.४ स्वभावका आधारमा (गतिशीलताको आधारमा) ५१
३.६.५ जीवन चेतनाका आधारमा ५२
३.६.६ आसन्नताको आधार ५२
३.६.७ आवद्धताको आधार ५३
३.७ पात्र विधानको औचित्य ५३
३.८ निष्कर्ष ५४

## परिच्छेद : चार ५६-१०८

## दीनबन्धु शर्माको सपना र खण्डहरहरू कथासङ्ग्रह भित्र रहेका पात्रहरूको अध्ययन


४.विषय प्रवेश ५६

४.१.१ त्यो घरमा किचकन्नी आउँछ रे कथाको पात्रहरूको अध्ययन ५६

४.१.२ तारिका ५७

४.१.३ म पात्र ५८

४.१.४ गौण पात्रहरू ५९

४.२ फेरी उनको याद आएको छ कथाका पात्रहरूको अध्ययन ५९

४.२.१ म पात्र ६०

४.२.२ सहायक पात्रहरू ६१

४.३ बागी उम्मेदवार कथाको पात्रहरूको अध्ययन ६१

४.३.१ म पात्र ६१

४.३.२ सहायक पात्रहरू ६३

४.३.३ गौण पात्रका रूपमा ६३

४.४ कान्छा फर्केन कथाको पात्रहरूको अध्ययन ६३

४.४.१ उर्वशी ६३

४.४.२ सहायक पात्र ६५

४.४.३ गौण पात्रहरू ६५

४.५ गाउँमा कथाका पात्रहरूको अध्ययन ६६

४.५.१ भाउजू ६६

४.५.२ देवर ६७

४.५.३ ससुरा ६८

४.५.४ गौण पात्र ६८

४.६ मोहभङ्ग कथाका पात्रहरूको अध्ययन ६९

४.६.१ ऊ पात्र ६९

४.६.२ सुमित्रा ७०

४.६.३ प्रेमिका ७१
४.६.४ गौण पात्रहरू ७१
४.७ अनावरण कथाका पात्रहरूको अध्ययन ७२
४.७.१ (म पात्र) सुस्मिता ७२
४.७.२ सहायक पात्र भीमसेन ७३
४.८ कटटु कथाका पात्रहरूको अध्ययन ७४
४.८.१ स्वास्नी ७५
४.८.२ लोग्ने ७६
४.८.३ गौण पात्र ७७
४.९ ज्वालामुखी कथाका पात्रहरूको अध्ययन ७७
४.९.१ भुस्तिघ्रे मजदुर र उसकी स्वास्नी ७८
४.९.२ गौण पात्र ७९
४.१० घामको झुल्को कथाको अध्ययन ७९
४.१०.१ म पात्र ८०
४.१.२ गौण पात्र ८१
४.११ कुकुरहरू कथाका पात्रहरूको अध्ययन ८१
४.११.१ म पात्र (छोरी) ८२
४.११.२ गौण पात्रहरू ८३
४.१२ वागमती कथाका पात्रहरूको अध्ययन ८३
४.१२.१ वाग्मती ८४
४.१२.२ वाग्मती लोग्ने ८५
४.१२.३ गौण पात्र ८६
४.१३ विवश सहयात्रीहरू कथाका पात्रहरूको अध्ययन ८६
४.१३.१ दुई सहयात्रीहरू ८६
४.१४ माटाको भतेरको अभिनेता कथाका पात्रहरूको अध्ययन ८८
४.१४.१ धनपति ८८
४.१४.२ छोरीज्वाईं ९०
४.१५ नेपथ्य कथाका पात्रहरूको अध्ययन ९१

४.१५.१ धर्मभक्त ९१
४.१५.२ परी ९२
४.१६ जादुको छडी कथाका पात्रहरूको अध्ययन ९३
४.१६.१ मिस्री ९४
१.१६.२ मिस्रीको लोग्ने ९५
४.१६.३ गौण पात्र ९६
४.१७ पात्रहरूमात्र कथाका पात्रहरूको अध्ययन ९७
४.१७.१ लाहुरे वा ऊ पात्र ९७
४.१७.२ गौण पात्रहरू ९८
४.१८ धन्नैले शहिद भएनछु कथाका पात्रहरूको अध्ययन ९८
४.१८.१ म पात्र ९९
४.१८.२ गौण पात्रहरू १००
४.१९ सपना र खण्डहरहरू कथाका पात्रहरूको अध्ययन १०१
४.१९.१ म पात्र १०१
४.२० नाटकको अन्त्य कथाको अध्ययन १०२
४.२०.१ म पात्र (लाहुरे) १०३
४.२०.२ सहायक पात्र चमेली १०५
४.२०.३ गौण पात्रहरू १०५
४.२१ निष्कर्ष १०५

**परिच्छेद पाँच**

**उपसंहार १०९-११४**

**सन्दर्भ साम्रगी सूची ११५-११६**

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| आइ.ए. | इन्टर अफ आर्टस् |
| एल.बी. | लालबहादुर |
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| प्रो. | प्रोफेसर |
| बी.ए. | व्याचलर अफ आर्टस् |
| बी.पी. | विश्वेश्वरप्रसाद |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम सम्वत् |
| वडा न. | वडा नम्बर |
| नाफा | नेपाल असोसिएसन अफ आर्ट्स |
| पि.एच.डी | डक्टर अफ फिलोसफी |
| इम.ए | मास्टर्स अफ आर्टस् |
| एम.एस्सी | मास्टर्स अफ साइन्स |
| प्र.अ. | प्रधान अध्यापक |

# प्रथम परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक *'सपना र खण्डहरहरु'* कथासङ्ग्रहमा पात्रविधान रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विस्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत नेपाली विषयको स्नातकोत्तर तह ;दोस्रो वर्षको दसौ पत्रको प्रयोजनार्थ प्रस्तुत गरियको छ ।

## १.३ विषय परिचय

नेपाली साहित्यमा कलम चलाउँने दीनबन्धु शर्माको जन्म वि.सं. २०१८ सालमा धौलागिरी अञ्चल अन्तर्गत बाग्लुङ जिल्लाको जैदी गाउँ विकास समिति वडा नं. ३ रोह्रोटेमा पिता हरिदत्त उपाध्याय र माता मतीश्वरी देवीका कोखबाट भएको थियो । बाल्यावस्था सुख सयलका साथ बिताएका शर्माको अक्षराम्भ गुरू भवानीप्रसाद पौडेल एवम् आफ्नै पिता हरिदत्तबाट भएको थियो भने गुरू भक्तिविलास शर्माबाट उनले लघुकौमुदी अमरकोष अध्ययन गरेका थिए । नौ वर्षको उमेरमा विद्यालय भर्ना भए तापनि बीचमा छाडेर घरमै गुरूकुल शिक्षालाई निरन्तरता दिई सन् १९७७ मा नेशनल इन्टर, कलेज पिलीकोठी वाराणसीबाट उनले हाइस्कूल परीक्षा उत्तीर्ण गरेका थिए । शर्माले उच्च शिक्षाका लागि अग्रसेन महाजनी महाविद्यालय वाराणसी इलाहावाद बोर्डबाट सन् १९८० मा आइ.ए. गरेका थिए । त्यसैगरी सन् १९८३ मा गोरखपुर विश्वविद्यालयबाट बी.ए. र त्रिभुवन विश्वविद्यालयबाट सन् १९८७ मा राजनीतिशास्त्रमा एम.ए. गरेका थिए अनि सन् १९९१ मा नेपाली विषयमा एम.ए. गरेका थिए । त्यसै गरी भर्जेन मिलाग्रोसा विश्वविद्यालय फिलिपिन्सबाट सन् २००३ मा बिजनेस एड्मिनिष्ट्रेसन विषयमा विद्यावारिधि उपाधि प्राप्त गरेको देखिन्छ ।

लेखकीय प्रकृतिका दृष्टिले पहिलो चरणमा सामाजिक राजनैतिक व्यङ्ग्य, मनोविश्लेषण, यौन मनोविश्लषण आदिको प्रधानता उनका रचनाहरूमा पाइन्छ भने पछिल्लो चरणमा आएर उनी लीलालेखन, बिनिर्माणवाद आदि उत्तरआधुनिक लेखनमा व्यस्त छन् ।

प्रथम प्रकाशित रचनाको दृष्टिले गरिमामा प्रकाशित 'शहर' कथाबाट उनले साहित्यमा प्रवेश गरेका छन् भने लेखनका दृष्टिले उनको पहिलो कथा मोहभङ्ग (मधुपर्क २०५१ माघ हो । उनले वि.सं. २०५५ सालमा सपना र खण्डहरहरू कथा सङ्ग्रह प्रकाशन गराएको देखिन्छ । आफ्ना पिता हरिदत्त उपाध्याय तथा आफ्ना दाजुहरूको प्रेरणाबाट साहित्य सिर्जना गर्न थालेका शर्माले करिब एक सय भन्दा बढी कथा दर्जनौं नाटक एकाङ्की केही मात्रामा संस्मरण निबन्धहरू पन्जा अभिमन्यू जस्ता उपन्यास लेखेका छन् ।

उनका प्रकाशित कृतिमा व्यङ्ग्य र समसामयिक प्रयोगात्मकताको प्रधानता पाइन्छ । संस्मरणहरूमा उनी प्राञ्जल (कोमल) भाषाको प्रयोग गरेको पाइन्छ भने नाटक एवम् एकाङ्कीहरूमा पछिल्लो चरणका कथाहरूमा झैँ प्रयोगात्मकतको विविधता देखिन्छ । कविताको क्षेत्रमा पनि उनको कलम सामान्य रूपमा भए पनि चलेको देखिन्छ ।

पात्रका मनोदशालाई सरल रूपमा झल्काउने शिष्ट र मर्यादित वर्णन व्याकरणसम्मत भाषा घटनाक्रमलाई छोट्याउने शैली भएका दीनबन्धु शर्माका कथामा पाइने गुणहरू हुन् ।

शर्माका कथाको विभिन्न रूपले अध्ययन भएको भएपनि पात्र विधानका रूपमा गहन र अनुसन्धानमूलक अध्ययन नभएको हुनाले प्रस्तुत शोधकार्य त्यसैमा केन्द्रित छ ।

## १.४ समस्या कथन

सपना र खण्डहरहरू कथा सङ्ग्रहका पात्रहरूको अध्ययन नै यस शोधकार्यको प्रमुख समस्याको रूपमा रहने छ । प्रस्तुत शोध शीर्षकसँग सम्बन्धित समस्याहरूलाई थप स्पष्ट पार्न निम्नअनुसारका समस्या राखिएको छ :

क) दीनबन्धु शर्माको कथा यात्रा र प्रवृत्ति के कस्तो रहेको छ ?

ख) दीनबन्धु शर्माका कथामा पात्रविधानको सैद्धान्तिक स्वरूप के कस्तो रहेको छ ?

ग) सपना खण्डहरहरू कथा सङ्ग्रहमा पात्र विधान के कस्तो देखिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

उपयुक्त शोध समस्यामा केन्द्रित प्रस्तुत शोधकार्यका निम्न लिखित उद्देश्य रहेका छन् :

क) दीनबन्धु शर्माको कथामा पात्र विधानको सैद्धान्तिक स्वरूपको निरूपण गर्नु ।

ख) दीनबन्धु शर्माको कथायात्रा र प्रवृत्तिको पहिचान गर्नु ।

ग) सपना र खण्डहर कथासङ्ग्रहमा पात्र विधानको र अध्ययन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

शर्माको कृतिहरूको सन्दर्भमा विभिन्न साहित्यकार समालोचक र समीक्षकहरूले विभिन्न पत्रपत्रिका र विश्वविद्यालयमा प्रस्तुत कार्यपत्रमा समीक्षात्मक टिप्पणी गरेको पाइन्छ । यसो गर्दा विशेषत उनको कथाकार व्यक्तित्वलाई ज्यादा महत्व दिएको अनुभव हुन्छ । नेपाली साहित्यका क्षेत्रमा महत्वपूर्ण योगदान दिने व्यक्तित्व दीनबन्धु शर्माको जीवनीवृत्त र साहित्यिक योगदान बारे समग्र अध्ययन गरिसकिएको छ । भनका कृतिहरूका बारेमा विभिन्न साहित्यकार समालोचक र समीक्षकहरूले विभिन्न पत्रपत्रिका र विश्वविद्यालयमा प्रस्तुत कार्यपत्रमा समीक्षात्मक टिप्पणी गरेको पाइन्छ । नेपाली साहित्यका विभिन्न विधाहरूका माध्यमबाट निरन्तर साहित्य सेवा गर्ने व्यक्तित्व शर्माको यस सन्दर्भमा उनको *'सपना र खण्डहरहरू'* कथा सङ्ग्रहमा पात्रहरूको अध्ययन पक्ष अपूर्ण रहेको देखिन्छ ।

कथाकार दीनबन्धु शर्माको कथासङ्ग्रह *सपना र खण्डहरहरू* (२०५५) मा बीसवटा कथाहरू समावेश गरिएको छ । सामासजक यथार्थवादी यौनमनोवैज्ञानिक, सामाजिक व्यङ्ग्यजस्ता विषयहरूले भरिएका कथाहरूलाई पात्र विशेष र भौगोलिक स्थानलाई समेत ध्यान दिई कथा लेखेका छन् । यस्तै विषयवस्तुले भरिएको कथा नै *सपना र खण्डहरहरू* कथासङ्ग्रह हो ।

ठाकुर पराजुलीले - सपना र खण्डहरहरू कथाको (वि.सं. २०५५) भूमिकामा शर्माको कथाका उल्लेखनीय विशेषताहरूको व्याख्या गरेका छन् । उनका अधिकांश कथा सामाजिक, राजनीतिक, पारिवारिक र दाम्पत्य सम्बन्धमा रतिरागका यौन तत्वले पार्ने प्रभाव र भूमिका तथा सामाजिक र राजनैतिक स्तरमा देखिने विसङ्गति र विरोधाभासको सङ्केत गर्नतिर ज्यादा केन्द्रित रहेका छन् भनेर टिप्पणी गरेका छन् । सामाजिक विसङ्गतिप्रति तिखो व्यङ्ग्य गर्ने उनको कला र लेखाइमा देखिएको भाषिक सीपको प्रशंसा गर्दै यस उनका कथाका पात्रहरू रतिराग र यौन तत्वले प्रभावित रहेको कुराको उल्लेख गरेको पाइन्छ ।

मनु ब्राजाकीले - सपना र खण्डहरहरू (वि.सं. २०५५) शीर्षकमा लेखिएको पुस्तककै भूमिकाबाट कथाहरूको विशेषतालाई टड्कारै चिनिन्छन् र (वि.सं. २०४०) साल पश्चात आफ्ना खुट्टामा उभिन समर्थ कथाकारमध्ये नेपाली कथा जगतमा दीनबन्धुको उपस्थिति अत्यन्त सवल छ । विषयवस्तुको सटिक प्रस्तुति र वर्णात्मक शैलीको प्रयोग गर्दै कथात्मक मार्मिकता प्रस्तुत गर्ने शर्मालाई ब्राजाकीले विश्वप्रसिद्ध फ्रान्सेली कथाकार मोपासासँग तुलना गरेका छन् ।

गजेन्द्र बुढाथोकीले सपना र खण्डहरहरू (वि.सं. २०५५) कृति समीक्षामा मानव जीवनमा सर्वाधिक चर्चा हुने र मानव मस्तिष्कलाई विथोलिरहने यौन, प्रेम, दाम्पत्य जस्ता विषयवस्तु नै सङ्ग्रहका कथाहरूमा परेको उल्लेख गरेका छन् । अतः उनका कथामा पात्रलाई यौन, प्रेम र दाम्पत्य जस्ता विषयवस्तुमा केन्द्रीय रहेको उल्लेख गरेका छन् ।

निर्मल कुमार आचार्यले सपना र खण्डहरहरू (वि.सं. २०५५) शीर्षकमा पुस्तक समीक्षा गर्दै शर्माको प्रतीकात्मक प्रस्तुति दिन सक्ने कलाको उल्लेख गरेका छन् । मनोविश्लेषात्मक गहिराइमा शर्माको कलम अत्यन्त तीक्ष्ण रहेको र जीवन जगतका यावत् पक्षहरूलाई कुनै कृतिमताबिना यथार्थ धरातल दिनु र उनका कथाका पात्र मनोविश्लेषणात्मक गहिराइमा पुगेको छन् भनी उल्लेख गरेका छन् ।

नरदेवले सपना र खण्डहरहरू (वि.सं. २०५६) शीर्षकको पुस्तक समीक्षामा कान्तिपुर दैनिकमा लेख्दै शर्माका कथाका विशेषताहरू माथि टिप्पणी गरेका छन् । सामाजिक विसङ्गति र विकृतिलाई व्यङ्ग्य गर्ने शर्माका कथाहरूले देशभित्र र देश बाहिरका मूर्धन्य पत्रिकाहरूमा स्थान पाएको कुरा उल्लेख गरेका छन् । मधुपर्क, गरिमा, समकालीन साहित्य,

वगर, दायित्व आदि देशभित्रका साहित्यिक पत्रकिाहरू र बिन्दु (भारत), यलम्बर (हङ्कङ) सगरमाथा (जापान), भर्जिनियन (फिलिपिन्स) आदि मुलुक बाहिरका पत्रिकाहहरू तिर नरदेवले सङ्केत गरेका छन् । उनको झर्रो शुद्ध भाषा र कलात्मक व्यङ्ग्य  जस्ता शर्माका कथागत विशेषताहरूको प्रशंसा गरेका छन् ।

क्याप्टेन जनकबहादुर राणाले साहित्यिक हाटबजारका गफ (गरिमा पूर्णाङ्क २१२ साउन २०५७) मा एघार वटा साहित्यकारहरूको व्यङ्ग्य गर्ने क्रममा लघुकथाको शीर्षक भन्ने उपशीर्षक अन्तर्गत शर्माको कहिलेकाँही देखिने गम्भीर प्रकृति र उनका कुनै कुनै राजनीति कन्द्रित कथाहरूका लामा शीर्षकमाथि व्यङ्ग्य गरेका छन् । वि.सं. २०४६ सालको जनआन्दोलनले सक्रिय रूपमा प्रभावित भएका शर्माका कतिपय कथाहरू अति राजनीतिक शीर्षक अन्तर्गत परेका छन् भन्ने व्यङ्ग्य, क्याप्टेन राणाले गरेका छन् । शर्माको अनुहारमा कहिलेकाँही आकस्मिक रूपमा देखिने गम्भीरतालाई व्यङ्ग्य गरेर उनले घोसेमुन्टे कथाकार भनेका छन् ।

विनयकुार कसजुले प्रतिनिधि नेपाली लघु कथा - ४ मा नेपाली लघुकथाको इतिहासमा महत्वपूर्ण स्थान ओगट्ने कथाकारहरू र तिनका लघुकथालाई समेट्दै शर्माको स्यालको हुँइया लघुकथालाई व्यङ्ग्यात्मक दृष्तिले महत्वपूर्ण स्थान दिएका छन् ।

शेषनाथ पौड्यालले शुर्पणखा कथामा विधामिश्रण (वि.सं. २०६७) शीर्षकको कार्यपत्रमा शर्माको कथा शुर्पणखामा रहेका उत्तरआधुनिक विशेषताहरूको समीक्षा गरेका छन् । त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागमा प्रस्तुत यस कार्यपत्रमा शुर्पणखा क थासभत्र कथाको विशेषता मात्र नभएर कविता, गीत, नाटक, निबन्ध र संस्मरणका तत्वहरू पनि समाहित भएकाले प्रस्तुत कथा नेपाली साहित्यमा विधा मिश्रणको राम्रो नमूना भएको कुरा उल्लेख गरिएको छ ।

नरेन्द्र बहादुर अमात्यले - सपना र खण्डहरहरू माथि बिह्ङ्गावलोन (वि.सं. २०५५) शीर्षकको समालोचात्मक समीक्षा गर्दै नेपाल जागरण साप्ताहिकमा प्रस्तुत कथा सङ्ग्रहलाई बगैंचामा ढकमक्क फुलेका फूलहरूको सुगन्धयुक्त मालारूपी उपहार भनेका छन् । यस कथासङ्ग्रहमा शर्माको कथा सिल्पलाई नितान्त मौलिक भन्दै कथानक चरित्र, वातावरण, ध्वनि इत्यादिको सङ्गठन एवम् संयोजन सुन्दर सवल एवम् कलात्मक ढङ्गमा भएको कुराको उल्लेख गरेको देखिन्छ ।

टंकप्रसाद न्यौपाने र खेम दाहालको विशेष पूर्वीय सन्देश सहित (वि.सं.२०६४) विमल भौकाजीको सम्पादनमा तयार भएको नेपाली यौन कथा, भाग तीनमा कथाकार दीनबन्धु शर्माको अन्जलिनाको उपहार कथा सङ्ग्रहित भएको छ । विस्तृत समीक्षा भएको यस लामो लेखमा प्रस्तुत कथालाई अन्तराष्ट्रिय परिवेशको यौन कथा भन्दै फिलिपिन्सेली महिलाहरूका यौन विषय क्यासिनो वा पूर्ण प्रतिस्पर्धाको बजार जस्तै भएको भन्ने देखाउन कथा सफल रहेको भनिएको छ ।

कमल दीक्षित र अन्यले सम्पादन गरेको गोरखापत्र १०० वर्षका १०१ कथा (वि.सं. २०५८ मा गोरखापत्रमा प्रकाशित जनता जनार्दन शीर्षकको राजनैतिक व्यङ्ग्य कथालाई उल्लेख गरेका छन् ।

कथाकार दीनबन्धु शर्माका कथा कृतिहरूमा प्रशस्त समीक्षाहरू प्राप्त गरिएको छ । उनको *सपना र खण्डहरहरू* कथा सङ्ग्रहका बारेमा पनि समीक्षा भएका छन् । यसरी दीनबन्धु शर्माका बारेमा गरिएका पूर्वकार्यहरूलाई एकीकृत गरेर हेर्दा उनले साहित्य सेवाको अथक प्रयास र साधाना गरेका छन् । तर उनको जीवनी व्यक्तित्व र कृतित्वका बारेमा बीना खड्का थापाले अध्ययन गरेको भए पनि यस कथामा पात्रहरूका बारेमा विस्तृत रूपमा चर्चा गरिएको छैन । यसबाट उनको *सपना र खण्डहरहरू* कथासङ्ग्रहमा रहेका पात्रहरूको  अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य महत्व र उपयोगिता

प्रस्तुत शोधपत्रमा नेपाली सहीत्यका विभिन्न विधामा कलम चलाएका कथाकार दीनबन्धु शर्माको *'सपना र खण्डहरहरु'* कथासङ्ग्रहमा रहेका पात्रहरुमा केन्द्रित भई अध्ययन गरिएको छ । उनको कथासङ्ग्रहमा आंसिक वा केही भय पनि विस्तृत अध्ययन हुन नसकेको सन्दर्भना यस अध्ययमको आफ्नै औचित्य रहने छ । शर्माको *'सपना र खण्डहरहरु'* कथासङ्ग्रह भित्र रहेका पात्रहरुको बारेमा अध्ययन गर्न चाहाने जिज्ञासु र साहित्यप्रेमीहरु समेत यसबाट सजिलै लाभान्वित हुनेछन् । त्यसैले पनि यो कार्य प्राज्ञिक र अनुसन्धकनात्मक दृष्टिले सहयोग पुऱ्याउने छ । त्यसैले प्रस्तुत शोध कार्यको औचित्य पुष्टि हुन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र कथाकार दीनबन्धु शर्माको कथाहरूमध्ये २०५५ मा प्रकाशित पहिलो कथा सङ्ग्रह *'सपना र खण्डहरहरू'* कथामा रहेका पात्रहरूको अध्ययनमा सीमित रहेको छ। शर्माले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन्। उनका कृतिहरू प्रशस्त छन् तर ती समग्र कृतिको अध्ययन नगरेर *'सपना र खण्डहरहरू'* कथासङ्ग्रहमा प्रयुक्त पात्रहरूको अध्ययनमै केन्द्रित रहनु र पात्रविधानका आधारमा पात्रहरूको अध्ययन गरिनु मात्र यस शोधकार्यको सीमा हो।

## १.९ सामाग्री सङकलन विधि

प्रस्तुत शोधकार्य सामग्री सङ्कलनका लागि अन्तर्वार्ता तथा पुस्तकालयीय विधिलाई नै अपनाइएको छ। यसका लागि सम्बद्ध पुस्तक र पत्रपत्रिकाको अध्ययन गर्दै अनुसन्धेय व्यक्तिसँग प्रत्यक्ष सम्पर्कबाट लिखित एवं मौखिक रूपमा आवश्यक जानकारी लिइएको छ। साथै उनका परिवार ,अकफन्त र निकटका व्यक्तिहरुसंग भेट गरी आबस्यक सामाग्री र सूचना सङ्कलन गरियको छ। यसमा सपना र खण्डहरहरू कथा सङ्ग्रह (कृति) लाई प्राथमिक सामग्रीको रूपमा लिइएको छ भने यसै कृतिसँग सम्बन्धित अन्य कृतिहरूको कार्यहरूको अध्ययन सङ्कलन गरिने हुँदा तिनीहरूलाई द्वितीयक सामग्रीको रूपमा लिइएको छ।

## १.१० सैद्धान्तिक आधार र ढाँचा

प्रस्तुत शोधकार्यमा पात्रहरूको विश्लेषण गर्दा प्रचलित विधागत मान्यता अनुसार विश्लेषण गरिएको छ। यसमा कथाका स्थापित सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गरिने भएकाले निगमनात्मक विधि अपनाइएको छ भने तथ्य सङ्कलनका आधारबाट त्यसको पुष्टि गर्ने सन्दर्भमा आगमनात्मक विधिको प्रयोग गरिएको छ। यसका साथै कथागत तथ्यको सङ्कलन र सैद्धान्तिक आधारको प्रमाणिकता र निष्कर्षका लागि विश्लेषणात्मक विधिको उपयोग गरिएको छ। यस क्रममा सैद्धान्तिक अवधारणाबाट प्राप्त विभिन्न वर्गीकरणका आधारहरू उल्लेख गरी कथामा प्रयुक्त चरित्रहरूको विश्लेषण गरिएको छ। यस शोधकार्यमा लिङ्ग, कार्य, वर्ग, स्वभाव, प्रवृत्ति, विचार र आसन्तताका आधारमा पात्रहरुको विश्लेषण गरिएको छ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सजिलो र प्रभावकारी बनाउनका लागि पाँच परिच्छेदमा विभाजन गरिएको छ ती परिच्छेदलाई आवश्यकता अनुसार दशमलव प्रणालीमा शीर्षक र उपशीर्षकमा यसरी विभाजन गरिएको छ :

**परिच्छेद एक : शोध परिचय**

यस परिच्छेदमा विषय परिचय, समस्याकथन शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्व, सामग्री सङ्कलन र शोधविधि, शोधको सीमाङ्कन, शोधपत्रको रूपरेखा रहेको छ ।

**परिच्छेद दुई : दीनवन्धु शर्माको कथा यात्रा र कथागत प्रवृत्ति**

यस परिच्छेदमा शर्माको कथायात्रा र समग्र कथा प्रवृत्तिबारे सङ्क्षिप्त रूपमा अध्ययन-विश्लेषण गरिने छ ।

**परिच्छेद तीन : पात्र विधानको सैद्धान्तिक स्वरूप**

यसमा हालसम्म भएका र नेपालीमा उपलब्ध पात्रका सैद्धान्तिक विश्लेषणसँग सम्बद्ध विभिन्न अवधारणालाई समावेश गरिने छ । स्वभाव, स्थिति आवद्धता आदि पात्रका वर्गीकरणलाई यहाँ समावेश गरिने छ ।

**परिच्छेद चार : सपना र खण्डहरहरू कथा सङ्ग्रहमा पात्रविधान**

यस परिच्छेदमा सैद्धान्तिक वर्गीकरणका आधारलाई अवलम्बन गरी सङ्ग्रहका कथाहरूको एक-एक शीर्षकमा पात्रहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

**परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष**

यस परिच्छेदमा समग्र शोधको मूल्याङ्कन सहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसप्रकार शोधको आदि भाग र मध्यभाग शोध प्रतिवेदनका रूपमा र अन्त्य भागका रूपमा सन्दर्भ सामग्रीलाई परिशिष्ट र सन्दर्भ सामग्री सूचीका रूपमा समावेश गरी सर्वाङ्गपूर्ण रूपमा शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# दीनबन्धु शर्माको जीवनीको अध्ययन

## २.१ पृष्ठभूमि

मानिसको जीवनका अनेकौं आयामहरूको समन्वय नै जीवनी हो । कुनै पनि व्यक्ति जन्मेर मृत्युसम्म त्यस व्यक्तिले जुन कार्य गर्दछ तथा संस्कारहरू सम्पन्न हुन्छ त्यही नै उसको जीवनी हो । अर्थात् कुनै व्यक्तिको जीवनलाई छर्लङ्ग पार्ने गरी लेखिएको क्रमबद्ध लेखाई वा जीवनभरि गरेका काम कुराहरूको इतिहास नै जीवनी हो । साहित्यकै अङ्ग मानिने जीवनीलाई जीवनचरित्र वा जीवनचरित पनि भनिन्छ । त्यस्तै जीवनीको अङ्ग्रेजी पर्यायलाई लाइफ अथवा बायोग्राफी भनिन्छ । जीवनीमा विशेष व्यक्तिको जीवनमा घटेका घटनाहरू तथा चरित्र, पेसा आदि महत्वपूर्ण अंशहरू दिएर उसले समाजमा दिएको योगदान, त्यसको मूल्याङ्कन पनि उल्लेख गरिएको हुन्छ । कल्पना, बढाइ चढाइले जीवनी सत्यतथ्यबाट टाढा हुने हुँदा प्रामाणिक कुराहरूलाई मीठो, रसिलो शैलीमा लेखिन्छ । जीवनी लेखन गर्दा समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा निस्वार्थ रूपमा योगदान पुऱ्याउने महान् व्यक्तिको लेखिन्छ । यसै सन्दर्भमा शर्माले पनि सामाजिक जीवनका विशेषतः साहित्यिक फाँटमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिएकोले उनको जीवनी प्रस्तुत गर्न लागिएको छ ।

## २.२ जन्म र जन्मस्थान

शर्माको जन्म पश्चिमाञ्चल विकास क्षेत्रको धवलागिरी अञ्चल अन्तर्गत बाग्लुङ जिल्लाको जैदी गाउँ विकास समिति वडा नं. ३, रोहोटे (हालको जैमिनी न.पा. -७) मा वि.सं. २०१८ साल साउन १६ गतेका दिन वशिष्ठ गोत्रका स्व. पशुपति उपाध्याय चालिसेका नाति, हरिदत्त शर्मा चालिसेका कान्छा पुत्ररत्नको रूपमा भएको हो । हाल निवास चपली भद्रकाली -२, बूडानीलकण्ठ, काठमाडौंमा रहेको छ । उनको मावली भने पर्वत जिल्लाको ज्ञादी नगर विकास समितिमा पर्दछ ।

## २.३ पुर्ख्यौली

शर्माका पुर्खाहरू पश्चिमाञ्चलको धवलागिरी अञ्चल अन्तर्गत बाग्लुङ जिल्लाको जैदी रोहोटेमै दश-बाह्र पुस्तादेखि रहँदै आएको पाइन्छ । त्यसभन्दा अगाडि अन्य पूर्वीय ब्राम्हणहरू झैँ कहाँबाट आएका हुन् थाहा पाउन भने सकिएको छैन ।

बाग्लुङ्का शर्मा चालिसे परिवारहरू एक संभ्रान्त परिवार मानिन्छन् । हालसम्म पनि जग्गा जमिन जन्मस्थान कायौं राखेका छन् । समयको प्रवाहसँगै अधिकांश शर्मा परिवारहरू विगत तीन चार दशकदेखि काठमाडौंमा बसोबास गरिरहेका छन् । हाल शर्मा पनि काठमाडौं महानगरपालिकाको चपली भद्रकाली-२, बूढानीलकण्ठमा बसोबास गर्दै आएका छन् । उनका हजुरवुवा तथा वुवाको जन्म तथा देहावसन बाग्लुङमै भएको थियो ।

## २.४ बाल्यकाल

मानव जीवनको सुरूवात नै बाल्यवस्थाबाट हुन्छ । यो जीवनको प्रथम चरण हो । बाल्यकाल निश्चल, निष्कलङ्क, निष्कपटपूर्ण अवस्था हो । शर्मालि बाल्यावस्थामा यस्तै बालसुलभता पार गर्दै अगाडि बढेका हुन् । उनको बाल्यकालमा पितासँग भन्दा मातासँग नै बढी निकटता थियो । मातापिताको आठ सन्तानमध्ये कान्छा छोरा भएकाले उनी आँखाका नानी जस्तै भएर उचित लालनपालन पाएर स्नेहमय वातावरणमा हुर्के । उनका दाजु-दिदी तथा साथीभाइका पनि उनी अत्यन्त प्रिय पात्र थिए । यसरी मातापिताको कुशल संरक्षणमा उनको बाल्यकाल सुखपूर्वक नै बितेको थियो । उनका पिताको आर्थिक अवस्था राम्रो भएका कारण उनको बाल्यकालमा उनलाई आर्थिक विपन्नताको सामना गर्नु परेन ।

आठ-नौ वर्षको उमेरमा लौवा खोला र काली गण्डकीमा पौडी खेल्ने चकचके स्वभावका शर्मा सार्थभाइसँग कपर्दी, लुकामारी आदि खेलमा अत्यन्तै रमाउने साथसाथै रातीमा घरबाट भागेर जुवा (पासा) खेल्न हिँड्ने र पछि बाबुको पिटाइ खाने गरेको रमाइलो अनुभव उनीसँग ताजै रहेको पाइन्छ ।

दाजुदिदीहरूको माया-ममता, पठनपाठनमा हुर्केका शर्मा लगनशील स्वभावका थिए । बाल्यकालमा राम्रो स्वास्थ्य भएकी शर्माकी जेठी दिदीको विवाह भएकै दिनदेखि मस्तिष्क तनावग्रस्त भएका कारण माइतमै बस्दै आएकी थिइन् । वि.सं. २०३५ सालमा

दिदीको निधन हुँदा शर्मा शोकमा परेका थिए । उनकी साहिँली दिदी शारदा विवाह भएको दुई महिनामा नै विधवा भएकी हुनाले उनले आजीवन एकलजीवन बिताउनु परेको पाइन्छ । शर्माका बाल्यकालीन दुःखका अनुभव यिनै दुईवटा हुन् ।

बाल्यकालमा आफन्तजनबाट प्रशस्त माया पाएका शर्मा सानो छँदा सबैसँग हाँस खेल ठट्टा रमाइलो गर्नु पर्ने स्वभावका थिए । उहाँका पिताजीले निर्माण गरेको पारिवारिक अनुशासन र शैक्षिक वातावरणमा हुर्केका-बढेका थिए भन्ने बुझिन्छ ।

## २.५ उपनयन

हिन्दुधर्म, संस्कृति अनुसार जीवनका विभिन्न संस्कारमध्ये उपनयन (व्रतबन्ध) पनि एक महत्वपूर्ण संस्कार मानिन्छ । पन्ध्र वर्षको उमेरमा हिन्दू परम्परा अनुसार शर्माको ब्रतवन्ध भएको हो । वैदिक विधि अनुसार गरिएको व्रतबन्धमा आफ्नै पिता हरिदत्त उपाध्यायबाट वेदका मन्त्र उच्चारण गरिएको स्मरण शर्मासँग छ ।

## २.६ शिक्षादीक्षा

शिक्षा-दीक्षा भन्नाले ज्ञान आर्जन गर्नु वा विद्या आर्जन गर्नु अथवा कुनै गुरू वा आचार्यबाट दिइने ज्ञान वा मन्त्र भन्ने बुभिन्छ । विद्यालय, महाविद्यालय आदिमा र घरैमा पनि नियमित रूपले अध्ययन गर्ने गराउने वा पढाइको चाँजोपाँचो मिलाउने काम अथवा ज्ञान दिने वा लिने काम सुनेर, सिकेर वा अन्य कुनै प्रकारले समाज र प्रकृतिद्वारा ग्रहण गरिने सैद्धान्तिक तथा व्यावहारिक विषयको बोध गर्नु गराउनुलाई नै शिक्षा-दीक्षा भनिन्छ । प्राचीनकालमा शिक्षा ग्रहण गर्ने परम्परा छुट्टै थियो । गुरूकुलमा गुरूको समीपमा रहनुले वा राजा रजौटाले मात्र शिक्षा ग्रहण गर्ने तर हिजो आज त्यो परम्परा छैन । अहिले शिक्षादीक्षा सर्वसुलभ छ । शिक्षा ग्रहण गर्न धनी  गरिब, ठूला, साना सबैको पहुँच पुग्ने र जात, वर्ण लिङ्ग भेदको अन्त्य भएको छ ।

### २.६.१ अक्षराम्भ

शिक्षित ब्राह्मण परिवारमा जसन्मएका शर्माका लागि शिक्षा ग्रहणका लागि कुनै बाधा, अड्चन आएन । उनले गुरूकुलीय पद्धतिबाट शिक्षारम्भ गरेको पाइन्छ । घरमै गुरू राखेर अक्षरारम्भ गरेका उनी तीक्ष्ण बुद्धिका र चलाख स्वभावका थिए । उनलाई अक्षर

चिन्हाउने गुरू भवानीप्रसाद पौडेल एवम् उनकै पिता हरिदत्तबाट उनले अक्षरारम्भ गरेका थिए । उनका पिताको सन्तानको शिक्षा मोह बढी सवल देखिएको पाइन्छ । त्यसैगरी गुरू भक्तिविलास शर्माबाट उनले लघुकौमुदी, अमरकोष अध्ययन गरेका थिए । आफ्ना दाजुहरूबाट अङ्ग्रेजी, गणित आदि विषयको पढाइलाई पनि उनले निरन्तरता दिएका थिए । उनी विद्वान् पिताका सन्तान भएका कारणले गर्दा उनमा पनि विद्याको मोह तीब्र रूपमा भएको पाइन्छ ।

## २.६.२ विद्यालयीय शिक्षा

शर्मा औपचारिक शिक्षा ग्रहण गर्न नौ वर्षको उमेरमा कुइधाङ निम्न माध्यमिक विद्यालय, बाग्लुङमा वि.सं. २०३० मा कक्षा दुईमा भर्ना भएर सुरू भएको थियो । उनी त्यस कक्षामा तीन/चार महिना अध्ययन गरी बीचैमा छाडेर अर्को वर्ष कक्षा तीनमा भर्ना हुन पुगेका थिए । तर उनको सो कक्षाको पढाइ पनि बीचैमा छोडिएको थियो । उनको पढाइलाई ध्यानमा राखेर नै उनको घरमा गुरूकुलीय शिक्षा प्रणाली व्यवस्था गरियो । भक्तिविलास शर्मा नामका गुरूबाट लघुसिद्धान्त कौमुदी (संस्कृत व्याकरण) पूरा गरेका उनले आफ्ना दाजुहरूबाट अङ्ग्रेजी, गणित आदि विषयको पढाइलाई पनि निरन्तरता दिए । बाबु हरिदत्त शर्मा हिन्दुदर्शन, भूगोल, राजनीति र विज्ञानमा समेत राम्रो दखल भएका विद्वान हुनाले यिनको घरायसी अध्ययन अत्यन्त मजबुत हुन पुग्यो । यसरी गुरूकुलीय शिक्षालाई नै निरन्तरता दिई सन् १९७७ मा नेशनल इन्टर कलेज, पिलीकोठी, वाराणसीबाट हाइ-स्कुल परीक्षा उत्तीर्ण गरेका थिए ।

## २.६.३ उच्च शिक्षा

शर्माले उच्च शिक्षाका लागि अग्रसेन महाजनी महाविद्यालय वाराणसी इलाहावाद बोर्डबाट सन् १९८० मा आइ.ए. गरेका थिए । त्यसैगरी सन् १९८३ मा गोरखपुर विश्वविद्यालयबाट बी.ए. गरेका उनले त्रिभुवन विश्वविद्यालयबाट सन् १९८७ मा राजनीतिशास्त्रमा एम्ए. र सन् १९९१ मा नेपाली विषयमा एम्.ए. पनि गरेका थिए । त्यसैगरी भर्जेन मिलाग्रासा विश्वविद्यालय फिलिपिन्सबाट सन् २००३ मा विजनेस एड्मिनिस्ट्रेसनमा उच्च अङ्क सहित पि.एच.डी उपाधि प्राप्त गरेको देखिन्छ । हाल उनी

आफ्नो जन्मथलो बालुङ्ग र कर्मथलो ललितपुरमा पनि विभिन्न विषयका विशिष्ट विद्वान्को रूपमा चिनिन्छन् ।

### २.६.४ तालिम तथा प्रशिक्षण

शर्माले विभिन्न तालिम पनि लिएका छन् । बी.एड्. (१० महिने तालिम), मानव अधिकार तालिम, जनसङ्ख्या र वातावरण शिक्षा तालिम, विद्यालयमा लागु औषध नियन्त्रण सम्बन्धी तालिम र अर्बुदरोग (क्यान्सर) सम्बन्धी समेत गरी अनेकौं तालिमहरूबाट दीक्षित भएका उनी यी तालिमहरूको उपयोग आफ्ना विद्यार्थीहरूलाई परामर्श दिन प्रयोग गरिरहेका छन् ।

## २.७ राजनीतिक जीवन

प्रजातन्त्रमा विश्वास राख्ने बहुदलीय व्यवस्था र लोकतन्त्रको पक्षधार रहेका शर्माको जीवनमा राजनीतिले त्यति गहिरो प्रभाव पार्न सकेन । पिता हरिदत्त शर्मा उपाध्याय बागलुङ क्षेत्र नं. ८८ बाट वि.सं. २०१५ सालको आम निर्वाचनमा विजय हासिल गरी गोरखा परिषद् पार्टीको संसद् सदस्य भएकाले उनको घरमा राजनैतिक वातावरण पर्याप्त थियो । पछि गोरखा परिषद्का नेता भरत शमशेरले पार्टीलाई नेपाली काङ्ग्रेसमा विलय गरेपछि यिनको परिवार नेपाली काङ्ग्रेसको हिमायती बन्न पुग्यो । वि.सं. २०४८ को आमनिर्वाचनमा यिनलाई उम्मेदवार बनाउने पहलकदमी त्यस क्षेत्रमा भएको भए तापनि यिनी आफै राजनैतिक द्वन्द्वबाट मुक्त हुँदै विशुद्ध शैक्षिक क्षेत्रतिर अग्रसर हुन चाहेको देखिन्छ । राजनीतिमा सक्रिय नभए तापनि प्रजातान्त्रिक विचारका कारण उनलाई मनपर्ने नेताहरू भने स्व. विश्वेश्वरप्रसाद कोइराला र स्व. मदन भण्डारी हुन् । सत्यका पक्षधर भएकाले राम्रो र सत्य कुरा गर्ने जुनसुकै व्यक्तिलाई मन पराउने र कुनै पनि गलत कुराको सधैं विरोध गर्ने उनी तटस्थ भएर बस्न रूचाउने व्यक्ति हुन् । हाल उनी राजनीतिबाट निष्क्रिय जस्तै देखिन्छन् ।

## २.८ जागिरे जीवनमा प्रवेश

प्रत्येक व्यक्ति जीवनमा कुनै न कुनै क्षेत्रमा संलग्न भई कार्य गरिरहेको हुन्छ । उन्नाइस वर्षको उमेरमा वि.सं. २०३७ साल चैत्र १७ गतेखि सरस्वती नि.मा.वि. धुल्लु

जैदीमा विज्ञान तथा गणित विषयको शिक्षकको रूपमा शर्माको जागिरे जीवन सुरू भएको देखिन्छ । वि.सं. २०४० देखि २०४३ सम्म नवजीवन विद्याश्रम, जुटपानी सर्लाहीमा भूगोल शिक्षकको रूपमा रहेका उनले वि.सं. २०४४ देखि वि.सं. २०४५ सालमा सहिद स्मारक विद्यालय ज्ञानेश्वर र एकता सदन विद्यालयमा अर्थशास्त्र विषय अध्यापन गराएको पाइन्छ । वि.सं. २०४६ श्रावण ४ गतेदेखि नमुना मच्छिन्द्र माध्यमिक विद्यालयमा अध्यापन गराउन थालेका शर्माले हालसम्म पनि अध्यापनलाई निरन्तरता दिइरहेका छन् ।

वि.सं. २०४८ सालबाट बिहानीमा नमुना मच्छिन्द्र क्याम्पसमा अध्यापन सुरू गरेको पाइन्छ । त्यस्तै गरी वि.सं. २०४९ देखि वि.सं. २०५० सम्म आदर्श कन्या क्याम्पसमा तथा वि.सं. २०४९ देखि वि.सं. २०५५ सम्म एभरेष्ट माध्यमिक विद्यालय, ठैब, ललितपुरमा पनि उनले अध्यापन गराएको देखिन्छ । यसरी समयलाई आफ्नो हातमा लिई विभिन्न विद्यालय तथा महाविद्यालयमा उनले अध्यापन गराउँदै आएका छन् ।

त्यस्तै गरी वि.सं. २०६० देखि वि.सं. २०६१ सम्म जापानमा प्लाष्टिक कारखानामा सुपर भाइजरका रूपमा कार्य गरेका उनले वि.सं. २०६५ देखि पुनः नमुना मच्छिन्द्र क्याम्पसमा क्याम्पस प्रमुखकका रूपमा कार्य गर्दै आएका छन् । शर्माले आफ्नो जीवनका धेरै क्षणहरू अध्यापन र अध्ययनमा नै बिताएको पाइन्छ ।

शिक्षक भएर उनले अध्यापन गरेका विषयहरू यस प्रकार छन् - गणित, विज्ञान, नेपाली, सामाजिक शिक्षा, भूगोल, अर्थशास्त्र, व्यवस्थापन आदि । यसबाट के प्रमाणित हुन्छ भने उनी विभिन्न विषयमा राम्रो ज्ञान र दक्षता भएका कुशल शिक्षक हुन् ।

## २.९ आर्थिक अवस्था

शर्माका हजुरबुवा पशुपति उपाध्याय खेतीपाती भएका जमिन्दार थिए । उनका पिता हरिदत्त तीन भाइमध्येका कान्छा सन्तान भएकाले मातापिता उनीसँगै बसेका थिए । त्यसैले उनीहरूको आर्थिक अवस्था राम्रो थियो । राम्रो भनेर अति उच्च अवस्था थिएन, त्यस्तै निम्न अवस्था पनि थिएन । उनको परिवार शिक्षित र स्वाभिमानी तथा कर्ममा विश्वास राख्ने भएकाले उनको आर्थिक अवस्था राम्रो नै देखिन्छ । मुख्य गरेर उनको परिवारको आर्थिक क्रियाकलाप कृषिमा आधारित थियो । बाग्लुङमा भएको पैतृक अचल सम्पत्ति खेतबारी अझै पनि उनले भोगचलन गरी आएका छन् । यसका अतिरिक्त नमुना मच्छिन्द्र क्याम्पस र

नमुना मच्छिन्द्र विद्यालयमा अध्यापन गरे वापत पाउने पारिश्रमिक पनि उनको आर्थिक आयआर्जन देखिन्छ ।

## २.१० पारिवारिक अवस्था

शर्माको पारिवारिक अवस्था सबल देखिन्छ । बाबुका चार छोरामध्ये उनी कान्छा छोरा हुन् । उनका जेठा दाजु राजेन्द्र माहिला दाजु तोयनाथ, साहिँला दाजु मुकुन्द शर्मा हुन् । उनीहरूका चारै भाइहरूले नेपाली विषयमा स्नातकोत्तर गरेका छन् । त्यसैगरी उनका चार दिदी-बहिनीमध्ये जेठी दिदी तिलाको अल्पायुमै स्वर्गवास भयो । माहिली दिदी लीला, साहिँली दिदी शारदा र कान्छी दिदी शान्ति हुन् ।

## २.११ दाम्पत्य जीवन

शर्माको वि.सं. २०४४ साल असार २४ गते (कास्की सल्यानका हाल भरतपुर-१२, चितवन एवम् महाराजगञ्ज, काठमाण्डौं घर भएका) श्रीशालिग्राम पौड्यालकी जेठी छोरी लक्ष्मीसँग धार्मिक विधि अनुसार विवाह भएको हो । उनकी धर्मपत्नीले वि.ए.सम्म अध्ययन गरेकी छिन् साथै साहित्यिक रचना तर्फ पनि रूचि राख्छिन् । विशेष गरी कथामा उनले कलम चलाएकी छिन् । उनका एक छोरा सागर शर्मा र दुई छोरीहरू माधुरी शर्मा र माधवी शर्मा छन् । छोरा शागर शर्मा हाल अमेरिकामा राइट स्टे युनिभर्सिटीमा पी.एच.डी अध्ययनरत छन् भने छोरीहरू माधुरी शर्मा एम.वी.ए र माधवी एम.ए. सम्म नेपालमै पढ्दै छन् । उनको दाम्पत्य र पारिवारक जीवन सुखमय छ । एक आपसमा सहयोगी भावना र सौहार्दपूर्ण वातावरण छ । समसामयिक राजनीति, समाज र साहित्यप्रति सचेत यो दम्पती राष्ट्रवादी भावनाले ओतप्रोत छन् ।

## २.१२ रूचि एवम् स्वभाव

मानिस राम्रो हो वा नराम्रो हो भन्ने कुरा उसको रूचि एवम् स्वभावबाट थाहा पाउन सकिन्छ । शर्मा सकारात्मक सोच भएका अनुशासित व्यक्ति हुन् । उनी कर्तव्यपरायण पनि छन् । जिज्ञासु स्वभावका उनी जहिले पनि ठोस लक्ष्य लिएर अगाडि बढेका देखिन्छन् । सरल प्रकृतिका उनी कहिल्यै आवेशमा नआउने र भगवान्मा विश्वास राख्ने व्यक्तित्व हुन् ।

पत्रपत्रिका अध्ययन गर्ने, लेख रचनाहरू लेख्ने साथीभाइहरूसँग रमाउने, ख्याल ठट्टा गर्नुपर्ने, मिठो खानपिनमा रूचि राख्ने शर्मा मांसाहारी-शाकाहारी दुवै खालका खाना मन पराउने गर्दछन् । बेलाबेलामा साथीभाइसँग वनभोज खाने, साथीभाइ तथा इष्टमित्रहरूलाई घरमा बोलाएर मिठा मिठा खानाका परिकार बनाई खुवाउने उनको स्वभाव छ । विशेष गरी माछा-मासुको परिकार आफै बनाउने अनि सबैलाई खुवाउने र आफू पनि खाने उनको बानी छ । धर्मकर्ममा प्रायः निरपेक्ष रहने उनको वाद्यवादन, नाचगान एवम् अभिनयतर्फ पनि उत्तिकै क्षमता भएको पाइन्छ । हार्मोनियम राम्ररी बजाउने, गीत रचना गर्ने, नाटकमा अभिनय गर्ने र कम्मर मर्काइ-मर्काइ ताल मिलाएर नाच्ने क्षमता पनि उनमा देखिन्छ ।

शारीरिक सुगठनमा राम्रा देखिने उनी लुगा लगाउँदा निकै मिलाएर लगाउनु पर्ने, विशेषगरी बुट्टादार तथा उज्यालो रङ्गका सर्ट र गाढा रङ्गको पेन्ट बढी मन पराउने, कपाल मिलाएर कोर्ने उनको बानी छ । उनी चस्मा पनि लगाउँछन् । विशेष गरी मनोविज्ञान सम्बन्धी कथा तथा साहित्य रचना गर्ने भएकाले अरूका मनका कुरालाई सहजै पढ्ने र सबैसँग राम्रो व्यवहार गर्ने उनको स्वभाव छ ।

## २.१३ सृजनात्मकता

मानिसभित्र अन्तरनिहित प्रतिभा नै सृजनात्मकता हो । कोहीसँग गीत गाउने, कोहीसँग नाच्ने, कोहीसँग साहित्य लेख्ने, कोहीसँग अभिनय गर्ने जस्ता मौलिक क्षमता रहेका हुन्छन् । शर्मा बहुआयामिक सृजनाका धनी र खुबी भएका व्यक्तित्व हुन् । उनी कहिले साहित्य सृजना गर्दछन् त कहिले सुन्दर चित्र बनाउँछन् ।

### २.१३.१ साहित्यिक प्रेरणा र प्रभाव

जब मानवलाई अनौठो पाराले सुख, दुःख, हर्ष, विस्मात् हुन्छ, त्यस्तै प्राकृतिक दृश्यहरूले प्रभावित पार्न थाल्छ तब कुशल सर्जकले आफ्नो मनोभावलाई मूर्तरूप दिन्छ । यस्ता मानसिक अभिव्यञ्जनालाई मूर्तरूप दिएको कृति नै साहित्यिक कृति हो । शर्मालाई साहित्य लेखनमा साहित्यिक प्रेरणाको स्रोत वा प्रभाव पार्ने व्यक्तित्व आफ्नै पिता एवम् दाजुहरू हुन् । उनकी आमा लयमा कविता वाचन गर्न सक्थिन् भने उनका दाजु मुकुन्द शर्मा त नेपालका प्रतिष्ठित कवि नै हुन् । यसरी आफ्ना मातापिता, दाजुहरूबाट साहित्यिक प्रभाव आफूमा परेको ठान्ने शर्माको रचना- मोहभङ्ग (कथा) वि.सं. २०५१ सालमा मधुपर्क

अङक ३०८ मा पहिलो पटक प्रकाशित भएको थियो । लेखकीय प्रवृत्तिको दृष्टिले सामाजिक यथार्थ, व्यङ्ग्य, मनोविश्लेषण, आत्मपरकता, लीलाबोधी दृष्टिकोण आदि उनका विशेषताहरू हुन् ।

## २.१३.२ लेखन कार्य र प्रकाशित कृतिहरू

समाजको उतार चढावले सर्जकहरूलाई समाज परिवर्तनमा सहभागी हुन घच्घच्याउँछ । उसले आफ्ना अनुभूतिलाई साहित्य सृजनामा लगाउँछ । त्यसैगरी प्रकृतिमा आएको परिवर्तन, समाजको सुख-दुःखले मनमा पारेको प्रभावलाई वा अनुभूतिलाई सर्जकले कहिले कविताको रूपमा, कहिले गीतको रूपमा, त्यस्तै कहिले उपन्यासको त कहिले कथा अनि निबन्ध, प्रबन्ध आदि थुप्रै रूपमा अभिव्यक्ति गर्दछ । तिनीहरू नै साहित्य हुन् भने तिनै कुरा चित्रमा व्यक्त भएमा त्यो कला गनिन पुग्छ । शर्मा साहित्य र कला दुवै क्षेत्रमा उदीयमान व्यक्ति हुन् । त्यति मात्र होइन उनी एक मनोविज्ञ पनि हुन् । उनका कथामा मानिसका मनभित्र गुम्सिएर रहेका भावहरू छचल्किएको पाइन्छ । लेखनका दृष्टिकोणले मोहभङ्ग वि.सं. २०५१ सालमा मधुपर्कमा ३०८ अङ्कमा प्रकाशित भएको पाइन्छ । उनले थुप्रै पत्रपत्रिकामा कविता कथा संस्मरण तथा विभिन्न लेखनहरू प्रकाशित गर्दै अगाडि बढेको पाइन्छ ।

## २.१३.३ सम्मान तथा पुरस्कार

राम्रो कामको परिणाम पनि राम्रै हुन्छ । उत्कृष्ट काम गर्ने व्यक्तिलाई नाम, दाम, सम्मान तथा पुरस्कार दिने प्रचलन छ । परुस्कार परम्पराले गर्दा व्यक्तिको कार्य झनै उज्यालिन्छ साथै उत्कृष्ट बन्दै जान्छ । शर्मा पनि नेपाली साहित्य चिन्तनका फाँटमा निष्ठाका साथ समर्पित व्यक्तित्व हुन् । उनले वि.सं. २०५१ सालबाट कथा लेखन आरम्भ गरेको पाइन्छ, साथै नेपाली निबन्ध विधामा पनि उनले कलम चलाएको पाइन्छ ।

भिजिट नेपाल सन् १९९८ रेयुकाई नेपालको आयोजनामा भएको अधिराज्यव्यापी निबन्ध प्रतियोगितामा उनले उत्कृष्ट निबन्ध सम्मान भिजिट नेपाल १९९८ पाएका थिए । त्यसैगरी लघु कथा प्रतियोगितामा उत्कृष्ट लघु कथाकार सम्मान पनि पाएका थिए । पि.एच.डी. उपाधिका निम्ति नेपाल विद्याभूषण 'क' श्रेणी वि.सं. २०६७ प्राप्त गरेका शर्मा नेपाली साहित्यका सशक्त व्यक्तिका रूपमा रहेका छन् ।

### २.१३.४ भ्रमण

शर्मामा वि.सं. २०३३ सालदेखि २०३९ सालसम्म एस.एल.सी. देखि वि.ए. पूरा गरून्जेलसम्म भारतको बनारस जाने आउने क्रम जारी रहेको थियो । यसका अतिरिक्त उनले भारतको भेल्लोर एवम् मद्रासमम्म यात्रा गरेका छन् । वि.सं. २०५८ सालदेखि वि.सं. २०६१ सालसम्म पि.एच.डी. अध्ययनको क्रममा फिलिपिन्स गएका थिए । फिलिपिन्स जाने क्रममा हङ्कडको छोटो यात्रा पनि गरेका थिए । वि.सं. २०६१ देखि वि.सं. २०६२ सम्म कामको सिलसिलामा जापानको गुन्मा प्रान्तको ओता सहर नजिक बसेका थिए । त्यसबेला जापानका विभिन्न ठाउँहरूमा भ्रमण गरेका थिए भने वि.सं. २०६२ सालको जेठ महिनामा थाइल्याण्डको राजधानी बैंकक पनि पुगेका देखिन्छ ।

# दिनबन्धु शर्माको व्यक्तित्वको अध्ययन

## २.२ पृष्ठभूमि

दीनबन्धु शर्माको व्यक्तित्वका विविध आयामहरूको अध्ययन र विश्लेषण गर्ने कार्य गरिएको छ । उनको आन्तरिक र बाह्य व्यक्तित्व एवम् साहित्यिक तथा गैरसाहित्यिक व्यक्तित्वको अध्ययन गरिएको छ ।

### २.२.१ व्यक्तित्वका विभिन्न पक्षहरू

व्यक्तित्व निर्माणमा कुनै पनि मानिसका जीवनमा गतिशील बनेर आउने घटनाले जीवन भोगाइका विविध घटना, जीवनका आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-प्रतिमोडहरूले प्रमुख भूमिका खेलेका हुन्छन् । यसरी ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक साँस्कृति रूचि, पेशा, शिक्षा-दीक्षा आदिले पनि उल्लेखनीय सहयोग पुऱ्याएका हुन्छन् । यी विविध परिवेशबाट निर्मित व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा बाँडेर हेर्नुपर्ने हुन्छ । व्यक्तिको निजी व्यवहारसित सम्बन्धित कुरालाई निजी व्यक्तित्व भनिन्छ, जसमा आन्तरिक एवम् बाह्य व्यक्तित्व पर्दछन् । यसै गरी सार्वजनिक व्यक्तित्व भन्नाले समाज अनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नु भन्ने बुझिन्छ । साहित्यकारका सन्दर्भमा भने सार्वजनिक व्यक्तित्वलाई साहित्यिक र साहित्यकारमा विभाजन गरी हेर्न सकिन्छ र साहित्यिक व्यक्तित्वलाई पनि स्रष्टा व्यक्तित्व र

द्रष्टा व्यक्तित्वमा विभाजन गर्न सकिन्छ । स्रष्टा व्यक्तित्वभित्र साहित्यकारले सिर्जना गरेका साहित्यका विभिन्न विधा पर्दछन् भने द्रष्टा व्यक्तित्वभित्र समालोचना, समीक्षा, सम्पादन जस्ता कार्यहरू पर्दछन् ।

### २.२.२ दीनबन्धु शर्माका व्यक्तित्वका आयामहरू

प्रकाशित रचनाको कुरा गर्दा शर्मा वि.सं. २०५१ देखि नेपाली साहित्यको कथा विधामा प्रवेश गरेको पाइन्छ । उनले हालसम्म झण्डै १०० वटा जति कथा लेखिसकेको पाइन्छ । कथा बाहेक साहित्यका अन्य विधाहरू जस्तै एकाङ्की, नाटक, उपन्यास, भूमिका, समीक्ष, संस्मरण तथा कविता आदिमा पनि कलम चलाएर नेपाली साहित्य भण्डारलाई भरिपूर्ण पार्दै आइरहेका छन् । यसरी विभिन्न विधाहरूमा कलम चलाएर साहित्यिक व्यक्तित्वको निर्माण गर्ने नेपाली साहित्यका एक उत्कृष्ट कथाकार वा साहित्यकार हुन् । बहुआयामिक प्रतिष्ठित, बहुप्रतिभाका धनी शर्मा कर्मशील, कर्तव्यनिष्ठ, परिश्रमी साथै लगनशील शिक्षक पनि हुन् ।

#### २.२.२.१ आन्तरिक व्यक्तित्व

शर्माको आन्तरिक व्यक्तित्वलाई नियाल्दा उनी सानैदेखि चञ्चल, हँसिला र ठट्यौलो स्वभावका थिए । उनी मनमा लागेका कुरा तुरून्तै प्राप्त गर्ने चाहना राख्ने बाल स्वभावका थिए । साहित्यिक, साँस्कृतिक कार्यक्रम तथा राजनैतिक भाषण र मञ्चमा हुने विविध कार्यक्रममा गएर गम्भीर भएर सुन्ने अभिनय गर्ने स्वभाव सानैदेखि विकास भएको पाइन्छ । गाउँमा नाटक मञ्चन हुँदा अभिनय गर्ने तथा आफै नाटक लेखी अभिनय गर्ने गरेको पनि पाइन्छ । साथसाथै साँस्कृतिक कार्यक्रममा सहभागी भई गाउने तथा हार्मोनियम बजाउने गरेको पनि पाइन्छ । गोठाला जाँदाका आफ्ना जीवनसङ्गीनीसँग हँसौली, ठट्यौली तथा राम्रो व्यवहार गर्ने उनी परिवारका कान्छा सन्तान भएका कारणले गर्दा सबैको प्रिय र मायालु बनेका हुन् । उनी काम गर्न थालेपछि पूरा नगरी नछाड्ने बानी भएका छन् । नम्र स्वभाव र मृदुभाषी उनी आफ्ना विद्यार्थीलाई साह्रै माया गर्ने तथा मनोवल बढाउन हौसला दिने, कहिल्यै कसैको मन नदुःखाउने, वरिष्ठ व्यक्तित्वको सधैँ सम्मान गर्ने, आफ्ना परिवारजनप्रति अनन्त प्रेम र आदर गर्ने उनी रूढिवादी धारणाप्रति विश्वास नराख्ने भए तापनि ईश्वरप्रति भने आस्थावान् छन् । बिहान सबेरै उठ्ने र नित्यकर्म सकी अरू समयलाई कति पनि खेर जान नदिने, आफ्नो कार्य सहज रूपमा छिट्टै सक्ने, सबैलाई समय

दिने, अरूको इज्जत गर्ने सबैसँग राम्रो व्यवहार गर्ने शर्माको जीवनशैली नियमित रहेको छ । उनी रमाइला र मिजासिला स्वभावका छन् । उनलाई जान्ने बुझ्ने मानिस उनलाई ज्यादै आदर र सम्मानपूर्वक लिन्छन् । शर्मा आफ्ना सहपाठीहरूसँग मात्र होइन आफ्ना शिष्यहरूसँग पनि ज्यादै राम्रो र मित्रवत् व्यवहार गर्दछन् । सानैदेखि सबैसँग राम्रो व्यवहार गर्ने कसैसँग झगडा नगर्ने ठूलो बन्न मन नपर्ने स्वभावले उनी जहिले पनि स्नेहशील, सद्भावपूर्ण जाँगरिला, रसिला, फुर्तिला र जोश भएका व्यक्तित्वका रूपमा पर्दछन् ।

झट्ट हेर्दा नै आकर्षक व्यक्तित्व देखिने सरल सहज र शान्त उनी गम्भीर स्वभावका छन् । मुखमा एउटा कुरा मनमा अर्को कुरा नभएका जे कार्य आँटे पनि पूरा पर्ने, शिक्षा र साहित्य विकासका कुरा गर्ने, घमण्ड नगर्ने, कर्तव्य पूरा गर्ने तर फलको आशा नराख्ने व्यक्ति हुन् । ज्यादै सक्रिय र स्फुर्त रूचि लागेको काम गहिरिएर र सोचेर गर्ने, चिन्तन बढी गर्ने, डटेर कार्य गर्ने स्वभावका शर्मा समाज एवम् राष्ट्रका लागि आफ्नो कीर्ति फिँजाउन प्रयत्नशील एक क्षमतावान् व्यक्ति हुन् । स्वाभिमानी र स्वावलम्बी उनी परी आउने जुनसुकै काम आफ्नो मन, वचन र कर्मले गर्ने प्रवृत्तिका छन् । विकासका जुन क्षेत्रमा कार्य गरे पनि हुन्छ तर कार्य गर्नुपर्छ भन्ने विचार उनको छ । शिक्षाप्रद बोलीबचन भएका, घमण्ड र मपाईत्व नभएका, चाकडी चाप्लुसी नगर्ने र कर्मयोगी बन्नुपर्छ भन्ने स्वभावका, नाम कमाउन जुनसुकै नवीन कार्य गरेपनि हुन्छ भन्ने उनको आन्तरिक व्यक्तित्वको मूल्याङ्कन गर्दा सरल, सहयोगी, कर्तव्यपरायण, सङ्घर्षशील, स्वावलम्बी जस्ता विविध गुण उनमा पाइन्छन् ।

### २.२.३.२ बाह्य व्यक्तित्व

व्यक्तिको बाह्य बनावट अर्थात् शारीरिक बनावट आकार-प्रकार नै बाह्य व्यक्तित्व हो । शर्माको बाह्य व्यक्तित्वलाई केलाउँदा उनी ५ फिट ७ ईञ्च अग्ला, धेरै मोटो पनि होइन पातला पनि होइन, ठिक्कको जीउडाल, ठूलो चौडा खुलेको निधार, सर्लक्क परेको अलि नमिलेको दाँत, काला आँखा, चम्किलो अनुहार, कालो कपाल, दारीजुंगा काटेको फराकिलो मुखाकृति भएका गोरो वर्णका ५७ वर्षे शर्माको हृष्ट-पुष्ट र फुर्तिलो तथा तेजिलो व्यक्तित्व देखिन्छ ।

प्रबुद्ध, चेतनशील, शारीरिक र मानसिक व्यक्तित्वका धनी शर्मा विविध क्षेत्रमा अगाडि बढेका छन् । अरूलाई सम्मान गर्ने, आफूले गरेको गल्ती सहर्ष स्वीकार गर्ने,

गोष्ठीभाषण तथा सम्मेलनहरूमा भाग लिने तथा त्यसबाट राम्रा कुराहरूलाई ज्ञानका रूपमा लिने, आफूभन्दा सानालाई हरसम्भव सहयोग गर्ने, समयको ख्याल गर्ने, समयमै कार्य गरिसक्नु पर्ने, दृढ भावना भएका उनी बेलाबखतमा आफ्ना आफन्तसँग सरसल्लाह पनि गर्छन् तर निर्णय गर्न आफ्नै स्वविवेक प्रयोग गर्दै स्वनिर्णय गर्छन् । कसैको नराम्रो कुभलो नगर्ने, नसोच्ने, चियो चर्चा नगर्ने, म ठूलो हुँ, सबैले मान्नु पर्छ भन्ने अभियान नगर्ने विशेषता भएका हक्की, निडर र स्पष्ट वक्ता उनी आफूलाई सधैँ व्यस्त राख्छन् । काम नभएको बन्नु हुँदैन, एक नवीन कार्यमा लागेर आफ्नो र देशको उन्नति गर्नु पर्छ भन्ने उनको धारणा छ । यति भएर पनि जीवन हो, कहिले कतै उनलाई पनि थकाइ लाग्दो हो, जीवनदेखि दिक्क पनि लाग्दो हो, त्यसैले उनी कहिले काहीँ आफैप्रति कटु व्यङ्ग्य गर्दै ठट्टा गरिरहेका पनि देखिन्छन् ।

### २.२.३ साहित्यिक व्यक्तित्वक

कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व कृतिका आधारमा निर्मित भएको हुन्छ । साहित्यमा कविता, कथा, जीवनी, उपन्यास, नाटक, निबन्ध आदि विधागत योगदानबाट नै साहित्यिक व्यक्तित्व प्रकट भएको हुन्छ । साहित्यकारका रूपमा शर्माको विशेष योगदान कथा विधामा नै फैलिएको छ । विद्यार्थी कालदेखि नै सिर्जनामा लागेका उनका प्रारम्भिक रचनाहरू कविता र कथा नै रहेको देखिन्छ ।

वि.सं. २०५१ सालमा मोहभङ्ग कथाबाट साहित्य यात्रा सुरू गरे तापनि शर्माले औपचारिक रूपमा वि.सं. २०५१ साल असोज महिनाको गरिमा अङ्क १४२ मा आफ्नो सहर कथाबाट प्रवेश गरेका हुन् । उनले वि.सं. २०५५ सालमा सपना र खण्डहरहरू कथा सङ्ग्रह तयार पारी प्रकाशन गराएका छन् । उनका प्रकाशोन्मुख कथा सङ्ग्रह उर्मिला रहेको पाइन्छ । यसैगरी उनका १०० भन्दा बढी कथाहरू विभिन्न पत्रपत्रिकामा एक दर्जन भन्दा बढी एकाङ्की नाटकहरू, थुप्रै यात्रा संस्मरण, निबन्धहरू पनि रहेको पाइन्छ । उनका अप्रकाशित रचनाहरू पनि प्रशस्त रहेका छन् । दर्जनौं कथा एकाङ्कीहरू साथै प्रकाशोन्मुख उपन्यास पञ्जा र अभिमन्यु रहेका छन् ।

उनले निरन्तर रूपमा साहित्यको रचना गरिरहेका छन् । विदेशमा बस्दा पनि विभिन्न लेख रचना तयार पारी प्रकाशन पनि गराएका छन् । अध्ययनका क्रममा फिलिपिन्स बसाइको तीन वर्षे अवधिमा उनले झण्डै बीस-बाइस वटा कथाहरू, आधा दर्जन नाटकहरू,

दुई वटा संस्मरणहरू र एउटा उपन्यास अभिमन्यु लेखेको पाइन्छ । उपन्यास बाहेक उनका उपर्युक्त कृतिहरू प्रकाशित पनि भइसकेका छन् ।

प्रवासको अध्ययन र अनुभव उनको विषयवस्तु तथा दृष्टिकोणको व्यापकता, राष्ट्रवादी भावनाको प्रगाढता र वातावरणीय विविधता पनि आएको देखिन्छ । यसै बसाइको क्रममा उनको लेखाइमा थप प्रौढता आएको र कलम खारिँदै गएको अनुभव गर्न सकिन्छ । उनको साहित्यिक व्यक्तित्वको तल चर्चा गरिएको छ ।

(क) कथाकार एवम् उपन्यासकार व्यक्तित्व

(ख) निबन्धकार व्यक्तित्व

(ग) भूमिका लेखन व्यक्तित्व

(घ) समीक्षा एवम् टिप्पणीकार व्यक्तित्व

(ङ) नाटककार/एकाङ्कीकार व्यक्तित्व

कथाकार/उपन्यासकार व्यक्तित्वः- शर्माका अनेकौं व्यक्तित्वहरू मध्ये कथाकार व्यक्तित्व सबभन्दा विशाल र सबल व्यक्तित्व हो । वि.सं. २०५१ सालको कात्तिक महिनामा 'सहर' कथा प्रकाशित गरेर कथा लेखनमा प्रवेश गरेका उनले १०० भन्दा बढी कथा लेखेका छन् । सङ्ग्रहका रूपमा भने वि.सं. २०५५ सालमा सपना र खण्डहरहरू शीर्षकको कथा सङ्ग्रह, निबन्धको फूलबारी निबन्ध सङ्ग्रह २०६९, 'भत्किँदै किल्लाहरू-२०७२' पुस्तकहरू प्रकाशित भएको देखिन्छ । लीला लेखनमा आधारित कथाहरूको सङ्ग्रह उर्मिला प्रकाशोन्मुख रूपमा रहेको छ ।

शर्माका कथाहरूमा सामाजिक एवम् राजनैतिक व्यङ्ग्य, मनोविश्लेषण, यौन मनोविश्लेषण, प्रतीकात्मक एवम साङ्केतिक प्रभाव लीला लेखन एवम् विनिर्माण, प्रयोगात्मकता, भाषिक सरलता र शुद्धता, झर्रो नेपाली र संस्कृतनिष्ठ भाषाको प्रयोग आदि विशेषताहरू रहेका छन् ।

निबन्धकार व्यक्तित्व :- संस्मरणको रूपमा शर्माको पहिलो रचना वि.सं. २०५२ सालको कार्तिक महिनाको मधुपर्कमा परम्पराको झण्डामुनि बाँच्नुको पीडा भन्ने शीर्षकमा प्रकाशित भएको देखिन्छ । यसैगरी नेपाल सगरमाथा जस्तै बनोस् (वि.सं. २०६४ जेष्ठको

गरिमा), माउन्ट एभरेष्टदेखि शान्ताक्रुजसम्म (वि.सं. २०६२ गरिमा) आदि संस्मरणहरू प्रकाशित छन् भने निबन्धको रूपमा हाम्रो देश हाम्रा अतिथि भन्ने निबन्ध नेपाल भ्रमण वर्ष सन् १९९८ सचिवालयले नेपालका उत्कृष्ट दश निबन्ध मध्ये छानेर प्रकाशित गरेको छ । यौन शिक्षा क्षितिजमा देखिएको उपचार शीर्षकको निबन्ध वि.सं. २०५१ को माघ महिनामा विश्वामित्र पत्रिकामा प्रकाशित छ ।

उनका संस्मरणहरूमा भाषिक काव्यात्मकता सरलता एवम् स्पष्टता, अन्तर्राष्ट्रिय वर्णन, राष्ट्रियताको प्रवलता, आत्मपरकता, सूचनात्मकता आदि विशेषताहरू छन् । उनका संस्मरणहरू मध्ये एउटा कृतिको सङ्क्षिप्त उल्लेख यहाँ गरिन्छ । नेपाल सगरमाथा जस्तै बनोस लेखकले यस रचनामा आफ्नो फिलिपिन्स बसाइका क्रममा सहभागिता जनाइएको हरेक १० वर्षमा हुने एउटा राष्ट्रिय प्राध्यापकको वर्णन गरेका छन् । त्यस सम्मेलनमा जाँदा गरिएको पहाडी यात्रा, आफ्नै शोध निर्देशक गुरूसँगको सम्बन्ध, फिलिपिन्सको उखरमाउलो गर्मी, त्यहाँका महिलाहरूको प्रतिष्ठित शैक्षिक अवस्था आदिको रोमाञ्चक वर्णन गरिएको छ । सगरमाथा र बुद्धलाई बाहेक अरू कुनै नेपालीलाई नचिन्ने फिलिपिनोहरूसँग लेखकले नेपाललाई चिनाउन ठूलै कसरत गरेका छन् । नेपालको नक्सा भित्तामा टाँसेर नेपालको परिचय दिने बेलामा लेखकले राष्ट्रवादी भावना गरिएको उल्लेख गर्दै आफ्नो संस्मरणमा यसरी लेख्छन् :

"... ... यस्तो बेलामा मेरो छातीभित्र राष्ट्र भरिएर आउँछ, मभित्र गण्डकी, कोसी र कर्णालीको मधु सङ्गीत घन्किन थाल्छ । सगरमाथा मेरो ढाकाटोपी बनेर टप्प शिरमाथि बस्न आउँछ । गालाहरूमा लाजले अलिकति लालीगुराँस चढ्छ । आँखाहरू बुद्धको दर्शन गर्छन् । अनि मेरो व्यक्तित्व नेपालको व्यक्तित्व बन्न पुग्छ । मेरो स्वत्व लोप हुन्छ । घटाकाश गएर महाकाशमा मिलेझैं मेरो व्यक्तित्वको सीमा अतिक्रमित हुन्छ र म नेपालको समष्टि अस्तित्वमा एकीकृत हुन पुग्छु ।"

भूमिका लेखन व्यक्तित्व :- भूमिका लेखक व्यक्तित्वको रूपमा शर्माको सङ्ख्यात्मक व्याप्ति सानो भए पनि गहकिलो देखिन्छ । साहित्यकार नारायण चालिसेको उत्तर आधुनिक शैलीको निबन्ध सङ्ग्रह समय, गुरू द्रोणाचार्य (वि.सं. २०६२) भन्ने पुस्तकमा शर्माले टाउको दुईः कुरूक्षेत्र शीर्षकको भूमिका लेखेका छन् । त्यसमा यस कृतिको लेखाइ कस्तो खालको हो भन्ने कुरा उनले छिनोफानो नै गरिदिएका छन् । के-कति कारणले उक्त पुस्तक

लीलालेखनसँग नजिक छ र के कति कारणले छैन भन्ने कुरा उनले १, २, ३, ४ भनेर तोकिदिएका छन् । यो पढ्दा लेखक शर्मा, लेखकलाई हेरेर कृतिलाई हेरेर बिनासङ्कोच सटिक भूमिका लेख्छन् भन्ने बुझिन्छ ।

पोखेली साहित्यकार हेमराज पहारी उत्तरी गोलार्द्धको एक फन्को (वि.सं. २०६३) शीर्षकको लगभग ४०० पृष्ठको विशाल (यात्रा संस्मरण ग्रन्थ) माथि शर्माले लामै भूमिका लेखेका छन् । उत्तरी गोलार्द्धको एक फन्को विचरण शीर्षक दिइएको उक्त भूमिकामा शर्माले नेपालमा यात्रा साहित्यको ऐतिहासिक पृष्ठभूमि देखाउँदै त्यसमा प्रस्तुत ग्रन्थको ऐतिहासिक, साहित्यिक, भौगोलिक, साँस्कृतिक र भाषिक मूल्य ठम्याउने चेष्टा गरेका छन् ।

शर्माले कथा कृतिमाथि लेखिएको भूमिका पनि देख्न पाइन्छ । कथाकार विनोद साधके लेखेको अनुभूति कथा सङ्ग्रह (वि.सं. २०६७ माघ) माथि उनले चार पृष्ठको भूमिका लेखेका छन् । यी चार पृष्ठमा कथाकार साधकका १८ वटै कथाहरूको साहित्यिक र सामाजिक मूल्यको छिनोफानो उनले गरिदिएका छन् ।

परिचयात्मकता, ऐतिहासिक पृष्ठभूमि विश्लेषण र निष्कर्ष दिनु शर्माका भूमिका लेखनका विशेषताहरू हुन् ।

समीक्षा एवम् टिप्पणीकार व्यक्तित्व :- वि.सं. २०५५ सालको भदौदेखि कात्तिकमा प्रकाशित अनुभूति पत्रिकामा कवि शिव कायूको जिन्दगी बिक्रीमा छ भन्ने कविता सङ्ग्रहमाथि शर्माले समीक्षात्मक टिप्पणी गरेको पाइन्छ । कृति समीक्षात्मक टिप्पणी गरेको पाइन्छ । कृति समीक्षामा तन्नेरी संवेदनाहरू शीर्षक दिइएको उक्त कृति समीक्षामा शर्माले शिव कोयूको उक्त सङ्ग्रहमा परेका कविताहरू सुन्दर भएको र हरिभक्त कटुवालको यो जीन्दगी खै के जिन्दगी भन्ने कविताबाट प्रभावित भएको कुरा उल्लेख गरेका छन् ।

वि.सं २०६७ मा प्रकाशित हेमराज पहारी स्मृति ग्रन्थमा शर्माले मेरा एउटै अङ्कल भन्ने शीर्षक राखेर साहित्यकार पहारीको व्यक्तित्व र कृतित्वको समीक्षा गरेका छन् ।

साहित्यिक सभा समारोहहरूमा पनि लिखित वा मौखिक रूपमा टिप्पणी गर्न शर्मा खप्पिस मानिन्छन् । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान भाषा साहित्य विभागद्वारा वि.सं. २०६३ साल पुस ६ गते आयोजित विचार गोष्ठीमा संजीव उप्रेतीले प्रस्तुत गरेको लीलालेखनः

सिद्धान्त र प्रयोग विषयक गोष्ठी पत्रमाथि उनले लिखित टिप्पणी गर्दै उप्रेतीको कार्य पत्र ज्यादा पश्चिममुखी भएको आलोचना गरेका छन् ।

नाटककार एवम् एकाङ्कीकार व्यक्तित्व : मधुपर्क २०५३ सालको भदौ अङ्मा एउटा महत्वपूर्ण दृश्य शीर्षकको एकाङ्की प्रकाशित गर्नुभन्दा अगाडि पनि अप्रकाशित नाटक लेखन र मञ्चन गरेका प्रशस्त अनुभवहरू शर्मासँग छन् । क्रमशः नाटक वा एकाङ्कीहरू प्रकाशित हुँदै गएका छन् । तीमध्ये मन्त्रीको धोती (मधुपर्क २०५४ भदौ), भाँडो (मधुपर्क २०५७ चैत्र), दुर्गन्ध (गरिमा २०५६ भदौ), तीर्थयात्रा (मधुपर्क २०६६ वैशाख), महाभोज (यलम्बर २०५७ जेठ), युगप्रकोप (गोरखापत्र), बजारे (गोरखापत्र २०५९ साउन), रूपलीला (बनिता २०६२ भाद्र-कार्तिक) आदि महत्वपूर्ण छन् । प्रयोगात्मकता सरलता मञ्चनीय, सङ्क्षिप्तता, सामाजिक राजनैतिक व्यङ्ग्य, मनोविश्लेषण आदि उनका नाटक रचनाका विशेषताहरू हुन् ।

### २.२.४ साहित्येतर व्यक्तित्व

शर्मा बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । उनले साहित्यकासाथै साहित्येतर कार्यमा पनि महत्वपूर्ण योगदान दिएका छन् । उनको साहित्यिक व्यक्तित्वभित्र विभिन्न पक्षहरू भए जस्तै साहित्येत्तर व्यक्तित्वका पनि विभिन्न पाटाहरू छन् । ती यस प्रकारका छन् :

शिक्षक व्यक्तित्व :- शर्मा आफू विद्यार्थी अवस्थामा गुरूहरूले रमाइलोसँग पढाएको, गुरूहरूको आफूप्रतिको स्नेह र आफ्नो पनि गुरूहरूप्रतिको आदर भावका कारण त्यतिबेलै आफू पनि गुरू बनेर सम्मानित बन्ने र आफूले जानेका कुराहरू विद्यार्थीहरूलाई सिकाउने इच्छा उनमा भएकै कारणले गर्दा नै उन्नाइस वर्षको उमेरमा वि.सं. २०३७ साल चैत्र १७ गतेदेखि सरस्वती नि.मा.वि. दुल्लु जैदीमा विज्ञान तथा गणित विषयको शिक्षक बनेका शर्मा आजसम्म विभिन्न विद्यालय र महाविद्यालयहरूमा शिक्षक पेशालाई नै निरन्तरता दिँदै आइरहेका छन् । अध्ययन र अध्यापनलाई सँगसँगै लगेर शिक्षण पेशालाई नै अँगालेका शर्मा शिक्षक पेशाजस्तो पवित्र पेशा कुनै नभएको भन्दछन् । विद्यार्थीलाई पढाउने बेलामा विद्यार्थी नै मुग्ध हुने उनका स्वर, मिठो भाषा बोल्ने विद्यार्थीहरूलाई माया ममता गर्ने गालीगलौज सम्म गर्न नपर्ने उनका कक्षा निकै रोचक हुन्छ ।

उनको शिक्षक व्यक्तित्व गर्ने सन्दर्भमा निम्न संस्थाहरूमा उनको योगदान रहेको छ ।

- सरस्वती नि.मा.वि., धुल्लु जैदी (वि.सं. २०३७-२०४०)
- नवजीवन विद्याश्रम, जुटपानी सर्लाही (वि.सं. २०४०-२०४३)
- सहिद स्मारक उ.मा.वि., ज्ञानेश्वर काठमाडौं (वि.सं. २०४४-२०४५)
- एभरेष्ट आ.मा.वि., ललितपुर (वि.सं. २०५०- २०५४)
- नमुना मच्छिन्द्र मा.वि., ललितपुर (वि.सं. २०४६ देखि हालसम्म)
- नमुना मच्छिन्द्र क्याम्पस, ललितपुर (वि.सं. २०४६ देखि हालसम्म) (२०६५ देखि स.क्याम्पस प्रमुख, २०७२/०७३ देखि क्याम्पस प्रमुख)

२०३७ सालमा स्थापित नमुना मच्छिन्द्र क्याम्पसमा २०६५ सालसम्ममा जम्मा ३०० जना विद्यार्थी भई घाटामा गएको क्याम्पसलाई सम्पूर्ण रूपमा पुनर्संरचना गरी ११०० जना विद्यार्थी पुऱ्याइ शुल्क नबढाइकन हाल लगभग ३ करोड रूपैँयासम्म क्याम्पसको खातामा संचय गर्न सफल । यी सबै कार्य गर्न नेतृत्व तहमा रही महत्वपूर्ण योगदान दिनबन्धु शर्माको रहेको छ ।

मनोविज्ञ व्यक्तित्व :- शर्मा एक मनोविज्ञ पनि हुन् । उनले मानिसका मनभित्र गुम्सिएर रहेका यौनमनोविज्ञानलाई आफ्ना साहित्यिक रचनाहरूमा प्रस्तुत गरेको पाइन्छ । उनले लेखेका कथाहरूमा मनोविज्ञानको प्रभाव रहेको देखिन्छ ।

वहुभाषी व्यक्तित्व :- शर्मा जसरी धेरै कार्य गरेर बहुमुखी प्रतिभाका धनी बने त्यसैगरी उनी धेरै भाषाका ज्ञाता बनेर बहुभाषी व्यक्तित्व बन्न पनि सफल छन् । उनी नेपाली बाहेक अङ्ग्रेजी, हिन्दी, उर्दू, जापानी एवम् फिलिपिनी भाषा बोल्न र लेख्न सक्छन् ।

प्रशासक व्यक्तित्व :- शर्मा सन् २००३ भर्जेन मिलाग्रोसा विश्वविद्यालय फिलिपिन्सबाट विजिनेस एड्मिनिष्ट्रेसनमा पन्चानब्बे प्रतिशत अङ्क सहित पी.एच.डी. उपाधि प्राप्त गरी नेपाल फर्केपछि ललितपुरको लगनखेलमा अवस्थित नमुना मच्छिन्द्र क्याम्पसमा क्याम्पस प्रमुखको रूपमा कार्यरत छन् । उनले आफ्नो प्रशासन सम्बन्धी कुशलता प्रखर रूपमा देखाएका छन् । नेपालका निजी विद्यालयहरूको नेतृत्व शैली विषयमा पी.एच.डी. शोधग्रन्ध तयार गरेका उनले यस क्याम्पसमा आफ्नो सर्वस्वीकार्य र कुशल नेतृत्व स्थापित गरेका छन् ।

प्रशिक्षक व्यक्तित्व :- शर्माले आफ्नो जीवनकालको विभिन्न समयमा विभिन्न तालिमहरू प्राप्त गरेका छन् । ती प्राप्त गरेका तालिमहरूलाई समय मिलाई आफ्ना विद्यार्थीहरूलाई सो तालिमको प्रशिक्षण पनि दिने गरेको पाइन्छ । जस्तै : (क) विद्यालयमा लागुऔषध र रोकथाम, (ख) मानवअधिकार तालिम, (ग) स्वास्थ्य-जनसङ्ख्या र वातावरण सम्बन्धी तालिम र (घ) भाषा शिक्षण सम्बन्धी तालिम आदि ।

समाजसेवक व्यक्तित्व :- नेपाली साहित्य, नेपाली कला तथा शिक्षण क्षेत्रमा उनको कार्यलाई महान् सम्झिनु पर्दछ । यो उनले गरेको ठूलो सेवा पनि हो । यीबाहेक अन्य सामाजिक क्षेत्रमा पनि सेवा पुऱ्याउँदै आएका छन् जस्तै : (क) अध्यक्ष, महिला तथा बाल-बालिका कल्याण केन्द्र, (ख) सल्लाहकार, चामुण्डा उच्च मा.वि. जोरपाटी, (ग) स्रोतव्यक्ति, बूढानीलकण्ठ उ.मा.वि./क्याम्पस आदि ।

## २.३ दीनबन्धु शर्माको साहित्य लेखनयात्रा र चरणहरु

कुनै पनि साहित्यकारले आफ्नो रचना तयार गरेपछि त्यसलाई सधैँ वा चिरकालसम्म रहिरहोस् भन्ने चाहना राखेको हुन्छ । त्यसैकारण कुनै पनि रचनाको पाण्डुलिपिलाई पुस्तकाकार रूप दिन चाहान्छन् । यसरी तयार गरिएको पुस्तकाकार कृतिहरू विभिन्न प्रयोजनार्थ पनि तयार गरिएको हुन्छ । कसैले यो धेरै समससम्म रहोस् भन्ने चाहेका हुन्छन् त कसैले व्यापारिक दृष्टिकोणले त्यसलाई बिक्री गरी अर्थोपार्जन हुन्छ भन्ने उद्देश्य लिएका हुन्छन् त कसैले आफूलाई सबैले चिनुन् भन्ने हुन्छ । त्यस्तै कसैले आफ्नो सौख पूरा गर्न पनि पुस्तकाकार कृति निर्माण गरेका हुन्छन् । तर जे उद्देश्य भए तापनि त्यसले भाषा र साहित्यको विकासमा ठूलो भूमिका निभाएको हुन्छ ।

यस अध्यायमा दीनबन्धु शर्माका कथासङ्ग्रह र फुटकर समालोचनात्मक कृतिहरूको अध्ययन विश्लेषण गरिएको छ ।

### २.३.१ नेपाली साहित्यमा दीनबन्धु शर्माको आगमन, लेखन यात्रा तथा प्रेरणा र प्रभाव

शर्माका बुबा हरिदत्त तथा आमा मतीश्वरी शर्मा चालिसे दुवै शिक्षित परिवारका थिए । उनका पिता पनि सात्यिकार भएकाले उनले थुप्रै कविताहरू लेखेका र ती अप्रकाशित कविता उनको दैनिकीसँग सम्बन्धित भएको जानकारी पाइन्छ । उनकी आमा पनि लयमा कविता वाचन गर्ने, रामायण, महाभारत, स्वस्थानीका कथाहरू वाचन गर्ने गर्थिन् । यसरी

उनका माता-पिता, दाजुहरूबाट उनमा साहित्यिक प्रभाव परेको पाइन्छ । उनी आफू पनि सानै उमेरदेखि साहित्यिक रचनाहरू पढ्ने गर्थे । विशेष गरी विश्वेश्वरपसाद कोइराला, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, प्रवासी इन्द्रबहादुर राई तथा विदेशी एण्टोन चेखव (रूस), मोपासा (फ्रान्स) आदिका साहित्य विशेष रूचाउने शर्माले वाल्यकाल देखि नै कविता लेख्न थालेको पाइन्छ । गाउँमा हुँदा वा बस्दा विभिन्न नाटक, एकाङ्कीहरू लेख्ने तथा मञ्चन गर्ने तथा त्यसमा महिला स्वर निकाली महिलाको भूमिका समेत निभाउने उनको नेपाली साहित्य वा कला क्षेत्रमा महत्वपूर्ण स्थान रहेको पाइन्छ । बाल्यकालदेखि नै कविता वा नाटक, एकाङ्की लेखे तापनि औपचारिक रूपमा भने वि.सं. २०५०/२०५१ सालको गरिमा पत्रिकामा सहर कथा प्रकाशन गरी साहित्य यात्रा आरम्भ गरेका हुन् । उनलाई लेखनकार्यमा प्रेरणा दिने थुप्रै व्यक्तित्वहरू थिए ।

### २.३.२ लेखन आरम्भ र प्रकाशनको थालनी

शर्माले धेरै नेपाली तथा विश्व साहित्य क्षेत्रका साहित्यकारहरूका तथा आफ्नै मातापिता, दाजुहरूको प्रेरणा र प्रभावबाट साहित्य लेखन आरम्भ गरेका भए पनि उनको रचनाहरूको प्रकाशन थालनी वि.सं. २०५१ मा गरिमा पत्रिकाबाट भयो । उनले विविध विधामा कलम चलाए कथा, कविता, उपन्यास, निबन्ध, सस्मरण, नाटक/एकाङ्की, भूमिका लेखन, समीक्षा एवम् टिप्पणी, समालोचना तयार पारे त्यसको फुटकर लगायत पुस्तकाकार रूप पनि छन् भने केही प्रकाशोन्मुख अवस्थामा रहेका छन् । उनका फुटकर कृतिहरू मुधपर्क, गरिमा, समकालीन साहित्य, मिर्मिरे, अभिव्यक्ति, समष्टि, दायित्व आदि स्वदेशी पत्र-पत्रिकाहरूमा र त्यसै गरी भर्जेनियन (फिलिपिन्स), सगरमाथा (जापान), यलम्बर (हङ्कङ्), बिन्दु (आसाम) लगायत विदेशी पत्र-पत्रिकाहरूमा प्रकाशित छन् । उनका सिर्जनात्मक साहित्यिक पुस्तकाकार कृति, ***'सपना र खण्डहरहरू'*** कथा सङ्ग्रह***, 'निबन्धको फुलबारी'*** निबन्ध सङ्ग्रह २०६९ ***, 'भत्किँदै किल्लाहरु'*** कथा सङ्ग्रह-२०७२ र विभिन्न पत्रपत्रिकामा छरिएर रहेका अनगिन्ती कथाहरू, संस्मरण आदि रहेका छन् भने उनका दुई **उपन्यास** पञ्जा र अभिमन्यू प्रकाशोन्मुख छन् ।

### २.३.३ दीनबन्धु शर्माका प्रकाशित रचनाहरु

**१.मधुपर्क मासिक पत्रिकामा प्रकाशित रचनाहरु :**

| क्र.सं. | विधा | विषय (कृतिको नाम) | प्रकाशित वर्ष वि.सं. | महिना | पृष्ठ/ अङ्क |
|---|---|---|---|---|---|
| १ | कथा | मोहभङ्ग | २०५१ | माघ | ३०८ |
| २ | कथा | धन्नै सहिद भएनछु | २०५५ | साउन | ३४९ |
| ३ | लघु कथा | स्याल-हुइयाँ | २०५६ | भाद्र | ३६२ |
| ४ | कथा | अँध्यारो | २०५६ | माघ | ३६६ |
| ५ | कथा | अन्तिम युद्ध | २०५९ | कार्तिक | ४०१ |
| ६ | कथा | युगको आकार | २०६२ | मंसिर | ४३८ |
| ७ | कथा | कथा सकियो ? | २०६४ | बैशाख | ४५५ |
| ८ | कथा | उर्मिला | २०६५ | जेठ | ४६८ |
| ९ | कथा | तमा | २०६६ | चैत्र | ४९० |
| १० | नाटक/एकाङ्की | एउटा महत्वपूर्ण दृश्य | २०५३ | भाद्र | ३२७ |
| ११ | नाटक/एकाङ्की | मन्त्रीको धोती | २०५४ | भाद्र | ३३९ |
| १२ | नाटक/एकाङ्की | भाँडो | २०५७ | चैत्र | ३८० |
| १३ | नाटक/एकाङ्की | तीर्थयात्रा | २०६६ | वैशाख | ४७९ |
| १४ | संस्मरण | परम्पराको झण्डामुनी बाँच्नुको पीडा | २०५२ | कात्तिक | ३१७ |
| १५ | कथा | नगरबधू | २०५९ | जेठ | |

**२. गरिमा पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कथा | सहर | २०५१ | असोज | १४२ |
| २ | कथा | फेरि उनको याद आएको छ | २०५२ | बैशाख | १४९ |
| ३ | लघु कथा | दोबाटो | २०५३ | जेठ | १६१ |
| ४ | कथा | ज्वालामुखी | २०५४ | जेठ | १७४ |
| ५ | कथा | अनावरण | २०५४ | चैत्र | १८४ |
| ६ | कथा | चील | २०५५ | फागुन | १९५ |
| ७ | कथा | आकाशका रङ्गहरू | २०६० | भदौ | २४७ |
| ८ | कथा | भत्किँदै किल्लाहरू | २०६४ | फागुन | ३१५ |
| ९ | कथा | रामलीला | २०६६ | चैत्र | ३२८ |
| १० | नाटक | दुर्गन्ध | २०५६ | भाद्र | २०१ |
| ११ | संस्मरण | नेपाल सगरमाथाजस्तै बनोस् | २०६४ | जेठ | २९४ |
| १२ | संस्मरण | माउण्ट एभरेष्टदेखि शान्ताक्रुज सम्म | २०६२ | कात्तिक | २७४ |

### ३. मिर्मिरे पत्रिकामा प्रकाशित रचनाहरू :

| क.सं. | विधा | विषय (कृतिको नाम) | प्रकाशित वर्ष वि.सं. | महिना | पृष्ठ/ अङ्क |
|---|---|---|---|---|---|
| १ | कथा | गाउँमा | २०५२ | असार | ११८ |
| २ | कथा | आमालाई चिठी | २०५२ | फागुन | १२६ |
| ३ | कथा | बागमती (असार-भदौ अङ्क) | २०५३ | असार | ५१ |
| ४ | कथा | आरूबोटे दाई | २०५३ | आश्विन | १३३ |
| ५ | कथा | आगलागी | २०५४ | साउन | १४३ |
| ६ | कथा | जादुको छडी (असोज-कात्तिक अङ्क) | २०५४ | असोज | ५५ |
| ७ | कथा | जने बौलाहा (भदौ-मंसिर अङ्क) | २०५५ | भाद्र | ५८ |
| ८ | कथा | बादलमुनिको बस्ती | २०५५ | पुस | १६० |
| ९ | कथा | चिसा पहाडहरू | २०५६ | असार | १६६ |
| १० | कथा | धन्नैले सहिद भएनछु (उत्कृष्ट रचना २०५५) (भदौ-मंसिर अङ्क) | २०५६ | भदौ | ६१ |
| ११ | कथा | आइए ना | २०५६ | माघ | १७३ |
| १२ | कथा | खल्तीमा साँप | २०५७ | कात्तिक | १८२ |
| १३ | कथा | अनिद्रा | २०५९ | चैत्र | २११ |
| १५ | कथा | प्रेमपीडा (पुस-फागुन अङ्क) | २०६२ | पुस | ७४ |
| १६ | कथा | फट्याङ्ग्राको मृत्यु | २०६५ | वैशाख | २६० |
| १७ | कथा | म, उनी र बूढो सुब्बा | | | १९४ |
| १८ | कथा | एलेनको गर्भ र मेरो पीडा | २०५४ | माघ | २८१ |

### ४. बिन्दु पत्रिका (आसाम, भारत) मा प्रकाशित रचनाहरू :

| | | | | |
|---|---|---|---|---|
| १ | कथा | त्यो घरमा किचकन्नी आउँछ रे | १९९७ | असार |

### ५. दोभान पत्रिकामा प्रकाशित रचनाहरू :

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कविता | विप्रलम्भ | २०५८ | वैशाख-असार | २/१ |

### ६. समष्टि पत्रिकामा प्रकाशित रचनाहरू :

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कथा | कट्टु | २०५४ | मंसिर-पुस | १८/३ |
| २ | कथा | अरिङ्गाल | २०५५ | माघ-फगुन | १० |
| ३ | कथा | सपना | २०५७ | साउन-भाद्र | ३० |
| ४ | कथा | झात्रा | २०५८ | जेठ-असार | १९ |
| ५ | कथा | एल्बमको एउटा चित्र मिलिन्दा | २०५९ | जेठ-असार | १९ |
| ६ | कथा | अन्जलिनाको उपहार | २०६० | साउन-भाद्र | ३७ |
| ७ | कथा | शूर्पणखा | २०६४/६५ | चेत्र-असार | ६२ |

**७. सगर पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कथा | माछो-माछो भ्यागुतो | २०५५ | वैशाख-असार | ९ |
| २ | कथा | सहरमा मात्र एउटा रोमाञ्चक रात | २०५७ | साउन-असोज | १७ |
| ३ | कथा | भिखारीको गाउँ | २०५८ | कात्तिक-पुस | २० |

**८. तन्नेरी पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | | |
|---|---|---|---|---|
| १ | कथा | नेपथ्य | पुस-फागुन | ९/३ |
| २ | कथा | त्यो कुनै बिमारै होइन | वैशाख-असार | १८/९ |

**९. बन्दना पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | | |
|---|---|---|---|---|
| १ | कथा | अन्तरर्घातहरू | असोज-पुष | ४९ |

**१०. मनोभाव (त्रैमासिक) पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कथा | जलपदार झुम्का | २०५४ | असार | ४ |
| २ | कथा | ठूली भाउजू | २०५४ | माघ | |
| ३ | कथा | जीवनको रङ्ग | २०५६ | असार | १७ |
| ४ | कथा | मौरी | २०५७ | असार | २१ |
| ५ | कथा | छायाहरू | २०५७ | असोज | २२ |
| ६ | कथा | कुँडे भरिको पीडा | २०५८ | असोज | २५ |

**११. आँखा पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | | |
|---|---|---|---|---|
| १ | कथा | प्रतिपरीक्षण | | १३ |
| २ | कथा | मोटरबाटो | फागुन-वैशाख | १/३ |

**१२. जापानबाट प्रकाशित रचनाहरू :**

| | | | | |
|---|---|---|---|---|
| १ | कथा | बलात्कृत आस्था | | मुलुकबाहिर पत्रिका, जापान |
| २ | कथा | विवश सहयात्रीहरू | २०५५ | सगरमाथा पत्रिका, जापान |

**१३. गोरखापत्रमा प्रकाशित रचनाहरू :**

| | | | | |
|---|---|---|---|---|
| १ | कथा | कुकुरहरू | २०५४ | जेष्ठ ३२ गते |
| २ | कथा | धुवाँ | २०५५ | साउन ९ गते |
| ३ | कथा | जनता जनार्दन | २०५५ | पुस १९ गते |

| | | | | |
|---|---|---|---|---|
| ४ | कथा | छायाहरू | २०५८ | मंसिर ३० गते |
| ५ | नाटक | बजार | २०५९ | साउन १८ गते |

**१४. दायित्व पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कथा | हिसाव पाएको छैन | २०५४ | वैशाख | २८ |
| २ | कथा | माटाको भतेरको अभिनेता | २०५४ | असोज | २९ |
| ३ | कथा | बोक्सी | २०५६ | पुस-माघ-फागुन | ३६ |
| ४ | कथा | अलिखित रामायण | २०५९ | वैशाख | ४२ |
| ५ | कथा | राज्यक्रान्ति | २०६० | असार | ४६ |
| ६ | कथा | नग्नचित्र | | | |

**१५. अभिव्यक्ति पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कथा | मोडेल गर्लको खोजीमा | २०५३ | वैशाख | ६ |
| २ | कथा | भोको विद्रोह | २०५५ | कात्तिक | ९३ |
| ३ | कथा | सहिद स्मारिका (लघुकथा) शुक्रतारा | २०५६ | | ८ |

**१६. प्रज्ञापन पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कथा | गोमन अवतारहरू | २०६२ | असोज | ३१ |

**१७. विमोचन पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कथा | घामको झुल्को | २०५३ | कात्तिक | १५/८ |
| २ | कथा | कहीँ घाम कहीँ छाया | | | |

**१८. समय पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | | |
|---|---|---|---|---|
| १ | कथा | पहिरो | २०६४ | साउन १० तगे |

**१९. नमुना स्मारिका पत्रिकामा प्रकाशित रचनाहरू :**

| **क्र.सं.** | **विधा** | **विषय (कृतिको नाम)** | **प्रकाशित वर्ष वि.सं.** | **महिना** | **पृष्ठ/ अङ्क** |
|---|---|---|---|---|---|
| १ | कथा | माछापुछ्रे | २०६२ | | |

**२०. श्रीसिद्धि स्मारिका पत्रिकामा प्रकाशित रचनाहरू :**

| **क्र.सं.** | **विधा** | **विषय (कृतिको नाम)** | **प्रकाशित वर्ष वि.सं.** | **महिना** | **पृष्ठ/ अङ्क** |
|---|---|---|---|---|---|
| १ | कथा | हरिलाल | २०५७ | | |

**२१. सलम्बर पत्रिका (हङकङ) मा प्रकाशित रचनाहरू :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | नाटक | महाभोज | २०५७ | जेठ | १ |

**२२. मञ्जुल (बागलुङ) पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कथा | जाडो | २०६३ | वैशाख-जेठ | १/३ |

**२३. बनिता पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कथा | रूपलीला | २०६२ | भाद्र-कात्तिक | १५/८ |

**२४. विश्वामित्र पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | निबन्ध | यौन शिक्षा-क्षितिजमा देखिएको उपचार | २०५१ | माघ १ गते | १/१२ |
| २ | कथा | बागी उमेरवार | २०५१ | चैत्र (१-१५) | १/१६ |
| ३ | कथा | ज्वार भाटा | २०५२ | जेठ १ गते | १/२० |
| ४ | कथा | अप्रत्याशित | २०५२ | साउन १ गते | १/२४ |
| ५ | कथा | सभ्य सहर | २०५३ | | २/१५ |

**२५. नागरिक दैनिक पत्रिकामा प्रकाशित रचनाहरू :**

| | | | |
|---|---|---|---|
| १ | कथा | एउटा अघोरीको सम्झना | २०६८ |

**२६.सर्वोत्तम**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | कथा | पात्रहरुमात्र | २०५५ | २०५५ माघ | २१७ |

**२७. Balon Silew (Philippiness)**

| | | | |
|---|---|---|---|
| १ | कविता | I Love You | २००२ |

## २.४.४ दीनबन्धु शर्माका कथा साहित्यको अध्ययन

नेपाली साहित्यको विविध विधामा कलम चलाउने दीनबन्धुको साहित्य क्षेत्रमा सबैभन्दा मनपर्ने साहित्यिक विधा कथा हो । उनी कथा लेखनमा रमाउने व्यक्ति हुन् । उनले कविता, कथा, नाटकएकाङ्की, निबन्ध, संस्मरण, भूमिका लेखन, समीक्षा एवम् टिप्पणी उपान्यास आदि विधामा कलम चलाएर नेपाल साहित्यको सेवा गरेका छन् । उनले कविता, नाटक/एकाङ्की, निबन्ध, संस्मरण, भूमिका लेखन, समीक्षा एवम् टिप्पणी, उपन्यास आदि विधामा कलम चलाएर नेपाली साहित्यको सेवा गरेका छन् । अतः यहाँ उनको कथाको

अध्ययन गर्नु पूर्व कथाको सामान्य चिनारी (काल विभाजन) र परम्परा केलाउने प्रयास गरिएको छ ।

## २.३.५ दीनबन्धु शर्माको लेखन यात्राको चरण विभाजन

शर्मा साहित्यकार मात्र नभइ एक कुशल शिक्षक पनि हुन् । त्यसैले उनको शिक्षण पेशा र साहित्य यात्रा प्रायः सँगसँगै अगाडि बढेको पाइन्छ । दुवै क्षेत्रलाई समय थुप्रै चाहिन्छ । यी बाहेक उनको पारिवारिक पृष्ठभूमि सबै हेर्दा उनले साहित्यमा त्यति धेरै निरन्तरता दिन सकेको पाइन्न । उनको लेखन यात्रालाई लिँदा उनको लगभग डेढ दशक लामो यात्र देखिन्छ ।

(क) प्रथम चरण लेखनदेखि फुटकर प्रकाशन नहुँदा सम्मको अवस्था

(ख) द्वितीय चरण फुटकर प्रकाशित हुन थालेको अवस्था

(ग) तृतीय चरण तेस्रो चरण पुस्तकाकार कृति प्रकाशन हुन थालेको अवस्था

**(क) प्रथम चरण (वि.सं. २०२८ देखि २०५०) (लेखन काल मात्र)**

मानवलाई जब अनौठो पाराले सुख, दुःख, हर्ष विस्मात् हुन्छ, त्यस्तै प्राकृतिक दृष्यहरूले प्रभावित पार्न थाल्छ तब कुशल सर्जकले आफ्नो मनोभावनालाई मूर्त रूप दिन्छ । त्यसैगरी साहित्यिक वातावरणमा हुर्केका शर्मा विद्यार्थीकाल देखि नै फुटकर कविता कथा लेख्ने गर्थे र आफ्ना पिता तथा दाजुहरूलाई खुसी भएर सुनाउँथे । गोरखपुर विश्वविद्यालयमा बि.ए. पढ्दा उनलाई हिन्दी, उदू मिश्रित कविता लेख्ने सोख लागेको थियो । त्यतिखेर लेखिएको एउटी बिरहिणीले आफ्नो परदेशी लोग्नेलाई सम्झेर लेखिएको कविता अंश यस्तो छ :

'जानेमन मैं जुल्म जोभी सह गयी
या जहरका घुंट पीकर रह गयी
जाडोँका मौसम जीमे आया जलजला
जागकर जागीर मे हुं ये जहन्नुमकी जश्नपर' (लेखकसंगको कुराकानीबाट)

यस कवितामा प्रयुक्त भाव र अनुप्रास अलङ्कारको प्रयोग वास्तवमै सह्रानीय र उच्चकोटिको छ ।

आफ्नी आमाको देहावशान (२०४४ साल) ले विचलित भएका उनले आमाको वियोगमा लेखेको शास्त्रीय छन्दको कविताले पनि उनलाई कवित्व प्रतिभा भएको व्यक्तिको रूपमा स्थापित गर्दछ :

'झादी चौर मल्याङ्दिफांट र मदीखोलो र रानीवन
उड्ने हुर्र चरी भई सब कथा भन्नै नपाइकन
खोस्यो निष्ठुर दैवले हृदयमा राखें शिला के गरूँ
मुलै सुक्न गए पनि रहिरह्यो यो जिन्दगीको तरूँ (लेखकमार्फत)

पछि २०४४/२०४५ तिर काठमाण्डौंबाट गाउँ फर्कदा नाटकहरू लेखर मञ्चन गर्ने तथा नाटकमा अभिनय समेत गर्दथे । गाउँमा खेलाउने नाटकहरू ईश्वर भक्ति, पितृ शक्ति तथा प्रेमका भावनाले ओतप्रोत भएका हुन्थे । ती रचना भने प्रकाशित भएका छैनन् ।

**(ख) द्वितीय चरण (२०५१ देखि २०५५)( प्रकाशनकाल)**

प्रकाशित रचनाको कुरा गर्दा शर्मा वि.सं. २०५१ देखि नेपाली साहित्यको कथा विधामा प्रवेश गरेका हुन् । उनले कथाबाहेक साहित्यका अन्य विधाहरू जस्तै एकाङ्की नाटक, निबन्ध, उपन्यास, भूमिका, समीक्षा, संस्मरण तथा कविता आदिमा कलम चलाएका छन् । विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना साहित्यिक रचनाहरू प्रकाशित गराएर यस चरणमा उनी निकै सफल देखिन्छन् । मोहभङ्ग (मधुपार्क, माघ २०५१) कथाबाट साहित्य यात्रा शुरू गरे तापनि शर्माले प्रकाशनका दृष्टिले (वि.सं. २०५१) साल असोज महिनाको गरिमा अङ्क १४२ मा आफ्नो सहर कथा प्रकाशित गराएर प्रवेश गरेका हुन् । उनले विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका कथाहरू मध्ये बीस वटा कथाहरूलाई एउटै कथा सङ्ग्रहमा सपना र खण्डहरहरूमा वि.सं. २०५५ सङ्कलित गरी प्रकाशित गरे ।

शर्माको सपना र खण्डहरहरू कथा सङ्ग्रहमा सङ्ग्रहित कथा शुद्ध भाषा, कलात्मक अभिव्यक्ति, रहस्यलाई गुम्फन गर्ने र अप्रत्यासित अन्त्य गर्ने रोमाञ्चक शैलीको सिंगारिएका छन् । शर्माका अधिकांश कथा सामाजिक, राजनैतिक, पारिवारिक र दाम्पत्य रतिरागका, यौनतत्वले पार्ने प्रभाव र भूमिका तथा सामाजिक र राजनैतिक स्तरमा देखिने विसङ्गति र विरोधाभाषको संकेत गर्नतिर ज्यादा केन्द्रित देखिन्छन् । सामाजिक र राजनैतिक स्तरका

कथामा व्यङ्ग्य र विसङ्गतिको तिखो प्रहार गर्न जम्जमाएको भेटिन्छ । यस कथासङ्ग्रहमा जम्मा दुईवटा कथाहरू लीला लेखनमा आवद्ध रहेका छन् । यी कथाहरू सालाखाला चार वर्षका उपज हुन् । त्यसैले पनि यी कथालाई दीनबन्धुका प्रारम्भिक तहकै कथाका श्रेणीमा लिनुपर्ने हुन्छ । यद्यपी परिपक्वताका आभ्यासिक रचनाभित्र यी कथा  पर्दैनन् । संख्यात्मक दोस्रो चरण नै शर्माको अत्यन्त उर्वर समय हो भन्न सकिन्छ ।

दीनबन्धु शर्माका यस चरणमा प्रकाशित रचनाहरु :

**(ग) तृतीय चरण (वि.सं. २०५६ देखि हालसम्म)**

शर्माको साहित्य सिर्जनाका क्रममा उनको तृतीय चरणमा संख्यात्मक र गुणात्मक दुवै रूपमा उच्चता नै प्राप्त गरेका छन् । उनको प्रकाशन भै सकेका निबन्ध सङ्ग्रह 'निबन्धको फूलबारी 'वि सं २०६९ र 'भत्किँदै किल्लाहरू' कथा सङ्ग्रह वि सं २०७२ र प्रकाशोन्मूख कथासङ्ग्रह उर्मिला र उपन्यासहरू पञ्जा र अभिमन्यू रहेका छन् । विभिन्न पत्रपत्रिकाहरू जस्तै मधुपर्क, गरिमा, मिर्मिरे, गोरखापत्र दायित्व, नागरिक दैनिक आदिमा उनका लेखहरू प्रकाशित भएका छन् । द्वितीय चरणमा सुरू गरेको लीला लेखनको प्रवृत्तिलाई अवलम्वन गरी कथा लेखनलाई अगाडि बढाउने शर्मालाई आधुनिक र अत्याधुनिक साहित्यकारका रूपमा लिन   सकिन्छ । आधुनिक जीवनका जटिलता विसङ्गति र पीडाहरूलाई उनले विम्ब र प्रतीकहरूको कलात्मक प्रयोगगरी सफल अभिव्यक्ति दिने गर्दछन् । उनलाई यथार्थवादी साहित्यकार र कहिलेकाँही दार्शनिक एवम् विचारकका रूपमा पनि लिन सकिन्छ । लोकतान्त्रिक विचारधारामा विश्वास राख्ने शर्मा एक मनोविज्ञ भएकाले उनका साहित्यमा मनोविज्ञानको प्रभाव राम्रोसँग देख्न सकिन्छ ।

यो संसार जस्तो जे देखिन्छ त्यो लीला मात्र हो भन्ने पूर्वीय दर्शन, जीवन जगतको मिथ्यापनको बोध, बहुकेन्द्रको स्थापना, केन्द्रीयताको विध्वंश, बहुआयामिक आविस्कार, विधाभञ्जन, पिछडिएका वा ओझेलमा पारिएका पात्रहरूको पुनः उपस्थिति, आग्रहरहित कर्मयोगको धारणा आदि लीलालेखन वा उत्तरआधुनिकता तत्वहरूको उपस्थिति शर्माका यस चरणका कथाका उपलब्धि र विशेषताहरू हुन् ।

## २.३.६.निष्कर्ष

वि.सं. २०१८ साल श्रावण १६ गते धवलागिरी अञ्चलको बागलुङ जिल्लाको जैदी गा.वि.स. भित्रको रोहोटेमा पिता हरिदत्त उपाध्याय र माता मतश्वरी देवीका कोखबाट जन्मिएका दीनबन्धु शर्माको बाल्यकाल सुखपूर्वक बितेको देखिन्छ । सामान्य घरायसी काम गरेका शर्मा बालक कालमा चन्चले स्वभावका थिए । त्रिभुवन विश्वविद्यालयबाट राजनीतिकशास्त्र र नेपाली विषयमा स्नातकोत्तर तथा सन् २००३ मा फिलिपिन्सबाट बिजनेस एड्मिनिस्ट्रेसन पि.ए.डी. गरेका शर्माको व्रतबन्ध हिन्दु परम्परा अनुसार १४ वर्षको उमेरमा भएको थियो । उनले आफ्नै पिताबाट मन्त्र श्रवण गरेका थिए । वि.सं. २०४४ साल असार २४ कास्की सल्यानका हाल भरतपुर १२, चितवन र महाराजगञ्ज काठमाडौं घर भएका शालिग्राम पौड्यालकी जेठी छोरी लक्ष्मीसँग धार्मिक विधि अनुसार उनको विवाह भएको थियो । शर्माका उनी समेत चार दाजुभाई र चार दिदीबहिनीहरू छन् । सवल आर्थिक अवस्था भएका शर्माका मातापिता सरल स्वभावका थिए । एक छोरा र दुई छोरीका पिता शर्मा सहृदयी र सहयोगी भावना राख्दछन् । विभिन्न साहित्यकारहरूका कृतिहरू साहित्यहरू) विशेष गरी विश्वेश्वरप्रसाद कोइराला, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, प्रवासीः इन्द्रबहादुर राई तथा विदेशी एन्टोन चेखव (रूस), मोपासा (फ्रान्स), आदिका साहित्य विशेष रूचाउने उनले बाल्यकालदेखि कविता लेखे पनि औपचारिक रूपमा २०५१ सालको गरिमा पत्रिकामा सहर कथा प्रकाशन गरी साहित्यिक यात्रा आरम्भ गरेका हुन् । उनले साहित्य मार्फत् सामाजिक यथार्थ, मनोविश्लेषण र सामाजिक विसङ्गति एवम् (

राजनीतिक विकृतिप्रति तीखो व्यङ्ग्य गरेको पाइन्छ । लेखनका दृष्टिले उनका प्रारम्भिक चरणका रचनाहरूमा सामाजिक यथार्थ, यौनमनोविश्लेषण, राजनीतिक व्यङ्ग्य आदि पाइन्छ भने पछिल्लो चरणमा आएर उनले इन्द्रबहादुर राईको कठपुतलीको मन कथाबाट सुरू भएको लीलालेखनको प्रवृत्तिलाई अगाडि बढाउने काम गरेका छन् । विनिर्माणवाद, दार्शनिकचेत, प्रयोगात्मकता आदिको प्रभाव उनको लेखनमा पाइन्छ । भाषिक सशक्तताले गर्दा उनका रचनाहरू पठनीय बनेका छन् ।

भारत, हङ्कङ्ग, थाइल्याण्ड, जापानको भ्रमण गरेका शर्मा आफ्नै देशको विभिन्न गाउँहरूको पनि बेलाबखत समय मिलाएर भ्रमण गरिरहन्छन् । निरन्तर साहित्य सिर्जना

गरिरहने उनी उत्कृष्ट निबन्ध तथा उत्कृष्ट लघु कथा पुरस्कारबाट सम्मानित भएका छन् । पि.एच.डी उपाधिका निम्ति विद्याभूषण 'क' श्रेणीको वि.सं. २०६७ मा प्राप्त गरेका हुन् ।

शर्मा झण्डै ५७ वर्षे लामो जीवनमा साहित्यको सेवा गर्दै आफ्नो शिक्षा पूरा गर्दै शैक्षिक पेशामा उनले जीवन व्यतीत गरेको पाइन्छ । विभिन्न विद्यालयीय प्रशिक्षक, समाजसेवक, कुशल प्रशासक तथा शिक्षक भएर उनी राष्ट्र सेवकको रूपमा पनि खरो उत्रिएका छन् । यसरी थुप्रै भूमिका निर्वाह गर्दै जीवनलाई अगाडि बढाउने शर्माले जीवनमा दुःख भोग्न नपरे तापनि समाजमा घट्ने दुःखपूर्ण भोगाइलाई उनले राम्रोसँग बुझेका र अध्ययन गरेका छन । त्यसैले उनको साहित्यमा सुख-दुःख, पीर, व्यथा, हाँसो आँसु सबैकुरालाई राम्रोसँग देख्न सकिन्छ । उनको साहित्यमा उत्तर आधुनिकताको रङ्ग, उत्तर संरचनावाद, मनोविज्ञान तथा लीला लेखनको प्रभाव स्पष्ट रूपमा झल्किएको पाइन्छ । लोकतान्त्रिक विचारधारामा विश्वास राख्ने शर्मा एक कुशल मनोविज्ञ भएकाले उनका साहित्यमा मनोविज्ञको प्रभाव पनि राम्रोसँग देख्न सकिन्छ । उनी साहित्यका माध्यमबाट मानव मनका भावनालाई व्यक्त गर्न साह्रै सिपालु देखिन्छन् ।

विद्यालय तथा महाविद्यालयमा पनि एक कुशल प्रशासक, प्रशिक्षक र मनोविज्ञानका रूपमा उनले निकै महत्वपूर्ण भूमिका लेखेका छन् । जीवनको ५७ वर्षे अवधिलाई निकै सहज, सरल र सफल बनाउँदै समयको गति अनुरूप चल्दै जीवनलाई सङ्घर्षपूर्ण बनाउँदै सधैँ सक्रियरूपमा नवीन कार्यमा लागिरहने उनको बानी छ । काम गर्न पछि नहट्ने, सबैलाई राम्रो व्यवहार गर्ने सधैँ अरूलाई सहयोग गर्ने शर्मा विभिन्न देशको भ्रमण गरेका र त्यहाँ बस्दा पनि आफ्नो मातृभूमिप्रति अगाध प्रेम राखेर साहित्य रचना गरेको पाइन्छ ।

# परिच्छेद तीन

# पात्र विधान सम्बन्धी सैद्धान्तिक आधार

## ३. विषय परिचय

कथाका विभिन्न तत्वहरूमध्ये अनिवार्य र महत्वपूर्ण तत्वको रूपमा पात्रलाई लिइन्छ । पात्रबिना आख्यानात्मक कृति रचना गर्न सकिँदैन । त्यसकारण यस परिच्छेदमा पात्रको परिचय गराउँदै पात्र विश्लेषणका आधारहरूको निरूपण गरिएको छ । पात्रको समानार्थी शब्दका रूपमा 'चरित्र' शब्दलाई पनि प्रयोग गरिएको छ ।

## ३.१ चरित्रको व्युत्पत्तिगत अर्थ

कुनै पनि व्यक्ति वा वस्तुको गुण-अवगुण, आचार-विचार, स्वभाव, संस्कार र रूचि जे-जस्तो छ त्यही नै चरित्र हो ।

चरित्रका विभिनन अर्थहरू रहेका छन् चरित्रका सम्बनधमा आफैलेः व्यवहार, चालचलन, अभ्यास, काम, जीवनचरित्र, आत्मकथा, वैत्ताब्त साहसिक कथा, इतिहास, प्रवृत्ति, स्वभाव, कर्तव्य आदि नै चरित्र हो -(आप्टे वामन सन् १९६९, पृ. ३७४) भनेका छन् चरित्र शब्दको निर्माण चर धातुमा 'इत्र' प्रत्यय लागेर बनेको हो । घटना वा वस्तुरचनाको आधार नै कथाका पात्र हुन् । उल्लिखित चरित्रका अंशमध्ये प्रवृत्ति, स्वभाव, व्यवहार, आदत, चालचलन खास अर्थ हुन् । ती शब्दहरूको अर्थ आ-आफ्नो रहेको छ जुन यस प्रकार प्रस्तुत गरिन्छ :

आचरण : स्वभाव, मूल गुण ।
गुण : सत्वृत्ति, राम्रो व्यवहार ।
व्यवहार : कार्य रोजगार, विवाह ।
स्वभाव : मनोवृत्ति, वानी, गुण, प्रवृत्ति आदि । -द्विवेदी सन् १९५५) पृ. ९३ ।

उल्लिखित मानवीय क्रियाकलाप, रहन सहन कुनै प्राणी वा वस्तुको प्राकृतिक गुण विशेषता, आनीवानी मानसिक प्रवृत्ति, जिज्ञासा राम्रो नराम्रो सबै काम कुरा चालचलन, बानीव्यहोरा, अनुशासन, स्वभाव, विशेषता धर्म कुनै वस्तुबाट प्राप्त हुने फाइदा वा लाभ

सीप उसको मनोभावना गुण आदि कुराहरूको परिचालन गर्न र कथालाई पूर्णता प्रदान गर्ने अपरिहार्य तत्व चरित्र हो ।

## ३.२ पात्र/चरित्रको परिचय

कुनै पनि आख्यान विधा सिर्जना हुनका लागि विभिन्न उपकरणहरूको संयोजन हुन्छ । जसरी विभिन्न उपकरणको समायोजन र सहकार्य नभई कुनै सिंगो वस्तुको सिर्जना असम्भव हुन्छ त्यसै गरी आख्यानको पूर्ण विधा निर्माणका लागि कथावस्तु, चरित्र, संवाद दृष्टिविन्दु भाषाशैली, उद्देश्य आदिको समायोजन र सहकार्य हुनुपर्दछ । आख्यान अन्तर्गत कथा विधालाई पूर्णाङ्क बनाउने र अन्य उपकरणलाई परिचालन गर्ने महत्वपूर्ण अङ्ग नै चरित्र चित्रण हो ।

विद्वान कृष्णहरि बराल र नेत्र एटमका अनुसार- चरित्र आख्यानको प्रतिनिधि व्यक्ति हो । आधुनिक आख्यान विधामा चरित्रको महत्व सर्वोपरि मानिन्छ । (२०५८-३०) जे भए पनि कथाको विषय मान्छे र उसको चरित्र नै हो भन्ने कुरामा दुईमत देखिँदैन । कथाका सबै उपकरणहरूलाई परिचालन गर्न सक्ने शक्ति पात्रमा हुनुपर्छ । साहित्यका विविध विधाहरूमध्ये आख्यान साहित्य अन्तर्गतको एक विशिष्ट विधाका रूपमा कथालाई लिने गरिन्छ । आधुनिक कथाको जन्म धेरै पछि आएर भए पनि कथाको इतिहास भने मानव सभ्यताको इतिहास जत्तिकै प्राचीन रहेको छ । मानवले भाषा सिकेर त्यसको आदान-प्रदान गर्न थालेको समयदेखि नै कथा पनि कथन र त्यसलाई सुनाउन सुरू गरिए होला भन्ने अनुमान गर्न सकिन्छ । मानवले कथाका माध्यमबाट आफ्ना तितामिठा अनुभूतिहरूलाई एक आपसमा साटासाट गरेर आनन्द लिने गरेको कुरा सहजै स्वीकार्न सकिन्छ ।

यसरी मानव इतिहासको सभ्यतासँगै अगाडि बढ्दै आएको कथामा पात्रको प्रयोग रहेको पाइन्छ । यसैले कथाको अनिवार्य तत्वका रूपमा पात्रलाई लिन सकिन्छ ।

आख्यानमा पात्रले कुनै न कुनै गुण लिएर आफ्नो चरित्र प्रस्तुत गरेको हुन्छ । यही गुणका आधारमा पात्रलाई छुट्याउन सकिन्छ । सत्गुण-दुर्गुण, सत्पात्र-असत्-पात्र, अनुकूल-प्रतिकुल कुन पात्र कस्तो प्रकारको हो त्यसको आधारमा चिन्ने र चरित्र चित्रण गर्ने गरिन्छ । चरित्रका सम्बन्धमा शर्माले स्पष्ट पार्दै भन्दछन् - कथामा पाइने ती व्यक्तिहरूलाई पात्र वा चरित्र भनिन्छ, जो नैतक र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् । (शर्मा २०५५- पृ ४४२)

चरित्र बिनाको कथा विकलाङ्ग हुन जान्छ । पात्रका क्रियाकलापबाट घटनाको जन्म हुन्छ । राम्रो विचार धारा तथा आन्तरिक विचार वा धारणा व्यक्त गर्ने वा कुनै वस्तुप्रतिको मानसिक दृष्टिकोण राख्ने पात्रहरू र बाह्य वातावरणसँग रमाउने पात्रहरूको कार्यकारण सम्बन्धमा आवद्ध भएको शृङ्खलाद्वारा नै कथानक बनेको हुन्छ । जसमा द्वन्द्व र त्यसबाट उत्पन्न हुने क्रियाको सर्वाधिक महत्व  रहन्छ ।

कथामा पात्र भन्नाले केवल मानिस मात्र बुझिँदैन । मानिसभन्दा इतर वस्तु जस्तै : पशु, पंक्षी जड पदार्थ अमुर्त सत्ता आदि पनि कथामा पात्र हुन सम्दछन् (श्रेष्ठ २०३९: पृ.२२९) स्रष्टाले योजना गरेका विषयभित्रका सम्पूर्ण अवस्थालाई बेहोरिदिने प्रतिनिधि पात्रहरू नै हुन् उनीहरू जुनसुकै स्थिति र अवस्थाका माव-माजवेतर जड, चेतना जुनसुकै तहका पनि हुन सक्छन् । त्यस्ता पात्रहरलाई चरित्र भन्ने गरिन्छ । (सुवेदी, २०५७: पृ ५१)

पात्रलाई शब्दान्तरमा चरित्र भन्ने गरिन्छ । चरित्र मानवीय र मानवेत्तर दुवै खालका हुन्छन् । यस संसारमा रहेका विभिन्न किसिमका स्वभाव भएका र मानिसहरू मात्र नभएर अन्य प्राणीहरू पनि कथामा पात्रका रूपमा आउँछन् । कथामा यस्ता चरित्रहरूका विलशेषतालाई चित्रण गर्ने काम कथाकारले गर्दछ । त्यस्तै अर्का विद्वान मोहनराज शर्माले पात्रबारे स्पष्ट पर्दै भन्दछन् - कथामा पाइने ती व्यक्तिहरूलाई पात्र वा चरित्र भनिन्छ, जो नैतिक र अभिवृत्तिय गुणहरूले युक्त हुन्छन् (शर्मा २०५५-४४२) । यस प्रकार पात्रका स्वभाव, प्रवृत्ति र  विशेषता जे-जस्ता छन्, तिनलाई सोही अनुरूप कथामा प्रस्तुत गर्ने विधालाई चरित्र चित्रण भनिन्छ ।

कुनै पनि कथाकारले आफ्ना कथामा प्रत्यक्ष तथा नाटकीय गरी दुई किसिमको पद्धति अंगालेर चरित्र चित्रण गर्दछ । प्रत्यक्ष पद्धति अनुसार चरित्र चित्रण गर्दा कथाकार स्वयंले पात्रको स्वभाव, प्रवृत्ति आदि कुराहरूका बारेमा वर्णन गर्दछ । तर नाटकीय पद्धतिअनुसार चरित्र चित्रण गर्दा पात्रका बारेमा केही नभनी घुमाउरो पाराले पात्रले चरित्र चित्रणलाई कथामा प्रस्तुत गरी पात्रका प्रवृत्ति, स्वभाव आदिको जानकारी लिने जिम्मा पाठकलाई नै सुम्पेर कथालाई अगाडि बढाउँछ । पाठकले यस्ता चरित्र प्रयोग गरिएका कथामा पात्रका क्रियाकलाप, विचार व्यवहार आदिबाट त्यस पात्रको वास्तविकता छुट्याउनु पर्दछ ।

त्यस्तै चरित्रका सम्बन्धमा हरिहरप्रसद शर्माले भनेका छन् - कथानकका योजनामा आवश्यक तत्वहरूलाई क्रमबद्धता प्रदान गर्ने अपरिहार्य माध्यम पात्र हो (२०६७ - पृ. ६६) । कथानकको योजना कथाकार स्वयंले नै गर्दछ प्रत्येक कथाकारले उत्कृष्ट एवम् कलात्मक कथा सिर्जना गर्न कथामा पात्रको असल भूमिका हुनुपर्छ । कथामा मानवीय पात्र मात्र नभएर मानवेतर पात्रलाई पनि मानिसकै बोली, भावना, विचार र मानसिकतामा राखेर अवलोकन कथाकारले गर्दछन् । कथामा मानवीय पात्र आएको छ भने यो भौतिक आकृतिभन्दा मानसिक विम्वासना बढी सम्वद्ध भएको हुनुपर्दछ । मानवीय पात्रले कथामा आफ्ना विचार, भावना, दर्शन, संवेदनाजस्ता कुरालाई लिएर आएको हुनु पर्दछ । पात्रहरू सामाजिक, साँस्कृतिक, नैतिक, आर्थिक परिवेश र पृष्ठभूमिका सापेक्षतामा आएका हुन्छन् ।

परिवेश अनुरूप पात्रहरूको मनस्थिति रहेको हुन्छ । मानिस चेतनशील प्राणी भएकाले उसको अवस्था पनि सोही अनुरूपको हुनुपर्दछ र कथामा पात्रहरू सुरूदेखि अन्त्यसम्म एउटै स्वभाव र प्रवृत्तिका हुनुपर्दछ तर विभिन्न परिस्थितिका कारणले पात्रको स्वभाव, विचार व्यवहारमा परिवर्तन आउन सक्छ । यसरी पात्रमा परिवर्तन आए पनि त्यसलाई विश्वसनीय ढङ्गमा प्रस्तुत गर्नुपर्दछ । यस सन्दर्भमा पात्र कथानक अनुरूप अनुकूल सहज, स्वभाविक जीवन्त हुन सक्नुपर्दछ ।

माथि उल्लेख गरिएका साहित्यकारहरूका मत तथा परिभाषा अनुसार चरित्र (पात्र) कथाको कथानकलाई अगाडि बढाउन विभिन्न घटनाहरूको श्रङ्खला निर्माण गर्न कथानकलाई फल प्राप्तिमा पुऱ्याउने अनिवार्य र महत्वपूर्ण तत्वका रूपमा रहेको पाइन्छ । कथामा अनेक पात्रहरू हुन्छन् । यथार्थ परिवेशमा घट्ने घटनाहरूलाई यिनै पात्रहरूले मूर्तता प्रदान गर्दछन् साथै चरित्रले हाम्रो समाजमा व्यक्ति तथा सम्पूर्ण मानव समुदायका क्रियाकलाप आनीबानी, चालचलन व्यवहार तथा विचार र भावनाको प्रतिनिधित्व समेत गरेका हुन्छन् । उदाहरणका लागि एउटा शिक्षकको चरित्रले ऊ जस्तै कैयौं शिक्षकको प्रतिनिधित्व गरेको हुन्छ भने एउटा मजदुरले पनि ऊ जस्तै कैयौं मजदुरहरूको यथार्थ जीवनको प्रतिनिधित्व गरेको हुन्छ । त्यसैले कथामा पृथक-पृथक पृष्ठभूमिका चरित्रमार्फत व्यक्ति तथा बृहत-समाजको उद्घाटन गर्ने काम भएको हुन्छ । कथानकलाई गति दिने, कार्यव्यापारलाई अगाडि बढाउने तथा कथाको उद्देश्य वा सन्देशलाई संवहन गर्नेजस्तो अनिवार्य तत्वका रूपमा चरित्रलाई लिन सकिन्छ । कथाले चरित्रकै माध्यमबाट मानव

जीवनको आर्थिक, धार्मिक, सामाजिक, राजनीतिक, पारस्परिक, साँस्कृति वैयक्तिक र मनोवैज्ञानिक सबै क्षेत्रका बारेमा स्पष्ट पार्दै मानव जीवनको व्याख्या गर्ने प्रयास गर्दछ ।

## ३.३ कथामा पात्रको भूमिका

वास्तवमा कथाको विषय व्यक्ति र यसको वास्तविक जीवन हो । चरित्र मूलत व्यक्ति हुन्छ उसले जे बोल्छ संवाद हुन्छ र जे गर्छ त्यो कार्य हुन्छ । वार्तालाप क्रियाव्यापारबाट चरित्रको उद्धेश्य स्पष्ट हुन्छ । जीवन जगतका धेरै पक्षलाई उद्घाटन गर्न र कथालाई सजीव वनाएर स्वाभाविक तथा रोचक र स्तरीय बनाउन समेत पात्रको ठूलो भूमिका रहेको हुन्छ ।

कथाको मुख्य अङ्ग मानव र उसको व्यवहार भएकाले कथाको विषय जे सुकै होस् त्यसको उपलब्धि मानव व्यवहारसँगै सम्वन्धित हुन्छ । कतिपय कथाका लागि महत्वपूर्ण समस्या भनेको पात्रको चरित्र चित्रण गर्नु हो । कथाका चरित्रका आधारमा उसका क्रियाकलापहरू कथाकारका मष्तिष्कमा घुमिरहन्छन् । कथाको पात्र लेखककै कल्पनाशक्तिको उपज हो तापनि यथार्थ अनुभूति र कल्पनाको सन्तुलनबाट कथामा पात्रको चरित्र निर्माण गरिएको हुन्छ ।

मावनका विभिन्न शाश्वत पक्षहरू पनि चरित्रकै माध्यमबाट उद्घाटित गरिएको हुन्छ । चरित्रकै आधारमा कुनै पनि समय र  वातावरणको वास्तविकता जान्न सकिन्छ । पात्रका आ-आफ्ना स्वभाव र आचरण अनुसार नै कथामा घटनाहरूलाई प्रस्तुत गरिएको हुन्छ । पात्रको चरित्रले नै कथा सफल र असफल हुने भएकोले र कथाको उद्देश्य प्राप्ति, अप्राप्ति हुने भएकाले पात्र बिनाको कथाको कल्पना पनि असम्भव हुन्छ । पात्र नै कथाको मूल आधार हो । उत्कृष्ट र उच्च स्तरीय कथा संरचना निर्माणमा पात्र चयन र प्रस्तुतिले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । (काफ्ले वि.सं.२०७३-३४)

## ३.४ चरित्र चित्रणका तरिका (विधि)

कथामा पात्र वा चरित्रको प्रयोगविधि मुख्यतया तीनवटा हुन्छन् । पहिलो पात्रको कार्यलाई आधार बनाएर, दोस्रो कुराकानीको माध्यमबाट, तेस्रो लेखकको वर्णन व्याख्याद्वारा यी मध्ये पहिलो दुईवटा विधिलाई विश्लेषणात्मक वा प्रत्यक्ष विधि भनिन्छ ।

### ३.४.१ विश्लेषणात्मक विधि

कथाकारले आफ्नो कथामा पात्रको चरित्रचित्रण आफैले गर्ने विधिलाई विश्लेषणात्मक विधि भनिन्छ । यस विधिमा कथाकारले पात्रका भावनाहरू, चिन्तन विचारहरू तिनीहरूका चेतन वा अचेतन स्थितिहरू, संवेदना, संवेग, आवेगहरूलाई सूक्ष्म विश्लेषणद्वारा तिनीहरूका कार्यकारणका शृङ्खला मिलाउँछ । यसमा सहजता, स्वभाविकता, विश्वसनीयता र संवेधताको स्थिति रहन्छ । कथाकार आफैले पात्रको चरित्रचित्रण गर्ने भएकाले पात्रको स्थान, प्रयोग र भूमिका निर्वाह उचित रूपमा स्थापित गरी पाठकसामु आफ्नो सन्देश वा विचार राख्दछ । त्यसैले कथा पढ्न र बुझ्न पाठकलाई सहज हुन्छ । ( थापा, २०६६-१५६)

### ३.४.२ नाटकीय चरित्र चित्रण विधि

कथाकारले प्रत्यक्ष रूपमा आफ्नो विचार वा धारणा आफै चित्रण र वर्णन नगरी तटस्थ रहेको हुन्छ । कथामा पात्र पात्रलाई रङ्गमञ्चमा ल्याएर उनीहरूको हाउभाउ, क्रियाकलाप तथा संवाद आदिबाट विस्तारै आफ्नो चरित्रोद्घाटन हुँदै जान्छ । कथाकार आफैले वर्णन नगरी अन्य माध्यमबाट चरित्रचित्रण गरिने हुनाले यस विधिलाई नाटकीय चरित्रचित्रण विधि भनिएको हो । यस विधिबाट चरित्र चित्रण गर्दा कथाकार टाढा बस्छ र उसका चरित्रलाई आफै परिचित हुने तथा प्रदर्शित हुने उचित अवसर प्रदान गर्दछ । यस प्रकारको चरित्रचित्रण विधिले पात्रलाई आफ्नो विचार वा धारणा आफै अभिव्यक्त गर्ने वातावरण तयार गरिदिएर पात्रलाई उचित अवसर प्रदान गर्ने काम गरिदिन्छ । (थापा, २०६६-पृ. १५७)

## ३.५ चरित्र चित्रणका आधारहरू

चरित्र कथाको महत्वपूर्ण संरचक घटक हो । कुनै पनि आख्यानात्मक कृति वा कथाभित्र व्यवस्थित गराइएको व्यक्ति वा मानवीय पात्र नै चरित्र हो । चरित्रहरू कथाको उद्देश्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएर कथानकलाई गति दिने माध्यम हुन (बराल र घिमिरे, २०६५: ४) । प्रायजसो चरित्रले नै मानवीय पात्रलाई बुझाउँछ तर कथामा प्रयोग हुने मानवेतर पात्र पनि चरित्र अन्तर्गत नै पर्दछ । कथामा चरित्रहरू कथावस्तुको स्वरूप र स्थिति अनुसार विभिन्न प्रकारका विशेषतायुक्त हुन्छन् । चरित्रहरूले कथाको सारतत्व वा

वैचारिक पक्षलाई उजागर गर्ने कार्य गर्दछन् । यिनले कथावस्तुको समग्रतालाई गति र अन्विति मार्फत एउटा निच्ति ढाँचामा रहन सघाउ पुऱ्याउँछन् । (बराल र घिमिरे २०६५: ४) वास्तवमा चरित्रको सम्बन्ध कार्यव्यापारमा मात्र सीमित नरहेर सिङ्गो संरचना पक्षसँग रहेको हुन्छ । चरित्रहरू कथाको आवश्यकता अनुसार कथामा प्रवेश गर्दछन् र गति अनुसार विकसित र निर्वासित हुन्छन् र चरित्रहरू समाजबाट नै कथामा आउँछन् ।

## ३.५.१ चरित्र चित्रणका परम्परागत आधारहरू

कथा रचनामा मानवीय तथा मानवेतर दुवै प्रकारका पात्रहरू प्रयोग गरिएका हुन्छन् रचनाका मानवीय पात्रहरू कुनै खास वर्ग प्रवृत्तिका आधारमा विविध प्रकारका हुन्छन परम्परागत चरित्र चित्रणका आधारहरू गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तरर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक परम्परित र मौलिक रहेका छन् (बराल र एटम, २०५६: ३०)

### (क) गतिशील र गतिहीन

(१) गतिशील

गतिशील चरित्रः गतिशील चरित्रको कथाभरि सक्रिय भूमिका हुन्छ । कथामा घटित घटनाका आधारमा पात्रमा बञ्चित प्रभाव परी आवश्यक र स्वाभाविक परिवर्तनको आविर्भाव भएको हुन्छ । यस्ता स्वभाव भएका पात्रलाई गतिशील पात्र भनिन्छ ।

(२) गतिहीन अथवा स्थिर

जुन पात्रको कथामा घटित घटना र क्रियाकलापमा कुनै भूमिका हुँदैन त्यस्ता पात्रलाई समस्या वा स्थिर चरित्र भनिन्छ । यी गतिहीन र निष्क्रिय देखिन्छन् । यस्ता पात्रमा कुनै परिवर्तन देखिँदैन र घटना र क्रियाकलापमा कुनै प्रभाव पर्दैन ।

### (ख) आदर्श र यथार्थ

समाजको वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने पात्र यथार्थ हुन्छ जसको हर एक क्षणमा पाठक सवेदित भई मनोभावलाई यसै अनुकूल बनाउँछ यस्ता रचना पढ्दा जीवन पात्रले होइन, आफैले भोगेको जस्तो अनुभव हुन्छ त्यसको साटो आदर्श पात्रले उच्च

मनोकाङ्क्षा बोके पनि यस्तो हुनुपर्छ भन्ने सन्देश दिन आउने हुँदा यसका यथार्थको अभाव हुन्छ । स्रष्टाले उसलाई मुख पात्रका रूपमा पनि प्रयोग गर्न सक्छन् । यो पात्र कृत्रिम खालको हुन्छ (बराल र एटम, प. ३०) ।

**(ग) अन्तर्मुखी र बहिर्मुखी**

जीवनलाई आफ्नै रचनामा ढालेर सांसारिक भद्रगोलदेखि टाढा बस्न चाहने पात्र अन्तर्मुखी हुन्छ । अर्कातिर बहिर्मुखी पात्रको स्वभाव चाही आफ्ना मनका कुराहरू अरूलाई भनिहाल्ने र बाहिरी सम्पर्कमा रम्ने हुँदा आशावादी हुन्छ । उसले जीवनलाई रमाइलो अनुभवका रूपमा लिएको हुन्छ (बराल र एटम) ।

**(घ) गोला र च्याप्टा**

जीवनलाई जटिल रूपमा भोग्ने र हरक्षणमा विशेषता परिवर्तन गरी कथानक नै रोमाञ्चकपूर्ण बनाउने पात्रलाई गोला भनिन्छ भने गोला पात्रमा स्वच्छन्दता बढी हुन्छ । जीवनलाई ससपाट रूपमा भोग्ने र विशेष गरी सजिलै बुझ्न सकिने पात्रलाई च्याप्टा भनिन्छ । च्याप्टा पात्रमा आदर्शको मात्रा गह्रौं हुन्छ भने स्रष्टाको निश्चित धारणमा मात्र यस्ता पात्रहरू अड्ने गर्दछन् । त्यसैले ती सतही र अप्रभावकारी हुन्छन् । गोला पात्रले जीवनलाई आफँ भोग्दछन् ती जिउँदा प्राणी हुन किनभने यिनको चरित्रको एउटै मात्र आयाम हुँदैन । यस्ता पात्र मनोविश्लेषणका लागि अत्यन्त प्रभावकारी ठहर्दछन् (बराल र एटम, २०५६-प. ३१) ।

**(ङ) सार्वभौम र आञ्चलिक**

जताततै उही रूपले ग्रहण गर्न सकिने पात्र सार्वभौम हुन्छ । जसका क्रियाकलापमा वातावरण आरूढ हुँदैनन् मानवकै मौलिक सम्पत्तिका रूपमा तिनले मान्यता पाउँछन् । आञ्चलिक पात्र चाँही आफ्नो निश्चिम पर्यावरणमा विशिष्ट पहिचान लिएर बसेका हुन्छन् । यिनले निजी संस्कार र आन्तरिक रूप प्रदर्शन गर्दछन् (बराल र एटम) ।

**(च) परम्परित र मौलिक**

पूर्ण परिचित स्वभाव, आचरण र कार्यकै अनुकरणमा कुदिहिँड्ने पात्र परम्परित वा रूढ हुन् । सिर्जना र परम्पराको गोरेटोमा कुँदि हिँड्ने यस्ता पात्रहरू कहिलेकाँही प्रभावकारी

सिद्ध हुन्छन् । मौलिक पात्र भनेको स्रस्टाको नौलो सिर्जाना हो । यसमा पाठकलाई आस्वादनका नयाँ ढोकाहरू खोल्दछन् (बराल र एटक) ।

## ३.५.२ शैली वैज्ञानिकता आधारमा चरित्र चित्रणका आधारहरू

कथामा प्रयोग गरिने पात्रहरू विविध प्रकारका हुन्छन् । वातावरण र कथानकका आधारमा पात्रका गणहरू परिवर्तन हुन् सक्दछन् । प्रत्येक पात्रको भूमिका फरक-फरक हुने र कार्याव्यापार स्वभाव, गुण, दोष, प्रकृति तथा विचार र दृष्टिकोण आदिमा समेत भिन्नता देखिने हुँदा त्यसलाई आधार मानेर पात्रको वर्गीकरण गर्ने काम विद्वानहरूबाट हुने भएकाले उनीहरूमा फरक-फरक मत देखिनु स्वाभावविकै हो ।

आख्याख्यानमा प्रयुक्त विभिन्न पात्रहरूलाई अनेक दृष्टिकोणले हेर्न सकिने बताउँदै कृष्णिविलास पौड्यालले तीन वटा आधार प्रस्तुत गरेका छन्: प्रमुख पात्र, सहायक पात्र र गौण पात्र, व्यक्तिगत र वर्गगत, गतिशील र स्थिर (२०६६- पृ ९-१०) । त्यसैगरी कथामा पात्रले खेलेको भूमिका र प्रभाव तथा स्वभाव र घटनाबाट तिनीहरूमा उत्पन्न हुने प्रतिक्रियामा ध्यान दिँदै कृष्णहरि बराल र नेत्र एटम (२ चरित्र वर्गीकरण सातवटा आधारमा प्रस्तुत गरेका छन् :

(क) लिङ्गको आधारमा - पुलिङ्ग, स्त्री लिङ्ग

(ख) कार्यको आधारमा - प्रमुख, सहायक, गौण

(ग) प्रवृत्तिको आधारमा - अुकूल, प्रतिकूल

(घ) स्वभावको आधारमा - गतिशील, गतिहीन

(ङ) जीवन चेतनाको आधारमा - वर्गगत, व्यक्तिगत

(च) आशन्नताको आधार - मञ्चीय, नेपथ्य

(छ) आवद्धताको आधारमा - वद्ध, मुक्त पात्रहरूको उल्लेख गरेका छन् (बराल र एटर्म २०५६ - पृ. ३०-३१) ।

कथामा प्रयोग गरिएका पात्र र चरित्र जीवन जगतका अनेक सन्दर्भबाट टिपिने र तिनीहरूमा विभिन्नताको आरोपण गरिएको हुन्छ (गौतम र अधिकारी २०६९- पृ. १७-१८)

गौतम र अधिकारीले चरित्रलाई पाँचवटा आधारमा प्रस्तुत गरेका छन्: प्रमुख, सहायक र गौण, अनुकूल र प्रतिकूल, वर्गगत र व्यक्तिगत, गतिशील र गतिहीन तथा यथार्थ र आदर्शगरी उल्लेख गरेका छन् ।

कथाका पात्रहरूलाई मुख्य रूपले कथामा निर्वाह गरेको भूमिका, कार्य, स्वभाव, परिवेश र प्रवृत्तिगत विशेषताहरूलाई आधार मान्न सकिन्छ र कथाका पात्रहरू विभिन्न परिवेश स्वभाव, जाति, संस्कृति तथा वातावरण बाट लिईने हुँदा तिनीहरूले निर्वाह गरेको कार्य वा प्रवृत्ति पनि फरक फरक किसिमका हुने र यसकै आधारमा विभिन्न किसिमले वर्गीकरण गरिएको पाइन्छ ।

## ३.६ पात्र विश्लेषणको आधार

कथाको कथावस्तुलाई गति र अन्विति दिनका लागि यसकै परिधिभित्र व्यवस्थित गरिएको व्यक्ति पात्र हो । पात्रलाई कथानकको गतिका संवाहक अनि विचार वा उद्देश्यको विस्तारका रूपमा पनि लिइन्छ । पात्र भन्नाले कथावस्तु अनुसार मानवीय वा मानवेतर ( जड वस्तु) पनि हुन सक्छ र त्यस्ता पात्रलाई विश्लेषण गर्न अलि कठिन हुन जान्छ र त्यस्तै प्रस्तुत शोधपत्रमा वस्तुगत विश्लेषण गर्न कथाका सम्पूर्ण पात्रहरूलाई शैली विज्ञानले औँलाएको शैद्धान्तिक आधारमा वर्गीकरण गरी तिनको चरित्र विश्लेषण गर्ने प्रयोस गरिको छ । पात्र विश्लेषणको निर्धारित आधार अन्तर्गत मुख्यतः निम्न आधारलाई छानिएको छ :

### ३.६.१ लिङ्गको आधार

पात्रको शारीरिक जात छुट्याउने आधार लिङ्ग हो । कथामा पुलिङ्गी पात्र पुरूष र स्त्रीलिङ्गी पात्र महिल पात्र हुन यसैको आधारमा नायक वा नायिका र खलनायक/ खलनायिका छुट्याइन्छ (अर्याल र श्रेष्ठ वि.सं. २०६७ -पृ. १०) ।

कथामा मानवीय पात्रहरू पुरूष र नारी गरी दुई प्रकारका मात्र हुन्छन् । पात्रको शारिरीक वर्णन नाम, स्वभाव र क्रियापद आदिबाट लिङ्ग छुट्याउने गरिन्छ । त्यस्तै शारीरिक बनोट, लवाइखवाइ, बोलीचाली व्यवहारबाट पनि लिङ्ग पत्ता लगाउने गरिन्छ ।

जीवनवैज्ञानिक आधारमा हेर्ने हो भने मानिसका दुई रूप पुरूष र नारी सबै मानव पात्रहरूलाई छुट्याउन पुग्ने एउटा पर्याप्त आधार लिङ्ग हो । मानव सभ्यताको विकास

प्रक्रिया तथा सामाजिक संरचनाको निर्माण नारी पुरूषकै सहसम्बन्धबाट विकसित भएको । यहाँ कुनै वर्गले यस्तो प्रक्रियालाई निरन्तरता दिन सक्दनैन । कथामा मानव जीवन जगतका अथवा सिङ्गो सभ्यताकै अभिव्यक्ति हुने हुनाले स्वभावतः नारी पुरूष दुवै थरी पात्रको उपस्थिति भएको पाइन्छ । संख्यात्मक रूपमा कुनै कथामा पुरूषको र कुनैमा नारीपात्रको बाहुल्यता हुनसक्छ तापनि यी दुवैको उपस्थितिमा कथाको कार्यव्यापारले गतिशिलता पाउनुका साथै कथाले पूर्णता र उद्देश्य प्राप्तिमा सफलता पनि पाएको देखिन्छ ।

## ३.६.२ कार्यका आधारमा

पात्रले कथामा निर्वाह  गरेको भूमिका तथा कार्य व्यापारलाई आधार बनाई उसको चरित्रको अध्ययन र वर्गीकरण गरिन्छ । सबै कथामा सबै पात्रहरूको भूमिका उत्तिकै र उस्तै नभइ फरक-फरक हुने गर्दछ  कुनै पात्र आरम्भदेखि अन्त्यसम्म सक्रिय रहेको हुन्छ भने कुनैको सक्रियता आंशिक हुन्छ :

कार्यका आधारमा पात्रहरू मुख्य सहायक र गौण गरी तीन किसिमका कार्य भूमिमा पात्रहरू उपस्थित रहेका हुन्छन् ।

कथामा पात्रले  गर्ने कामको आधारमा पात्रलाई प्रमुख सहायक र गौण गरी छुट्याइन्छ । सबभन्दा बढी कथामा प्रमुख कार्य गर्ने सबभन्दा बढी काममा देखिने पात्र प्रमुख हो भने प्रमुख पात्रलाई सघाउने सहायक काममा देखिने पात्र सहायक पात्र हो । त्यस्तै सहायक पात्रभन्दापनि कम उपस्थिति रहेको नगण्य काममा देखिने पात्र गौण पात्र हो । (अर्याल र श्रेष्ठ २०६७-१०)

मूल कथासँग सम्बद्ध नायक नायिका तथा प्रतिनायक प्रतिनायिका केन्द्रीय भूमिका भएका पात्र अन्तर्गत पर्दछन् । त्यस्ता पात्रहरूको भूमिका कथामा महत्वपूर्ण हुन्छ । प्रमुख पात्रलाई उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन सहायक  पात्रको व्यवस्था गरिएको हुन्छ । आदिदेखि अन्त्यसम्म महत्वपूर्ण भूमिका र उपस्थिति नभएपनि कथालाई निष्कर्ष तर्फ डोहोऱ्याउने कथामा यिनीहरूको निकै ठूलो भूमिकालाई नकार्न सकिँदैन । त्यसैगरी कथा संरचनामा न्यून भूमिका प्राप्त गर्ने पात्र गौण पात्र हो । यस्ता पात्रले प्रमुख र सहायक पात्रका तुलनामा कम महत्वको कार्य गरेका हुन्छन् । गौण पात्रको भूमिका अनिवार्य रूपमा हुँदैन ।

कथामा महत्वपूर्ण कार्य वा भूमिका भएको पात्र प्रमुख पात्र हो । यसमा नायक, नायिका खलनायक, नायिका वा अन्य पात्रहरू सहायक पात्र हुन् । यिनले मुख्य वा अन्य पात्रहरू नायिकाको कार्यव्यापारमा सहयोग पुऱ्याएका हुन्छन् । 'दोषी चस्मा' कथामा सामान्य भूमिकामा देखिएका कथामा विधवा प्रमुख पात्र, गोरे सहायक पात्र र धने गौण पात्र हो भने दोषी चस्मा कथामा केशवराज प्रमुख, जर्साव सहायक र केशवराजकी पत्नी गौण पात्रका रूपमा रहेका छन् । (गौतम र अधिकारी २०६९-१७)

## ३.६.३ प्रवृत्तिका आधारमा

प्रवृत्तिका आधारमा पात्रहरू अनुकूल र प्रतिकूल दुई किसिमका हुन्छन् । कथामा कथाको भूमिका अनुसार सामाजिक मर्यादाका सन्दर्भमा सकारात्मक भूमिका खेल्ने चरित्र अनुकूल चरित्र हुन् । कथामा घटनामा विपरित ध्रुवमा उभिने पात्र प्रतिकूल पात्र वा चरित्र हुन् । यिनले पनि कथानकमा उपयुक्त गति दिएका हुन्छन् । मेनालीद्वारा लिखित 'सहिद 'कथामा वीरबहादुर अनुकूल पात्र हो भने धने प्रतिकूल पात्र हो । (गौतम र अधिकारी)

## ३.६.४ स्वभावका आधारमा (गतिशीलताको आधारमा)

समय परिस्थिति घटनादिले आफ्नो स्वभाव परिवर्तन गर्ने पात्र  गतिशील पात्र हो भने कुनै पनि समयमा एउटै स्वाधाव अनुशीलन गर्ने पात्र गतिहिन पात्र हो (अर्याल र श्रेष्ठ २०६७- प. १०) । घटना र कार्यव्यापारले उनीहरूमा कस्तो प्रभाव पाऱ्यो उनीहरूको स्वभावमा त्यसले कुनै परिवर्तन ल्यायो ल्याएन भन्ने कुरा महत्वपूर्ण मानिन्छ । त्यसैले गतिशीलतालाई आधार मानेर पात्रलाई वर्गीकरण गर्न सकिन्छ ।

कथामा घटित घटनाका आधारमा पात्रमा बाञ्चित प्रभाव परी आवश्यक र स्वाभाविक परिवर्तनको आविर्भाव भएको हुन्छ । यस्ता पात्रलार्य गतिशील वा परिवर्तनशील स्वभाव भएका पात्र भनिन्छ भने जुन पात्रको कथामा घटना र क्रियाकलापमा कुनै भूमिका हुँदैन त्यस्ता पात्रलाई समस्या वा स्थिर चरित्र भनिन्छ र यस्ता पात्रमा कुनै परिर्वतन वा प्रभाव देखिँदैन । (पौड्याल २०६६-१०)

कथा अनुसार ꠰पात्रहरू क्रियाशील र संवेदनशील हुन्छन् र परिस्थिति तथा परिवेश अनुसार व्यक्तित्व विकास र परिर्वतनतर्फ आफूलाई उन्मुख गराउँछन् । परिवर्तनशीलता नै स्वभाव हो । जसले आफ्नो सिद्धान्त र जीवन आधारलाई नै परिवर्तन गरी समय सापेक्ष

बनाउन सक्छ । पात्रको परिर्वर्तित गतिशील परिस्थिति बदलिए पनि कथा उस्तै जीवन बिताउने तथा स्वभावमा कुनै विचलन नआउने पात्रलाई स्थिर पात्र भनिन्छ । त्यस्ता स्थिर पात्रहरू कथाको आरम्भदेखि मूलचरित्र एउटै प्रवृत्तिका साथ देखा परिरहन्छन् । त्यस्ता पात्रलाई निष्क्रिय र गतिहीन पात्र भनिन्छ । साथै स्वभाव र गतिमा पनि भिन्नता वा आरोह अवरोह देखिँदैन । गतिहीन पात्रहरूको कथामा कुनै जीवन्त भूमिका नरहनुका साथै घटना र क्रियाकलापमा समेत तिनीहरूको खस प्रभाव पर्दैन । जस्तैः भविष्य निर्माण कथाकी पार्वती गतिहीन पात्र हो भने कप्तान कृष्णबहादुर गतिशील पात्र हुन् ।

### ३.६.५ जीवन चेतनाका आधारमा

आफ्नो मात्र जीवनको प्रतिनिधित्व गर्ने अरूको जीवनसँग मेल नखाने पात्र व्यक्तिगत पात्र हो भने विभिन्न विशेषता गुण भएका व्यक्तिहरूको पनि प्रतिनिधित्व गर्ने पात्र वर्गीय पात्र हो (अर्याल र श्रेष्ठ २०६७ - ११) । कथाका पात्र मानव जीवनकै प्रतिनिधि भएकाले स्वभावतः समाजका मानिसहरूको व्यक्तिगत र सामूहिक भावनाको प्रतिनिधित्व गरेका हुन्छन् ।

कथाको कथानक अनुसार खास वर्गको नेतृत्व वा प्रतिनिधित्व गर्न आउने पात्र, वर्गगत पात्र हुन् । व्यक्तिगत चरित्रचाहिँ खास आदर्शताको सङ्केत गर्ने हुन्छन् । यिनले समाजको कुनै एउटा समूहको प्रतिनिधित्व गर्न सक्दैनन् । वर्गगत पात्रले समाज पा समुदायमा एक कुनै समुह वा वर्ग नेतृत्व गर्न सक्छन् (गौतम र अधिकारी ६९-१७) । जस्तै मैनालीको ‘कर्तव्य‘ कथाको श्रीधर सामन्त वर्गको वर्गीय नेतृत्व गर्ने पात्र हो र मुरलीधर आदर्श संकेत गर्ने व्यक्तिगत चरित्र हुन् भने पुस्कर समसेरको स्वार्थ त्याग कथाकी मोती आदर्श चरित्र हो भने बडाहाकिम व्यक्तिगत चरित्र हो ।

## ३.६.६ आसन्नताको आधार

पात्रको उपस्थिति आसन्नता हो । आसन्नताका आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई किसिमका हुन्छन् । परोक्ष रूपमा कार्यमा उपस्थित मात्र मञ्चीय पात्र हो भने वर्णनमा मात्र केन्द्रित पात्र नेपथ्य पात्र हो । (अर्याल र श्रेष्ठ २०६७-११)

कथामा कथानकअनुसार प्रत्यक्ष उपस्थिति भई संवाद र कार्य गर्ने पात्रलाई मञ्चीय पात्रका रूपमा लिइन्छ । साथै त्यस्ता मञ्चीय पात्रहरू कथामा आफै उपस्थित भएर सक्रिय

भूमिका निर्वाह गर्ने प्रकृतिका हुन्छन् भने नेपथ्य पात्र कथयिता वा अन्य पात्रले नामोच्चारण गरेर वा संङ्केतद्वारा पनि प्रस्तुत गरिएको हुनसक्छ । मञ्चीय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

### ३.६.७ आबद्धताको आधार

कथामा प्रयुक्त पात्रहरू र कथानकका बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । आबद्धताका आधारमा पात्रको अध्ययन गर्दा मूलतः कथाको कथानक र त्यसमा अन्तर्निहित पात्रहरूको नजिकको सम्बन्धलाई आधार बनाइन्छ । त्यसैलाई आधार मान्दा कथामा पात्रहरू बद्ध र मुक्त दुई प्रकारका हुन्छन् । कथाबाट अलग गराउँदा कथानकमा बाधा पुग्न जाने पात्र बद्ध पात्र हो भने क थाबाट अलग गराउँदा पनि कथानकमा क्षीत नपुग्ने पात्र मुक्त पात्र हो । (अर्याल र श्रेष्ठ)

कथाको मुख्य कथावस्तुसँग बाँधिएका र सक्रिय भूमिका निर्वाह गर्ने पात्रहरू बद्ध पात्र हुन् । ती पात्रलाई झिकिदियो भने कथा नै विखण्डित हुन्छ भने कथावस्तुसँग कम सम्बन्धित पात्रहरूलाई हटाउँदा मूल विषयवस्तु र उद्देश्यमा कुनै असर पर्दैन । बद्ध पात्रलाई कथाबाट झिक्दा कथाको कथानकको संरचना भत्कन्छ तर मुक्त पात्रलाई झिक्दा कथानकमा खासै असर पर्दैन ।

## ३.७ पात्र विधानको औचित्य

कथावस्तुमा चरित्रले घटनाहरूका सम्बन्धमा मानव र मानवेतर प्राणीसँग सम्बन्ध राख्दछ । पात्रले संवाद र क्रियाकलापका माध्यमबाट आफ्नो विचार वा अभिव्यक्तिलाई व्यक्ति गर्न सहयोग पुऱ्याउँछ र चरित्रको चयनबाट व्यक्ति जीवनका बाह्य र आन्तरिक प्रवृत्तिहरूलाई देखाइन्छ । चरित्रले मनुष्य जीवनको बृहत्तर सत्यको अध्ययन गर्नमा मद्दत पुऱ्याउँछ । स्रष्टाले आफ्ना प्रत्येक कृतिमा चरित्रको रूप र बिम्ब फरक प्रकारले निर्धारण गर्ने भएकाले सामान्यतः चरित्रले फरक सम्प्रेषण गर्ने कार्य गर्दछ । त्यसो हुनाले कथानकलाई गति दिने संवाहकका रूपमा चरित्रलाई लिइन्छ । पात्रका चरित्रको विकास अनि उसमा देखिने व्यवहार आरोह, अवरोह, जातीय विशेषता मानवीय शास्वत सत्य र व्यक्तिका प्रवृत्तिगत वैचित्यहरूलाई उद्घाटित गर्ने काम यसले गर्छ । कथामा कथावस्तुको समग्रतालाई निश्चित रूपमा हेर्ने काम पात्रले गर्दछ । यसबाट कथावस्तुको विस्तार हुनुका

साथै विचार र उद्देश्यको पनि विस्तार भइरहेको हुन्छ । अतः चरित्रले विचारलाई सम्प्रेषण गर्ने काम गर्छ । चरित्रविना आख्यान बन्न सक्दैन । त्यसैले चरित्रले आख्यान विधालाई अगाडि बढाउन सक्रिय भूमिका निर्वाह गरेको हुन्छ । स्रष्टाले चरित्रका माध्यमबाट निश्चित र नैतिक अभिवृद्धि प्रकट गराउने हुँदा पात्रमा संसार परिवर्तन गर्ने क्षमता रहेको हुन्छ ।

चरित्रको चयन कथाको समग्र संरचनासित बाँधिएको हुनाले कथाको कथावस्तुलाई सजीव बनाएर गति दिनका साथै लेखकको जीवनदृष्टि र कलादृष्टिको समग्र बोध गराउने काम पनि पात्रले गरेको हुन्छ ।

कुनैपनि स्रष्टाको विचार वा उद्देश्य भन्ने र देखाउने कुरालाई वहन गर्ने कुनैपनि पात्र नै चरित्र हो । उसको कल्पनाद्वारा समाजको व्यक्ति वस्तुजस्तै बनेर प्रस्तुत हुन्छ । पात्रले कथामा विभिन्न स्वरूप र चरित्र वहन गर्दै संरचनाको आदिदेखि अन्त्यसम्म पछ्याइरहेको हुन्छ । कथा विधामा चरित्रहरूको चयन सोद्देश्यमूलक र अर्थपूर्ण हुने भएकाले यहाँ पात्र विधानको औचित्य वा सार्थकताको समेत विवेचना गरिएको हो ।

## ३.८ निष्कर्ष

आख्यान साहित्यको इतिहास विश्वमा जति पुरानो रहेको मानिन्छ त्यहाँदेखि नै पात्रहरूको क्रियाशील इतिहास रहेको मान्न सकिन्छ । पात्रका प्रवृत्तिहरूमा गुण, स्वभाव, आचरण र व्यवहारजस्ता कुराहरू पर्दछन् । पात्रको परिभाषा दिने क्रममा स्वदेशी तथा विदेशी विद्वान्हरूका परिभाषाले यसको क्षेत्रलाई भने व्यापक बनाएको कुरामा दुईमत रहँदैन । सबै विद्वान्हरूका मतबाट कथामा पात्रलाई महत्वपूर्ण तत्वको रूपमा स्वीकार गर्न सकिन्छ । मानव समाजमा रहेका धर्म, संस्कृति, रीतिरिवाज माया-प्रेम, हर्ष-बिष्माद अनि शैक्षिक सामाजिक सबै मानवीय क्रियाकलाप र संवेदनाहरू पात्रकै माध्यमबाट आख्यानमा अध्ययन र विश्लेषण गर्ने गरिन्छ ।

पात्रको बानी व्यवहार, ढङ्गढाँचा कस्तो हुनुपर्छ भनी कथामा प्रयोग पात्रका प्रकारका बारेमा पनि उल्लेख गरिएको हुन्छ । त्यसैले उसका चारित्रिक विशेषताका आधारमा सामाजिक संरचनाको वर्णन गर्न पनि सकिने हुन्छ । कथामा प्रस्तुत गरिने सबै पात्रहरूलाई निश्चित उद्देश्य र फलप्राप्तिका लागि प्रयोग गरिने भएकाले प्रायः सबै पात्रहरूको उद्देश्य र क्रियाकलाप, स्वभाव र आचरण पनि फरक फरक हुने गर्दछ । समय सापेक्ष पात्रको छनोट

गर्ने गरिन्छ र उनीहरूको विशेषताका बारेमा वर्णन गर्न विभिन्न विधिहरूको प्रयोग गर्ने गरिन्छ ।

उल्लिखित परिभाषा र प्रयोगका आधारमा कथामा पात्रलाई एक महत्वपूर्ण र अनिवार्य तत्वका रूपमा लिनुपर्ने देखिन्छ । जसले कथाको कथानकलाई अगाडि बढाउने विविध घटनाहरू घटाउने, आख्यानकारको उद्देश्यलाई फलप्राप्तिमा पुऱ्याउने काम गर्ने तत्व नै पात्र हो । वर्तमान परिवेशमा जे-जस्ता प्रकारका कथाहरू लेखिए पनि पात्र सहितका कथाले जे-जस्ता प्रभावकारी सफलता प्राप्त गर्दछ, त्यसका तुलनामा पात्र बिनाको कथाले त्यो स्थान हासिल गर्न सकेको पाइँदैन । त्यसैले पनि पात्रको स्थान कथामा महत्वपूर्ण हुन्छ ।

# परिच्छेद चार

# 'सपना र खण्डहरहरू' कथासङ्ग्रह भित्र रहेका पात्रहरूको अध्ययन

## ४.१ विषय प्रवेश

**सा**हित्यका विविध विधामा कलम चलाएका दीनवन्धु शर्माको पहिलो कथासङ्ग्रह *'सपना र खण्डहरहरु'* जसमा बीसवटा सानासाना कथाहरु समावेश गरियको छ । यस कथासङ्ग्रहमा सामाजिक , यथार्थबादी, यौनमनोवैज्ञकनिक तथा सामाजिक व्यङ्ग्य जस्ता बिषयहरुले भरियका कथाहरु रहेका छन् ।

यस कथासङ्ग्रह भित्र सानासाना कथाहरु रहेका छन् जसमा पात्रहरु थोरै -थोरे भयपनि समग्र कथासङ्ग्रहमा रहेका पात्रहरुलाई **परम्परागत आधारमा** र **शैलीवैज्ञानिक आधारमा** विश्लेषण गरिएको छ । जस्तै : परम्रागत आधारमाः- आदर्श तथा यथार्थ, अन्तर्मुखी तथा वहिर्मुखी, गोला तथा च्याप्टा, सार्वभैम तथा आन्चलिक, परम्परित तथा मौलिक त्यस्तै गरी शैलीवैज्ञानिक आधारमा :-लिङ्गको आधारमा  पुलिङ्ग, स्त्री लिङ्ग, कार्यको आधारमा - प्रमुख, सहायक, गौण, प्रवृत्तिको आधारमा - अुकूल, प्रतिकूल, स्वभावको आधारमा - गतिशील, गतिहीन, जीवन चेतनाको आधारमा - वर्गगत, व्यक्तिगत आशन्नताको आधार - मञ्चीय, नेपथ्य, आवद्धताको आधारमा - वद्ध, मुक्त पात्रहरू प्रसङ्ग अनुसार आएका छन् ।

### ४.१.१ त्यो घरमा किचकन्नी आउँछ रे कथाको पात्रहरूको अध्ययन

**प्र**स्तुत कथामा प्रमुख पात्र कथाकी नायिका तारिका हो भने मुख्य सहायक पात्र 'म' पात्र हो ।तारिकालाई प्रेम गरेर गर्भवती बनाईसकेपछि ठुलो जातको मानियएको प्रेमीले आफ्नो घरमा नभित्राएपछि तारिका माईतमै बसिराखेकी छे तारिकाको व्यवहारमा आफ्नो प्रेमीले छोडेको पीडाभन्दा पनि यौनपीडा बढीअभिव्यक्त भएको दृखिन्छ । 'म' पात्र अन्तर्मुखी स्वभावको छ । तारिकाप्रत संवेदनसील भैकन पनि उसको संगतले सामाजिक अपवाद हुने डरले त्यो घरको डेरा नै छोड्न पुगेको छ ।

## ४.१.२ तारिका

यस कथाकी प्रमुख पात्रका रूपमा तारिका आएकी छ । तारिका परिवारकी जेठी छोरी हो । कथाकी नायिका तारिका कहिले गम्भीर त कहिले उत्ताउली देखिएकी छ । आफू भन्दा ठूलो जातको मान्छेसँग प्रेम गरेर गर्भवती भएकी तारिकालाई उसले आफ्नो घर नभित्र्याएपछि ऊ माइतमै बस्छे र छोरा जन्माउँछे । यसबाट त्यस परिवारमा कुनै प्रभाव पर्दैन । तारिकाले त्यस परिवारमा सबैलाई आफ्नै बसमा पारेकी छ । जेभन्यो त्यही बाबु-आमालाई आफ्नो इच्छा विपरित केही हुन दिएकी छैन । भाडामा वस्न आउने मान्छेलाई पनि आफ्नो मन परे राख्ने गरेकी छे ।

यौवनको यौन भावनाबाट आक्रान्त भएकी तारिकाले त्यसै घरमा डेरा बस्ने म पात्रबाट प्रेम वा यौन चाहे पनि त्यो प्राप्त गर्न सक्दिन । तारिकाको व्यवहारमा आफ्नो प्रेमीले छोडेको पीडा भन्दा पनि यौन पीडा बढी अभिव्यक्त भएको देखिन्छ ।

### (क) परम्परागत आधारमा चरित्रचित्रण

परम्परागत चरित्रचित्रणका आधारमा तारिकाको चरित्रलाई हेर्दा तारिका तत्कालिन समाजका नारीहरूका प्रतिनिधित्व गर्ने यथार्थ पात्र हो । आफ्नो प्रेमिले छोडेपछि आफूखुसी घरमा काम गर्ने तर आफ्नो मनको कुरा अरूलाई व्यक्त नगर्ने ऊ अन्तर्मुखी पात्र हो । उसको चरित्रलाई सजिलैसँग बुझ्न सकिने भएकोले ऊ च्याप्टा पात्र हो । तारिकाको चरित्रलाई निश्चित वातावरणमा (घरभित्र) प्रभाव देखाएकोले आञ्चलिक पात्र हो । त्यसैगरी नारी अवस्थाको यथार्थलाई प्रष्ट पार्न कथाकारले तारिकको चरित्रलाई प्रस्तुत गरेकोले ऊ मौलिक पात्र हो ।

### (ख) शैली वैज्ञानिका आधारमा चरित्रचित्रण

तारिकालाई कथामा परिवारकी जेठी छोरी भनिएको छ र बच्चा जन्माएको कुराबाट ऊ लिङ्गका आधारमा नमरी पात्र हो । कार्यको आधारमा कथामा प्रयुक्त पात्रहरूमध्ये तारिका यस कथाकी प्रमुख नारी पात्र हो । प्रवृत्तिका आधारमा तारिका प्रतिकूल पात्र हो । उसले आफ्नो इच्छा अनुसार काम गर्ने अरूको भावनालाई नबुझिकन कार्य गर्ने अरूको सल्लाह नलिने आफ्नो स्वेच्छापूर्वक काम गर्ने भएकोले ऊ प्रतिकूल नारी पात्र हुन् । जीवनचेतनाको आधारमा यस कथाकी प्रमुख नारी पात्र तारिकाले आफ्नो मात्र नभइ अन्य

नारीहरूको पनि प्रतिनिधित्व गरेकी छिन् । त्यसैले उनी वर्गीय पात्र हुन् । गतिशीलताको आधारमा यस कथाकी प्रमुख नारी पात्र तारिकाले आफ्नो परिस्थिति अनुसार बदलिन सकेकी छैन । त्यसैले ऊ स्थिर पात्र हो । आवद्धताको आधारमा यस कथा तारिकाको केन्द्रियतामा सुरूवात भएको छ भने कथाभरी नै उसैको कार्य व्यापारबाट कथा पूरा भएको छ । ऊ मञ्चमै देखिएकी र उसलाई निकाल्दा कथानकको संरचना भत्किने भएकाले ऊ वद्ध पात्र हो । आसन्नताको आधारमा कथामा प्रत्यक्ष रूपमा उपस्थित भई संवाद र कार्य गरेको हुँदा तारिका मञ्चीय पात्र हो ।

## ४.१.३ म पात्र

यस कथाको मुख्य सहायक पात्रका रूपमा म पात्र देखा परेको छ । म पात्र अन्तमुर्खी चरित्रको छ । ऊ डेरा बस्ने क्रममा तारिकाको घरमा पुगेको छ र तारिकको हरेक दिन रातको व्यवहारलाई नियाली रहेको छ । म पात्रले तारिकाले सेता वस्त्र लगाई नसाको सुरमा गुनगुनाउँदै छतमा र तल कोठामा  गरिराखेको थाहा पाउँछ । पहिले त उसलाई किचकन्नी होकी भन्ने लाग्छ । झ्यालबाट ठम्याउन खोज्छ तर सक्दैन । उसले साथीहरूले भनेको सम्झिन्छ त्यो घरमा किचकन्नी आउँछ रे भन्ने तर उसले वास्तविकता पत्ता लगाउँछ । एक साँझ ऊ गर्मी महसूस गरी छतमा जान्छ । त्यहाँ उसले एक छेउमा बसी गिलासबाट केही पिइरहेको देख्छ । सेतो बस्त्रमा भएकोले उसले किचकन्नी सम्झिन्छ र फर्किन खोज्छ । यत्तिकैमा तारिकाले देख्छे र बोलाउँछे । त्यसपछि उसले तारिका भएको कुरा पत्ता लगाउँछ । तारिका म पात्रको नजिक हुन खोज्छे र उसको ढाडमा अंगालो मार्छे । यसबाट उसको होस उड्छ र तारिकालाई घचेटिदिन्छ र कोठामा जान्छ । उसलाई रातभर निन्द्रा लाग्दैन । यसैगरी केही दिन रात बितेपछि पनि ऊ कहिलेकाँही तारिका प्रति संवेदनशील हुन जान्छ र संवेदनशील भैकनपनि उसको सङ्गतले सामाजिक अपवाद हुने डरले तारिकाको घरको डेरा नै छोड्न पुगेको पीडा सम्झेर दुःखित हुन्छ । सबैले भन्ने गरेकै कुरा सझिन्छ । त्यो घरमा किचकन्नी आउँछ रे ।

### (क) परम्परागत आधारमा चरित्र चित्रण

म पात्रको चरित्रलाई विश्लेषण गर्दा सहरी क्षेत्र भएपनि एकान्त ठाउँ रहेको देखिन्छ । ऊ नेपाली समाजको पुरूषहरूको प्रतिनिधित्व गर्ने यथार्थ पात्र हो । आफ्ना मनका कुरा मनमानै खेलाउने अरूलाई व्यक्त नगर्ने अन्तमुर्खी पात्र हो । उसको जीवन भोगाई

जटिल रूपमा भोगेको छ भने आफूलाई कुनै-कुनै बेला परिवर्तन गरेकोले ऊ गोला पात्र हो । उसको चरित्रलाई जताततै उही रूपले ग्रहण गर्न सकिने भएकाले ऊ सार्वभौम पात्र हो भने उसको सोचाइ परम्परागत रहेको छ । त्यसैले उ परम्परित पात्र हो ।

**(ख) शैली वैज्ञानिक आधारमा चरित्रचित्रण**

शैली वैज्ञानिक चरित्र चित्रणका आधारमा म पात्रलाई विश्लेषण गर्दा 'म' पात्र लिङगका आधारमा पुरूष पात्र हो । कार्यका आधारमा म पात्रको भूमिका कथाको सुरूदेखि अन्त्यसम्म नै रहेकोले प्रमुख पुरूष पात्र हो । सामाजिक मूल्य, मान्यतामा अडिग रहेको आफ्नो चरित्र माथि कसैले प्रश्न गर्न नमिल्ने सचेत भएकाले गर्दा ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । कथाको प्रारम्भदेखि उसको व्यवहार आचरण र स्वभावमा परविर्तन आएको छ । त्यसैले ऊ गतिशील पात्र हो । सिंगो कथाभरी नै उसले आफ्ना अन्तरमनका कुराहरूलाई मात्र व्यक्त गरेको छ, खेलाईरहेको छ । त्यसैले जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र हो । संवाद मञ्चमै सम्पन्न भएकाले आसन्नताका आधारमा ऊ मञ्चीय पात्र र उसलाई कथाबाट निकाल्दा कथाको मूल संरचना नै भत्किने भएकोले ऊ वद्ध पात्र हो ।

### ४.१.४ गौण पात्रहरू

प्रस्तुत कथामा गौण पात्रका रूपमा तरिकाको छोरो र उसका बाबु आमा, अमात्य देखिन्छन् वर्णनमा मात्र आएका अदृश्य पात्रका रूपमा तरिकाको दाजुभाइ आएका छन् । यी पात्रहरू गतिहीन अवस्थामा देखिएका छन् । कथाबाट यी  पात्रहरूलाई निकाल्दा कथानकको संरचना नभत्किने हुनाले यी पात्रहरू गौण तथा मुक्त पात्रका रूपमा देखिएका छन् ।

## ४.२ फेरी उनको याद आएको छ कथाका पात्रहरूको अध्ययन

'यस कथाको म' पात्र आफ्नै पत्नी श्यामलासंग सुखद् दाम्पत्य जीवन बिताइरहेको छ । उसको डेरामा उसकै मित्र रबिलालको जोडी बास बस्न आएपछि 'म' पात्रको दाम्पत्य सम्वन्ध संकटमा पर्छ । श्यामलाले आफ्नो लोग्नेको गोप्य सम्बन्ध रबिलालकी श्रीमती खर्दानीसंग छ भन्ने शंङ्कागर्छे र रडाको मच्चिन्छ ।दाम्पत्य सम्बन्धमा भूकम्प आएपछि 'म

पात्रले आफ्नी पूर्व प्रेमिका स्वर्णिमालाइ सम्झन थाल्छ र बिर्सिएकी **प्रेमिकालाइ फेरी सम्झदा 'फेरि उनको याद आएको छ '** भन्ने शर्षक सार्थक बन्न जान्छ ।

## ४.२.१ म पात्र

यस कथाको मुख्य पात्र 'म' पात्र हो । आफ्नी प्रेमीकासँगको सम्बनधमा ऊ इमान्दार नै छ तापनि टाढाको बसाइले त्यो सम्बन्ध त्यसै विस्तारिएपछि उसले श्यामला नामकी महिलासँग विहे गरेर प्रेम गरेको छ । यसबाट उसलाई प्रेमको क्षतिपूर्ति सम्भव छ भन्ने अनुभव भएको छ । एक दिन उसका पुराना साथीहरु रबिलाल र उसकी श्रीमती डेरामा आईपुग्छन् र बास बस्छन भोलिपल्ट बिहान म पात्रले रबिलाललाई पनि संगै नुहाउन जानको लागि उनहिरु सुतेको कोठा घचेट्छ तर रबिलाल पलिनै नुहाउन गैसकेको हुन्छ उसकी श्रीमती सीरक ओडेर सुतिरहेकी हुन्छे यत्तिकैमा श्यामला आउछिन् आफ्नो श्रीमानको सम्बन्ध खर्दानीसंग रहेछ भन्ने संका गर्छिन् यसै कारणले सुमधुर सम्बन्धमा खटपट देखा पर्छ ।म पात्रको श्यामलासंगको संबन्ध पनि टाढिएको छ ।

### (क) परम्परागत आधारमा चरित्र चित्रण

म पात्रको चरित्रलाई विश्लेषण गर्दा उसले आफ्नी प्रेमिकालाई छोडेर पढ्नको लागि काठमाडौं गएको छ । यसरी प्रेममा परेका अन्य पुरूषहरूको प्रतिनिधित्व गरेको हुँदा म पात्र यथार्थ पात्र हो । आफ्ना मनका कुरा अरूलाई व्यक्त गर्न नसक्ने ऊ अन्तर्मुखी पात्र हो । उसको जीवन भोगाइ जटिल रूपमा भोगेर क्षणक्षणमा विशेषता परिवर्तन भएको म पात्र गोला पात्र हो । म पात्रले आफ्नो निश्चित वातावरणमा मात्र पहिचान बनाएकोले ऊ अत्यचारिक पात्र हो भने उसको सोचाइ परम्परागत रहेको छ त्यसैले उ परम्परित पात्र हो ।

### (ख) शैली वैज्ञानिक आधारमा चरित्रचित्रण

शैली वैज्ञानिक आधारमा म पात्रलाई विश्लेषण गर्दा 'म' पात्र लिङगका आधारमा स्वर्णीमाको प्रेमि र श्यामलासँग विवाह भएकोले ऊ पुरूष पात्र हो । कार्यका आधारमा म पात्रको भूमिका कथाको सुरूदेखि अन्त्यसम्म नै रहेकोले प्रमुख पुरूष पात्र हो । सामाजिक मूल्य, मान्यतामा अडिग रहेको छ । उसले प्रेमिका र श्रीमतीको सम्मान गरेको छ विरोध गरेको छैन त्यसैले ऊ प्रवृत्ति आधारमा अनुकूल पात्र हो । कथाको आरम्भदेखि उसको व्यवहार एउटै कुरामा घुमिरहेको छ । सामान्य परिवर्तन भएपनि कथाको पात्र परिवर्तन

देखिँदैन त्यसैले गतिहीन पात्र हो । सिंगो कथा नै उसले आफ्ना अन्तरमनका कुराहरूलाई खेलाईरहेको छ त्यसैले जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र  हो । कथानक अनुसार प्रत्यक्ष उपस्थित भएको संवाद र कार्य गर्ने म पात्र आसन्नताका आधारमा मञ्चीय पात्र हो भने उसलाई कथाबाट निकाल्दा कथामा क्षति पुग्छ त्सैले ऊ वद्ध पात्र हो ।

### ४.२.२ सहायक पात्रहरू

यस कथामा सहायक पात्रका रूपमा स्वर्णिमा, म पात्रकी श्रीमती श्यामला, खर्दार रविलाल र खर्दानी आएका छन् भने गौण पात्रका रूपमा स्वर्णीमाकी दिदीको भूमिका थोरै मात्र देखिएकोले गौण भूमिकामा रहेकी छिन् ।

## ४.३ बागी उम्मेदवार कथाको पात्रहरूको अध्ययन

विद्यार्थी राजनीतिमा लागेर बाह्र वर्ष जेल परेको 'म' पात्रकी प्रेमिका मेनकालाई 'म' पात्रकै अन्तरङ्ग मित्र राघवले प्रेम गरेर विवाहको निम्ता पत्र पठाएपछि 'म' पात्र विद्रोही बन्न पुगेको छ र पार्टीले बाह्र वर्ष जेलमा बस्ने आफूलाई चुनाव लड्ने टिकट नदिएर आफ्नै प्रेमिका लगिदिने राघवलाई टिकट दिएपछि त्यसै पार्टीको वागी त्यसै पार्टीको विरूद्धमा बागी उम्मेरवार बन्ने निर्णय 'म' पात्रले गरेको छ ।

### ४.३.१ म पात्र

'म' पात्र यस कथाको प्रमुख पात्र हो ऊ छटपटी र पीठाले भुत्भुतिन्छ  आफ्नो मनको वह अरुलाई सुनाउन खोज्छ । पुसको जाडोमा पनि उसले सीतल महसुस गर्न सक्दैन प्रजातन्त्र पूर्व क्याम्पसमा उसको विद्यार्थी राजनीतिमा उच्च प्रतिष्ठा रहेको हुन्छ र उसको समूहले चुनाव पनि जितेको हुन्छ । आफूलाई चुनावमा अभ्यक्ष पदमा उठाउने निश्चित हुंदाहुँदै पनि उसले प्रेमले आफ्नो अन्तरङ्ग र अत्यन्तै सहृदयी मित्र राघवलाई प्रस्तावित गरेको छ ।'म' पात्रकी प्रेमिका मेनकाले पनि यो कुरालाई समर्थन गर्छिन् र मेनका पनि कोषध्यक्षमा प्रस्तावित र समर्पित हुन्छिन् ।यो कुरालार्ई उसले आत्म गौरवको बिषयमा लिएको हुन्छ ।

अहिले उसलाई बाह्र बर्ष जेल जीवन बिताएको याद आएको छ तत्कालिन सरकारले पार्टी गतिविधिमा लागेको भनी गिरफ्तार गरी उसलाई जेलमा राखेको हुन्छ । तेही समयमा

आफ्नो अन्तरङ्ग मित्र राघवले आफ्नो प्रेमिका मेनकासंग प्रेम गरेर विवाहको निम्ता पत्र पठाएपछि 'म' पात्र विद्रोही बन्न पुगेको छ र पार्टीले पनि बाह्र बर्ष जेलमा बस्ने आफूलाई टिकट नदिएर आफ्नै प्रेमिका उडाईदिने राघवलाई टिकट दिएपछि त्यसै पार्टीको विरुद्धमा वागी उमेदवार बन्ने निर्णय म पात्रले गरेको छ ।

## (क) परम्परागत आधारमा चरित्रचित्रण

म पात्रको चरित्रलाई बिश्लेषण गर्दा उसले मेनकालाई प्रेम गरेको छ । यत्तिकैमा राजनीतिक कारणले जेल पर्छ । जेल परिसकेपछि उसको प्रेम विस्तारै टाढिन्छ यसरी अन्य युवाहरूको प्रतिनिधित्व गरेकोले यथार्थ पात्र हो । आफ्ना मनका कुरा अरूलाई व्यक्त गर्न नसक्नुले ऊ अन्तमुर्खी पात्र हो । जीवन भोगाई जटिल रूपमा भोगेर क्षणक्षणमा विशेषता परिवर्तन भएको म पात्र गोला पात्र हो । म पात्रले निश्चित वातारणमा आफ्नो प्रभाव देखाएकोले आन्चलिक पात्र हो । उसले आफ्नो मनको कुरालाई व्यक्त गर्न नसकेर परम्परा अनुसार चलिआएकोले ऊ परम्परित पात्र हो ।

## (ख) शैली वैज्ञानिक आधारमा चरित्र चित्रण

शैली वैज्ञानिक चरित्र चित्रणका आधारमा म पात्रलाई विश्लेषण गर्दा 'म' पात्र लिङ्गका आधारमा मेनकालाई प्रेम गरेकोले ऊ पुरूष पात्र हो कार्यका आधारमा म पात्रको भूमिका कथाको सुरूदेखि कथाको अन्त्यसम्म नै रहेकोले प्रमुख पात्र हो । प्रवृत्तिका आधारमा उसले सुरूमा सबैको पक्षमा काम गरेपनि कथाको अन्त्यमा विपक्षमा देखिएको छ त्यसैले ऊ प्रतिकूल पात्र हो । म पात्रमा परिस्थिति अनुसार स्वभावमा परिवर्तन आएको छ । उसले चुनावको बेला आफ्नो साथीको लागि समय दिएको छ त्यसपछि जेल जीवन बिताएको छ । त्यहाँपनि आफ्नो भूमिका निभाएको छ । जेलबाट छुटेपछि पनि परिस्थिति र समयअनुसार आफ्नो हाउभाउ देखाइएकोले ऊ स्वभावको आधारमा गतिशील पात्र हो । जीवन चेतनाका आधारमा 'म' पात्रले अन्य युवा अवस्थाका व्यक्तिहरूलाई पनि समेटेकोले ऊ वर्गीय पात्र हो । कथानक अनुसार प्रत्यक्ष उपस्थिति भई संवाद र कार्य मञ्चमै गर्ने भएकोले ऊ मञ्चीय पात्र हो । उसलाई कथाबाट निकाल्दा कथाको मूल संरचना नै भत्किने भएकोले आबद्धताका आधारमा ऊ बद्ध पात्र हो ।

### ४.३.२ सहायक पात्रहरू

मुख्य पात्रलाई ठाउँठाउँमा सघाउन आएका पात्रहरू सहायक पात्र हुन । यिनीहरू बद्ध रूपमा आएका हुन्छन् । कथामा धेरै भूमिका नभएपनि थोरै ठाउँमा पनि मञ्चीय रूपमा देखा पर्दछन् । यस कथामा सहायक पात्रका रूपमा राधव र मेनका आएका छन् । यिनीहरू अवसरवादी पात्रहरूका रूपमा कथामा देखा परेका छन् ।

### ४.३.३ गौण पात्रका रूपमा

प्रस्तुत कथामा गौण पात्रका रूपमा बूढो, सुरक्षाकर्मी हुलाकी यिनी पात्रहरूको भूमिका सामान्य रूपमा देखिएको छ । यी पात्रहरू गतिहीन अवस्थामा देखा परेका छन् । कथाबाट यी पात्रहरूलाई निकाल्दा कथानकको संरचना नभत्किने हुनाले यी पात्रहरू गौण तथा मुक्त पात्रका रूपमा देखिएका छन् ।

## ४.४ कान्छा फर्केन कथाको पात्रहरूको अध्ययन

कान्छा फर्केन कथामा नायिका उर्वशीले 'म' पात्रकै रूपमा कथा वर्णन गरेकी छ । यो यौन मनोवैज्ञानिक कथा हो । आफ्नो प्रेमी मनोहरलाई रातिमा पर्खिरहेकी उर्वशीको छेउमा मनोहर आउँछ । तर त्यो पात्र चिसो प्रकृतिको छ र उर्वशीभित्र यौनको ज्वाला भट्किएको छ र त्यसलाई आफ्नै बाबु आमाको कोठाको पर्दामा देखिने युगल छायाले अझै भट्काएको छ । भोलिको भाका राखेर प्रेमी मनोहर फर्किएपछि उर्वशी काम गर्ने कान्छा बस्ने भान्छा घरमा पुग्छे र कान्छासँग अँगालो हाल्छे । यस दुर्घटनाको डरले भकानिएको कान्छो बिहान उज्यालो नहुँदै भाग्छ र फर्कँदैन ।

### ४.४.१ उर्वशी

प्रस्तुत कथामा प्रमुख पात्रका रूपमा उर्वशी देखिएकी छ । ऊ सामाजिक बन्धनमा बाँधिएकी कुलीन तर यौन आवेगले पीडित पात्र हो । आफ्नो प्रेमी मनोहरलाई रातिमा पर्खिरहन्छे तर मनोहर ग्वाङ्ग्रो लाटो मनोहर चिसो प्रकृतिको हुन्छ । उर्वशी भित्र यौनको ज्वाला दन्किन्छ । यत्तिकैमा उसले अझै उसको मन भड्काएको छ । ऊ अत्तासिएकी छ । उसले किन विहे नगर्ने निर्णय गरी उसलाई थाहा छैन । त्यसको औचित्य कति छ भन्ने कुरा पनि थाहा छैन । उसले मनोहरलाई पर्खिराखेकी छे । मनोहर चिसो प्रकृतिको भएकोले

उसलाई लाटो ग्वाङ्ग्रो जस्तो लाग्छ । म पात्र आफूपनि प्रेममा भावुक र इमान्दार नभएको अनुभव गर्छे ।

के हुनुपर्छ वा भैरहेको छ । उसभित्र द्वन्द्व भएको छ घरीघरी प्यास लाग्ने र शरीर तात्ने भएको छ तर उसलाई आफू कुलीन कन्या भएको याद आउँछ । उर्वशीले मनोहरलाई बगैंचामा पर्खिन्छे । जुनको प्रकाश रूखहरूबाट छिरेर बनेका आकृतिहरू डरलाग्दा आकृतिहरू पनि खप्न बाध्य छ । मनोहरको प्रतीक्षा नै उसको लागि हतियार बनेको छ । ऊ तर्सी तर्सी सबै कुरा खप्छे । सतर्क हुन्छे । यसै बीच एउटा मानवाकृति बगैंचाको दक्षिण कुनामा देख्छे उसको मुटु फुल्छ राम्रोसँग ठम्याउँछे । मनोहर रहेको थाहा पाउँछे अनि दुवै जना रूखको छायाँमा बस्छन् । मनोहरको व्यक्तित्व र रूपदेखि मोहित हुन्छे । मनोहरले आमा बिरामी भएको कुरा गरी भोलि भेट्ने कुरा गर्छ । उर्वशीले छोड्न सक्दिन यत्तिकैमा आमा बिरामी भएको अड्को थापी मनोहर विदा हुन्छ । मनोहरको चिसो प्रवृत्ति देखेर ऊ ठूलो श्वास फेर्दै काम गर्ने कान्छा बस्ने भान्छा घरतिर पुग्छे र कान्छालाई दाम्लो वा कुनै डोरी बाटिरहेको देख्छे अनि ऊ कोठामा पुग्छे र खाटमा पल्टिन्छे आफ्नो सिरानीमा चक्कू राख्छे । यति भएपछि डर लाग्दैन यो मुसार्नु उसको आदत हो । चक्कूसँग पनि आध्यात्मिक प्रेम छ तर त्यसले पनि उसलाई शान्त गराउन सक्दैन । ऊ आगोको कोइला झैँ, हुन्छे औडाहाले छटपटाउँछे ।

ऊ उठ्छे र भान्छा घरमा पस्छे कान्छा डोरीलाई छेउमा फाल्छ र उठ्छ । उर्वशीले बत्ती निभाइदिन्छे । कान्छाको शरीर काँप्छ, उसका हातहरू उर्वशीले आफ्नो काँधमा हालिदिन्छे । उसको व्यवहारले कान्छा अवाक् हुन्छ र भोलिपल्ट त्यहाँ देखिँदैन । खाना खाने बेलामा पनि कान्छो देखिँदैन । उर्वशी आफ्नो अपराध बोधले गलित हुन्छे , भगवानलाई पुकार्छे, तर कान्छा फर्कदैन ।

**(क) परम्परागत आधारमा चरित्र चित्रण**

परम्परागत चरित्र चित्रणका आधारमा उर्वशीको चरित्रलाई हेर्दा तत्कालीन समाजका नारीहरूको वास्तविकतालाई कथाकारले उर्वशीको चरित्रबाट प्रस्तुत गरिएकाले ऊ यथार्थ पात्र हो । उर्वशीले आफ्नो विवाह नगर्ने निर्णय गरेको र आफ्नो प्रेमीसँग आफ्नो मनको कुरा व्यक्त गरेकोले ऊ बहिर्मुखी पात्र हो । उर्वशीको चरित्रलाई सजिलैसँग बुझ्न सकिने भएकोले ऊ च्याप्टा पात्र हो । उर्वशीको चरित्रलाई निश्चित वातावरणमा आफ्नो प्रभाव देखाएकोले

आञ्चलिक पात्र हो । त्यसैगरी नारी अवस्थाको यथार्थलाई प्रष्ट पार्न कथाकारले उर्वशीको चरित्रलाई प्रस्तुत गरेकोले ऊ मौलिक पात्र हो ।

**(ख) आधुनिक शैली वैज्ञानिक आधारमा**

आधुनिक शैली वैज्ञानिक आधारमा पात्रहरूको चरित्रचित्रणका आधारमा उर्वशीको चरित्रलाई विश्लेषण गर्दा लिङ्गका आधारमा ऊ स्त्रीलिङ्ग पात्र हो । त्यसै गरी कथाको प्रारम्भदेखि अन्त्यसम्म कथामा उर्वशीकै केन्द्रीयता रहेकाले ऊ कथाकी प्रमुख पात्र हो । प्रवृत्तिका आधारमा हेर्दा उसले आफ्नो प्रेमीबाट आफ्नो इच्छा ढिलो पूर हुने कुरा थाहा पाएपछि हतारिएर आफ्नो यौनतिर्खा काम गर्ने कान्छा सित पूरा गर्न खोजेकोले ऊ प्रतिकूल पात्र हो । स्वभावका आधारमा उसले आवेगमा आफ्नो इच्छा पूरा गर्ने र पछि पश्चाताप गरेकोले ऊ गतिशील पात्र हो । जीवनचेतनाका आधारमा उसले आफ्नो मात्र जीवनको प्रतिनिधित्वमा जोड दिएकोले ऊ व्यक्तिगत पात्र हो । आसन्नताका आधारमा ऊ मञ्चीय पात्र हो भने आबद्धताका आधारमा उसलाई कथाबाट निकाल्दा कथाको मूल संरचना नै भत्किने भएकाले ऊ वद्ध पात्र हो ।

## ४.४.२ सहायक पात्र

उर्वशीको प्रेमीको रूपमा देखा परेको मनोहरमा यस कथाको सहायक पात्र हो । उर्वशीको तीब्र यौन चाहना पूरा गर्न सकेको छैन भने उसमा चिसोपना रहेको छ । कथाको कथानक मनोहरमै घुमिरहेको छ । प्रमुख पात्र उर्वशीले कुनै ठाउँमा प्रसंशा र कुनै ठाउँमा ग्वाङ्रो वा लाटो भनेकी छ । मनोहरबाट आफ्नो यौनप्यास मेटाउन नसकेकी उर्वशीले अन्त्यमा काम गर्ने भान्छाघरमा बस्ने कान्छाबाट मेटाउँछे । त्यसैले सहायक पात्रका रूपमा मनोहर र कान्छा रहेका छन् । यिनीहरू मञ्चीय र बद्ध पात्र रहेका छन् ।

## ४.४.३ गौण पात्रहरू

प्रस्तुत कथामा गौण चरित्रका रूपमा देखिएका पात्रहरूमध्ये उर्वशीका बाबा र आमा मात्र मुक्त रूपमा रहेका छन् ।

## ४.५ गाउँमा कथाका पात्रहरूको अध्ययन

बीस बर्षे विधवा भाउजूले त्यस घरका अन्य सदस्यहरु देवर र ससूरालाई माया गरेर बसेकी छन् । उनको देवरसँगको सम्वन्ध औपचारिक रुपमा ठीकठाकै भए तापनि मनोवैज्ञानिक रुपमा प्रेमपूर्ण अनुरागले भरिएको छ । देवरको बिहे गर्नका निमति ससुरा अर्को गाउँ पुगेका छन् र बिहेको कुरा छिनेर फर्कन सक्छन् भन्ने कुराले भाउजू उद्वेलित भएकी छन् । देवरको बिहे गर्नु राम्रो र खुसीको कुरा हो भन्ने उनको बुद्विलाई थाहा छ तर मनले मान्दैन । त्यसैले ससुराले फर्कैर बिहे छिनेको खबर दिएपछि उनी अज्ञात गन्तव्यतिर निस्कन्छिन् ।

### ४.५.१ भाउजू

भाउजू यस कथाकी मुख्य पात्र हुन् उनी सोह्र बर्षको उमेरमै विदवा भएकी छन् श्रीमानको मृतुपछि देवरको मुख हेरेर देवर र ससुरालाई माया गरेर बसेकी छन् देवरसँगको सम्बन्ध औपचारिक रुपमा राम्रो छ तर मनोवैज्ञानिक रुपमा प्रेमपूर्ण अनूरागले भरिएको छ । घाँस,दाउरा ,मेलापात गर्दा देवरसंगै गर्छन् । श्रीमान् परलोक भयपछि उनी देवरकै मुख हेरेर उनकै प्रेममा बाँचेकी छन् ।एकदिन देवरको बिहेको कुरा चल्छ उनलाई कताकता खुसी पनि लाग्छ त्यो भन्दा धेरै दु :ख लाग्छ । उनको मन भारी हुन्छ ।शरीरले राम्रोसंग काम गर्दैन । देवरको बिबाहको लागि ससुरा पल्लो गाउँ जान्छन् ,उनको सामाजिक परिपाटीमा उनले देवरसंग बिबाह गर्न सक्ने सम्भावना पनि छैन ।यो थाहा हुँदाहुदै पनि देवरले अर्की केटी बिहे गरेर गरेर त्यो घरमा बसेको देख्न सक्ने स्थितिना उनी छैनन् त्यसैले ससुराले फर्केर बिहेछिनेको खवर दिएपछि उनी अज्ञात गन्तव्यतिर निस्कन्छिन्

#### (क) परम्परागत आधारमा चरित्र चित्रण

परम्परागत चरित्र चित्रणका आधारमा भाउजूको चरित्रलाई हेर्दा ग्रामीण समाजका विधवा युवतीहरूको वास्तविक यथार्थलाई प्रष्ट बनाएकाले ऊ यथार्थ पात्र हो । आफ्ना अन्तरमनमा लागेका कुराहरूलाई खुलस्त भन्न नसक्ने भाउजू अन्तमूर्खी चरित्र भएकी पात्रका रूपमा देखिएकी छन् । त्यसैगरी जीवनलाई जटिल रूपमा भोगेर क्षणक्षणमा विशेषता परिवर्तन गर्ने भाउजू गोला पात्र हुन् । भाउजूको चरित्रलाई निश्चित वातावरणमा

आफ्नो प्रभाव देखाएकोले आञ्चलिक पात्र हो । त्यसैगरी नारी अवस्थाको यथार्थलाई प्रष्ट पार्न कथाकारले भाउजूको चरित्रलाई प्रस्तुत  गरेकोले भाउजू मौलिक पात्र हुन् ।

**(ख) आधुनिक शैली वैज्ञानिक आधारमा चरित्र चित्रण**

आधुनिक शैली वैज्ञानिक चरित्र चित्रणका आधारमा भाउजूको चरित्रलाई विश्लेषण गर्दा उनी विधवा भनिएकोले लिङ्गका आधारमा उनी स्त्री  लिङ्ग हुन् । त्यसैगरी कथाको प्रारम्भ देखि अन्त्यसम्म कथामा भाउजूकै केन्द्रीयता रहेकोले उनी कथाकी प्रमुख पात्र हुन् । प्रवृत्तिका आधारमा हेर्दा भाउजू अनुकूल र प्रतिकूल दुवै रूपमा देखिएकी छन् । सुरू सुरूमा देवर र ससुरालाई मायाँ गरेकी छिन् तर देवरको विवाहको कुरा चलेपछि उनी प्रतिकूल पात्रका रूपमा देखिएकी छन् । स्वभावका आधारमा हेर्दा ग्रामीण समाजका सबै उमेरमा विधवा हुन पुगेका युवतीहरूको प्रतिनिधित्व गरेकीले उनी वर्गीय पात्र हुन् । भाउजूको कार्यव्यापार र संवाद मञ्चमै देखिएकाले मञ्चीय र भाउजूलाई निकाल्दा कथाको संरचना पुरै भत्किने भएकाले उनीबद्ध पात्र हुन् ।

## ४.५.२ देवर

प्रस्तुत कथामा कथाको सुरूदेखि अन्त्यसम्म भाउजूको सहयोगीको रूपमा उपस्थित भएको छ । गाउँमा गाईवस्तुलाई झाँप्रो काट्नको लागि होस् या बेर्ना बार्न गोठमा गोवर सोहोर्न आलु सब्जी लगाउन सबै काममा उत्तिकै रूपमा अग्रसर रहने ऊ कथाको सहायक पात्र हो आफ्नी एक मात्र विधवा भाउजू खाउँ खाउँ र लाउँ लाउँ भन्ने सोह्र वर्षीय उमेरमा विधवा भएकी छन् । उनलाई साथ दिने दाजूको स्वर्गवास भएपछि देवरले आफूले सहयोग गरी दाजूको यादलाई विर्साउने प्रयास गरेको छ । भाउजू बिरामी हुँदा पनि साह्रै पीर मानेको छ । भाउजूलाई पूर्णरूपमा आफूले भरोसा दिलाएको छ र कथाको अन्त्यतिर उसको विवाहको टुङ्गो लागेको छ तर भाउजूले आफ्नो विवाहको कुरा चल्दा खुसी सँगसँगै धेरै पीडाबोध गरेको थाहा पाएको छैन । त्यही कारणले भाउजूले घर छोड्छे । कथामा कथावस्तु थोरै भएपनि मञ्चमै उपस्थित भएकोले देवर सहायक पात्र हो ।

**(क) परम्परागत आधारमा चरित्र चित्रण**

गाउँले परिवेशमा तयार गरिएको कथाको सहायक पात्र देवरले समाजको वास्तविक परिस्थितिलाई प्रतिनिधित्व गरेको छ त्यसैले ऊ यथार्थ पात्र हो । उसले कुनै पनि ठाउँमा

आफ्नो व्यवहारमा परिवर्तन गरेको छैन । त्यसैले ऊ च्याप्टा पात्र हो । आफ्नो मनका कुरालाई नगुम्साउने ऊ बहिमुर्खी स्वभावको पात्र हो । उसको क्रियाकलापलाई जताजतै उही रूपमा ग्रहण गर्न सकिने भएकोले ऊ सार्वभौम पात्र हो । समाजमा रहेका विधुवा युवतीहरूको सहयोग गर्ने देवर परम्परित पात्र हो ।

**(ख) आधुनिक शैली वैज्ञानिक आधारमा चरित्र चित्रण**

आधुनिक शैली वैज्ञानिक चरित्र चित्रणका आधारमा विश्लेषण गर्दा देवर भनिएकोले लिङ्गका आधारमा ऊ पुलिङ्ग हो । त्यसैगरी कथाको कथानकमा सुरूदेखि अन्त्यसम्म मुख्य पात्रको चरित्रको उद्घाटनदेखि अन्त्यसम्मै भूमिका खेल्न सहयोग गरेकोले कार्यका आधारमा सहायक पात्र हो । समाजमा रहेका विधवाहरूलाई सम्मान र सहयोग गर्ने देवर स्वभावका आधारमा अनुकूल पात्र हो । उसको स्वभाव परिवर्तन नभएकोले ऊ गतिहिन पात्र हो । समाजका यस्ता विधवा महिलाहरूलाई सहयोग गर्नुपर्छ भन्ने भावना व्यक्त गर्ने देवर वर्गीय पात्र हो । मञ्चमा नै उपस्थित भएर कार्यव्यापार र संवाद प्रस्तुत गरेकाले कथाबाट बाहिर निकाल्दा कथाको मूल कथानक नै भङ्ग हुने भएकाले ऊ आबद्धताका आधारमा बद्ध पात्र हो ।

## ४.५.३ ससुरा

प्रस्तुत कथाका सहायक भूमिकामा ससूरा पनि रहेका छन् उनी आफ्नो छोराको लागि केटी खोज्न कुटे लौरो टेकेर पल्लो गाउँतिर जान्छन् । पाँच/५ दिन पछि विहे पक्का गरेर आउँछन् र घरमा अझै यतिबेलासम्म पनि सेउला लिन गएका छैनौ, दाउरा काट्न पनि गएनौ भन्दा भाउजूको मनमा नरमाइलो लाग्छ । उनले छोरासँग विहेको कुरा पक्का भयो भन्छन् । सबै चाहिने सामान भाउजुलाई नै सोध भन्दै विवाहको तयारीमा लागेकाले उनी बद्ध पात्रका रूपमा र कथामा सहायक भूमिकामा देखिएका छन् ।

## ४.५.४ गौण पात्र

प्रस्तुत कथामा गौण पात्रका रूपमा विधवा भाउजूको श्रीमान रहेका छन् । उनको प्रसङ्ग थोरै मात्रामा भएको छ । सबैलाई माया गर्ने स्वभावका थिए । माघ महिनामा आहालेको भीरमा घाँस काट्न गएका बेला त्यहाँबाट लडेर उनी स्वर्ग भएका थिए । भाउजू

भर्खर सोह्र वर्षकी थिइन । यसरी उनको भूमिका खासै नभएपनि यस कथाकी केन्द्रीय पात्र भाउजू विधवा हुनुको कारणले उनी गौण तर वद्ध पात्रका रूपमा देखिएका छन् ।

## ४.६ मोहभङ्ग कथाका पात्रहरूको अध्ययन

प्रेमिकासंग विवाह सम्भव नभएपछि सुमित्रासँग विवाह गरेर 'ऊ' पात्रले कुनै गोप्य कुरो नरहुन भनेर आफ्नी पत्नीसँग आफ्नो पूर्व प्रेमको यथार्थ खुलस्त भन्छ र आफ्नी पत्नी सुमित्राका पनि प्रेमका कुरा छन् की भनेर सोध्छ ,तर शिक्षित पुरुषहरुले जतीसुकै समानताका उदार कुरा गरे पनि व्यवहारना परिआउँदा आफूले गरेजस्तो व्यवहार आफ्नी पत्नीले गरेमा सहन सक्दैनन् भन्ने कुराको माध्यमबाट पुरुष मानसिकताको चित्रण गरिएको छ ।

### ४.६.१ ऊ पात्र

प्रस्तुत कथामा प्रमुख पात्रका रूपमा देखिएको ऊ पात्र प्रेमिकासँग विवाह गर्न सम्भव नभएपछि उसले प्रेमिकाको घरमा पनि कुरा गर्छ तर प्रेमिकाका बाबुआमाले मित्रता गाँस्नको लागि अनुरोध गर्छन । विवाह अन्तै गर्न निर्णय भएको छ भन्छन् ।बिभिन्न तरिकाले प्रयास गरिरहन्छ तर प्रेमिका सँग विवाह सम्भब नभएपछि ऊ खराब बाटोमा लाग्छ । त्यसको दुई तीन बर्षपछि फेरी उसको विवाह सुमित्रासँग  हुन्छ विवाहकै दिन उसले आफ्नो पूर्व प्रेमको यथार्थ खुलस्थ भन्छ महिला र पुरुषको निम्ति समान वकालत गर्ने उसले सुमित्राको पनि त्यस्तो कुनै प्रेम कथा छ कि भनेर सोध्छ ।दुलहीले पनि जव आफ्नो पूर्व प्रेम कथा सुनाउन थाल्छे उसको स्वतन्त्रता ,सम्बन्धी धारणा गायव हुन्छ उसले सुन्न सक्दैन बिस्तारै सुमित्राको वास्ता गर्दैन पेटभित्रको बच्चाको पनि गर्भपात गराउने भन्छ । अस्तव्यस्त जिन्दगी जिउदा जिउदै 'ऊ' विदेशिन्छ र चौध वर्षसम्म पनि घर फर्कदैन ।

**(क) परम्परागत आधारमा चरित्र चित्रण**

परम्परागत चरित्रचित्रणका आधारमा ऊ पात्र सहरी रहनसहनमा, भेषभूषामा जीवन व्यतित गर्ने सम्पूर्ण यूवाहरूको वास्तविक यथार्थलाई प्रष्ट बनाएकाले ऊ यथार्थ पात्र हो । आफ्ना मनमा लागेका कुराहरूलाई श्रीमतीसँग व्यक्त गरेकोले ऊ बहिर्मुखी पात्र हो । त्यसै गरी जीवनलाई जटिलरूपमा भोगेर क्षणक्षणमा विशेषता परिर्वतन गर्ने ऊ पात्र गोला पात्र

हो । उसको क्रियाकलापलाई जतातत‌ै उही रूपमा ग्रहण गर्न सकिने भएकोले ऊ सार्वभौम पात्र हो । समाजमा रहेका वा सहरी क्षेत्रमा रहेका अन्य युवाहरूको प्रतिनिधित्व गर्ने परम्परा अनुसार चलिआएको परम्परित पात्र हो ।

**(ख) आधुनिक शैली वैज्ञानिक आधारमा चरित्र चित्रण**

आधुनिक शैली वैज्ञानिक चरित्रचित्रणका आधारमा ऊ पात्रलाई विश्लेषण गर्दा लिङ्गका आधारमा पुलिङ्ग पात्र हो । कथामा उसको मानसिकतालाई चित्रण गरिएको हुँदा सम्पूर्ण कथाको सुरूदेखि अन्त्यसम्म उसकै केन्द्रीयतामा कथाको कथानक निर्माण भएकाले कार्यका आधारमा प्रमुख पात्र भएर देखा परेको छ । आफूले मन पराएको प्रेमीका नपाउँदा सामानहरूको हिनाबिना गर्ने र श्रीमतीसँग पनि सकारात्मक रूपमा प्रस्तुत नहुने ऊ प्रतिकूल पात्र हो । रिसको झोकमा खराब काम गर्ने सही र गलत छुट्याउन नसक्ने गतिशील पात्र हो । उसको कार्य र संवाद मञ्चमै सम्पन्न भएकाले आसन्नताका आधारमा ऊ मञ्चीय र उसलाई कथाबाट निकाल्दा कथाको मूल संरचना नै भत्किने भएकाले ऊ बद्ध पात्र हो ।

## ४.६.२ सुमित्रा

सुमित्रा कथामा सहायक पात्रका रूपमा देखिएकी छन् । उनी ऊ पात्रकी श्रीमती हुन् । उनी शान्त स्वभावकी र सुमधुर स्वरकी छन् ऊ पात्रले आफ्ना गोप्य कुरा नरहुन भनेर आफ्नो पूर्वप्रेमको कथा सुनाउँछ र महिला पुरूषको निम्ति समान स्वतन्त्रताको कुरा गर्छ  सुमित्राको पनि त्यस्तो कुनै प्रेमकथा छकि भनेर सोध्छ । दुलहीले अब आफ्नो प्रेमकथा सुनाउँन थाल्छिन् तर श्रीमान्को साथ पाउँदिनन् । आँखामा आँशु लिएर सुमित्राले जीवन बिताउँछिन् । सुमित्राको भूमिका कथाको बीचबाट सुरू हुन्छ र अन्त्यसम्म रहेकोले उनी कथाकी सहायक पात्र हुन् । उनले श्रीमान्ले जे गरेपछि चुपचाप सहनुमै बुद्धिमानी सम्झन्छिन् ।

**(क) परम्परागत आधारमा चरित्र चित्रण**

परम्परागत चरित्र चित्रणका आधारमा हेर्दा सुमित्रा नेपाली समाजकी सत् नारी चरित्रका रूपमा उपस्थित भएकी छिन् । त्यसैले उनी यथार्थ पात्र हुन् । आफ्ना कुरा स्पष्टसँग बाहिर ननिकाल्ने सुमित्रा अन्तर्मुखी पात्र हुन् । उनको जीवन भोगाई जटिल

भएकोले उनी गोला पात्र हुन् । उनको चरित्रलाई एकै नासले लिन सकिने श्रीमान्को चेपुवामा वस्तुपर्ने भएकाले सार्वभौम र उनको सोचाइ परम्परागत रहेकाले परम्परित पात्र हुन् ।

**(ख) आधुनिक शैली वैज्ञानिक आधारमा चरित्र चित्रण**

आधुनिक शैली वैज्ञानिक चरित्रचित्रणका आधारमा हेर्दा लिङ्गका आधारमा स्त्री, कार्यका आधारमा सहायक, प्रवृत्तिका आधारमा अनुकूल रहेकी छन् । स्वभावमा केही परिवर्तन नपरेकाले उनी स्वभावका आधारमा गतिहीन पात्र हुन् । जीवनचेतनाका आधारमा समाजका अन्य चेपुवामा परेका नारीहरूको प्रतिनिधित्व गरेकाले उनी वर्गीय पात्र हुन् । सुमित्राले मञ्चमै कार्यव्यापार देखाएकाले उनी मञ्चीय पात्र हुन् सुमित्रालाई कथावट निकाल्दा कथाको मूल संरचना भत्किने हुँदा उनी वद्ध पात्र हुन् ।

## ४.६.३ सहायक पात्र (प्रेमिका)

प्रेमिका यस कथाकी सहायक पात्र हो । उसले आफ्नो विवाह अन्यत्र हुने निधो हुँदा पनि ऊ पात्रलाई अत्मलाएकी छ । प्रतिकूल पात्रका रूपमा छ । यसको भूमिका कथाको सुरूमा रहेको छ । आबद्धताका आधारमा बद्ध रूपमै रहेकी छ । केटाहरूलाई आफ्नो जालमा पारेर मानसिक तनाव दिने, एकोहोरो बनाउने काम गरेकी छ यस कथामा असत् पात्रका रूपमा देखिएकी छ ।

## ४.६.४ गौण पात्रहरू

प्रस्तुत कथामा गौण चरित्रका रूपमा देखिएका पात्रहरू मध्ये प्रेमिकाका बाबुआमा, ऊ पात्रको साथी शंकरमान गौण पात्र हुन् । बाबुआमाले छोरीको विवाह अन्तै हुनलागेको बताउँछन् । मित्रता गाँस्न अनुरोध गर्छन् । उनीहरू गौण भएपनि वद्ध पात्र हुन् । त्यस्तै शंकरले ऊ  पात्रले गरेको व्यवहार देखि दिक्क भएर तपाईं भाउजूलाई किन यस्तो व्यवहार गर्नुहुन्छ भन्छ । भाउजूले केही नभन्दा पनि नराम्रो व्यवहार गर्नुहुन्छ भन्छ । यसरी ऊ पनि मूल कथानकसँग जोडिएर आएको छ । त्यसैले ऊ पनि वद्ध पात्र हो ।

## ४.७ अनावरण कथाका पात्रहरूको अध्ययन

आफ्नो लोग्नेबाट तँ थिभमे डाँकासँग सुतेकै होस् भन्ने झुठो लाञ्छना लागेपछि शिक्षिका सुस्मिताको मनोविज्ञानमा अनौठो हलचल पैदा भएको छ । भीमसेनसँग कुनै सम्बन्ध नभएकी सुस्मिताको मन लोग्नेको लाञ्छनापछि झन-झन भीमसेनसँग तानिएर गएको छ । । भीमसेनलाई भेट्दा अप्रत्यक्ष रूपमा यौन आमन्त्रण गरेकी सुस्मिताले ऊ उपलब्ध नहुँदा सपनामै स्खलित भएकी छ । सपना विपना जस्तो विपना सपना जस्तो भनेर सुस्मिताले मान्छेको वास्तविक चरित्र उनको मानसिकता प्रतिविम्बित हुने कुरा प्रष्ट पारेकी छ । सामाजिक आवरण हटाएर मात्र मानिसको पशुत्व देखन सकिन्छ र त्यही पशुत्व नै मान्छेको प्राकृतिक चरित्र हो भन्ने सुस्मिताको मान्यता कथामा व्यक्त छ ।

### ४.७.१ (म पात्र) सुस्मिता

प्रस्तुत कथामा प्रमुख पात्रका रूपमा देखिएकी सुस्मिता अनावरण कथाकी मुख्य पात्र हुन् । उनी नैतिक शिक्षा पढाउने शिक्षिका हुन् । मर्यादित शिष्ट र संयमी छन् । उनी समाजकी एक उदाहरणीय छोरी हुन् । सबैले उनको उदाहरण दिएर आफ्ना छोरीहरू पनि सुस्मिता मिस जस्तै हुन् भन्ने चाहना राख्छन् । यति सज्जन हुँदाहुँदै पनि आफ्नो लोग्नेबाट तँ भीमे डाँकासँग सुतेकै होस् भन्ने झुठो लाञ्छना लागेपछि शिक्षिका सुस्मिताको मनोविज्ञानमा अनौठो हलचल पैदा हुन्छ । भीमसेनसँग कुनै सम्बन्ध नभएकी सुस्मिताको मन लोग्नेको लाञ्छनापछि झन-झन भीमसेनसँग तानिएर गएको छ । भीमसेनलाई भेट्दा अप्रत्यक्ष रूपमा यौन आमन्त्रण गरेकी सुस्मिताले ऊ उपलब्ध नहुँदा सपनामै स्खलित भएकी छन् । उनीभित्र अझै अतृप्तिजन्य अस्थिरताहरू क्रियाशील छन् । प्रकृति सदा क्रियाशील छ । वैशाख महिना मधेशमा गर्मी बढी नै छ । उनको मनमा आगोको ज्वाला दन्किरहेछ । उनले मनमनै सोच्छिन् मानिस रातमा एकचोटी पानीको आहालमा पनि निदाउँछ तर म त आगोमै निदाउँछ ।

उनी भैरहवा जान बुटवल चौराहामा गाडी कुर्दै गर्दा भीमसेनसँग भेट हुन्छ । उनले यही मौकामा आफ्नो लोग्नेले लगाएको कुरा सुनाउँछिन् । आफूजस्तो समाज प्रशंसित शिक्षिका माथि आफ्नो लोग्नेले लगाएको घृणास्पद आक्षेप सुनाउन उसलाई गाह्रो पर्दैन । भएको कुरा भए बरू मान्छेलाई पीर लाग्दैन तर झूटो आरोपले रात दिन पिरोलिरहन्छ ।

त्यसैले सपना विपना जस्तो विपना सपना जस्तो भनेर सुस्मिताले मान्छेको वास्तविक चरित्र उनको मानसिकता प्रतिविम्बित हुने कुरा प्रष्ट पारेकी छन् । सामाजिक आवरण हटाएर मात्र मानिसको पशुत्व देख्न सकिन्छ र त्यही पशुत्व नै मान्छेको प्राकृतिक चरित्र हो भन्ने सुस्मिताको मान्यता कथामा व्यक्त छ ।

**(क) परम्परागत आधारमा चरित्र चित्रण**

परम्परागत चरित्र चित्रणका आधारमा सुस्मिताको चरित्रलाई हेर्दा उनी आदर्श नारी पात्र हुन् । सुस्मिता उच्चस्तरको सोच राख्ने भएपनि आफ्नो लोग्नेले भनेको कुरालाई उनले प्रतिकार नगरी फेरी भीमसेनतर्फ आकर्षित भएकी छन् । त्यसैले उनी अन्तमुर्खी स्वभावकी पात्र हुन् । सुस्मिताको चरित्रलाई सजिलैसँग बुझ्न सकिँदैन । उनी आफ्नो लोग्नेबाट तँ भीमे डाँकासँग सुतेकै होस् भन्ने झुठो लाञ्छना लागेपछि सुस्मिताको मनोविज्ञानमा अनौठो हलचल पैदा भएको र लोग्नेको लाञ्छनापछि उनको मन भीमसेनसँग तानिएको छ त्यसैले उनको चरित्रलाई सबैतिर एकै रूपले ग्रहण गर्न नसकिने हुँदा आञ्चलिक पात्र हुन् भने सुस्मिताले मान्छेको वास्तविक चरित्र उनको मानसिकता प्रतिबिम्वित हुने कुरा प्रष्ट पारेकी छन् त्यसैले उनी मौलिक पात्र हुन् ।

**(ख) आधुनिक शैली वैज्ञानिक आधारमा चरित्र चित्रण**

शैली वैज्ञानिक आधारमा सुस्मिताको चरित्रलाई विश्लेषण गर्दा लिङ्गका आधारमा उनी स्त्रीलिङ्ग हुन् । त्यसैगरी कथाको प्रारम्भदेखि अन्त्यसम्म कथामा सुस्मिताकै केन्द्रीयता रहेकाले उनी कथाकी प्रमुख पात्र हुन् । प्रवृत्तिका आधारमा हेर्दा सुस्मिताको चरित्र समाजमा पच्ने खालको छैन । उनी सुरूमा अनुकूल भएपनि पछि प्रतिकूल पात्र हुन् । कथाको प्रारम्भदेखि अन्त्यसम्म सुस्मिताको स्वभावमा परिवर्तन आएकोले उनी गतिशील चरित्र हुन् । जीवनचेतनाका आधारमा उनले आफ्नो मात्र जीवनको प्रतिनिधित्व गरेकोले व्यक्तिगत पात्र हुन् । आसन्न ताका आधारमा उनी मञ्चीय पात्र हुन् भने आवद्धताका आधारमा उनलाई कथाबाट निकाल्दा कथाको मूल संरचना नै भत्किने भएकाले उनी वद्ध पात्र हुन् ।

## ४.७.२ सहायक पात्र भीमसेन

प्रस्तुत कथाको सहायक पात्रका रूपमा भीमसेन आएको छ । कुनै गल्तीबिना नै सुस्मिताको लोग्नेका कारण सुस्मितासँग नाम जोडिन पुगेको छ । सुस्मिताले आफ्नो तन

एकातिर र मन भीमतिर बनाएकी छन् । एकदिन भैरहवा जान लागेकी सुस्मितालाई बुटवल चौराहामा भीमले भेट्छ । त्यसबेला सुस्मिताले ऊसँग गुनासो गर्छिन । आफ्नो लोग्नेको घृणास्पद आक्षेपको कारण त्यसपछि भिमले हरे शिवको मन्त्र जप गर्छ । छटपटिएर हिँड्छ । सुस्मिता मिसले आफ्नो श्रीमान् नभएको जानकारी दिँदै उसलाई आफ्नो घरमा बोलाउँछिन् । एकदिन भीमे सुस्मिताकोमा आउँछ । यसरी सुस्मिताप्रति भीमसेन पनि आकर्षित देखिएको छ । उनीहरू नसाको तालमा मस्त देखिन्छन् ।

### (क) परम्परागत आधारमा चरित्र चित्रण

कथामा बीचमा देखिएको भीमसेन कथाको सहायक पात्र हो । समाजमा नारीहरूप्रति आकर्षित हुनु अन्य पुरूषहरूजस्तै भीमे पनि यथार्थ पात्र हो । आफ्नो भावनाहरूलाई प्रस्टसँग राख्न नसक्ने अन्तर्मुखी स्वभावको पात्र हो । ऊ च्याप्टो पात्र हो । सार्वभौम पात्र हो । परम्पराअनुसार चलिआएकोले ऊ परम्परित पात्र हो ।

### (ख) आधुनिक शैली वैज्ञानिक आधारमा चरित्र चित्रण

शैली वैज्ञानिक चरित्रचित्रणका आधारमा भीमसेनको चरित्रलाई विश्लेषण गर्दा लिङ्गका आधारमा पुलिङ्ग कार्यका आधारमा बीचमा देखिएकोले सहायक पात्र हो । सामाजिक मूल्यमान्यतालाई छोडेकोले ऊ प्रवृत्तिका आधारमा प्रतिकूल स्वभावका आधारमा गतिशील पात्र हो । जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र हो । मञ्चमा प्रत्यक्ष उपस्थित भएकाले र कार्यव्यापार र संवाद सम्पन्न गरेकाले ऊ आसन्नताका आधारमा मञ्चीय र उसको भूमिकालाई कथाबाट निकाल्ने हो भने कथाको मूल संरचना बिग्रने हुँदा ऊ बद्ध पात्र हो । त्यस्तै सहायक पात्रका रूपमा सुस्मिताको लोग्ने पनि रहेको छ । ऊ बद्ध रूपमानै देखिन्छ तर अदृश्य रूपमा रहेको छ ।

## ४.८ कटटु कथाका पात्रहरूको अध्ययन

कट्टु कथा चारवटा छोटा -छोटा खण्डमा राखिएको छ । अध्याय एकमा घरवेटी साहुनीको कोठामा आफ्नो लोग्नेको  कट्टु खेखैकाले पत्नी चिन्तित र सशंकित बन्छे । अध्याय देईमा लोगे स्वास्नीको बीचमा यसै विषयलाई लिएर झगडा हुन्छ । अध्तय तीनमा पत्नी घर छोडेर माइत गएको वा कतै गएको देखिन्छ र चौथो खण्डलाई अन्तर कथा

भनिएको छ ।यसमा त्यो कट्टु कपडा सुकाएको ठाउँबाट कुकुरले साहुनीको कोठासम्म पुऱ्याएको हो भन्ने रहस्य खुलेको छ ।

## ४.८.१ स्वास्नी

प्रस्तुत कथाकी मुख्य वा केन्द्रीय पात्र सहरी क्षेत्रमा अरूको घरमा लोग्नेसँग भाडामा बस्छिन् । एकदिन कोठाको भाडा बुझाउनको लागि घरबेटीको बैठक कोठामा पुग्छिन् । त्यहाँ आफ्नो श्रीमान्को एक छेउमा प्वाल परेको कट्टु देख्छिन् । विधवा आइमाइको कोठामा परपुरूषको त्योपनि कट्टु अरू कपडा भए त झुक्किएर गयोकि भन्नु आफू अफिस गएको मौकामा यसरी यही नकच्चरी साहुनीसँग बस्तोरहेछ भन्ने विभिन्न किसिमका शङ्का गर्छिन् । साहुनीलाई लुछ्न मन लाग्छ तर संम्हालिन्छिन् । आफ्नो माल कमजोर भएपछि एक ठाउँमा गाठो नफुस्के अर्को ठाउँमा फुस्किन्छ । आफूभित्र अनुशासन शून्य भएपछि दुनियालाई ठग्ने बानी परेको जग्गा दलाली ठग मलाई पनि ठग्यो । पवित्र निश्चल माया दिएँ । आजसम्म तर आज त्यसमा चिरा पाऱ्यो विवाह गर्ने बेला कमलो हृदय भएकाले बिहे गर्छिन् । अहिले यो मान्छे काम वासनाको भएको थाहा पाउँछिन् र आफ्नै भाग्यलाई दोष दिन्छिन् । लोग्ने घर आएपछि आवेशमा आएर यो कुराको निर्णय लिन खोज्छिन् । अन्त्यमा मुखभरी आएका कुराहरू रिसको झोकमा व्यक्त गर्दै सातओटी विहे गरेर बस । त्यो कट्टु पनि भ्रम हो भन्छिन् । तिमी ढँटुवा, भाँड, कार्तिके कुकुर, डाँका तँ सँग बस्दिन भन्दै ढोका बजार्छिन् ।

### (क) परम्परागत आधारमा चरित्रचित्रण

आफ्नो लोग्नेको नराम्रो बानी रहेछ भन्नेकुरा उसले साउनीको कोठामा कट्टु देखेर शंङ्का गर्छे । साँचो कुरा के हो नबुझी बोल्ने ऊ आदर्श पात्र हो । आफ्ना मनका कुरालाई आफ्ना लोग्नेसित व्यक्त गरेकीले बहिर्मुखी पात्र हो । कथामा परिस्थिति र स्वभाव परिवर्तन गरेकोले स्वास्नी गोला पात्र हो । उसको स्वभावलाई सबै ठाउँमा उही रूपमा ग्रहण गर्न सकिँदैन । त्यसैले ऊ आञ्चलिक पात्र हो । लोग्नेको व्यवहारदेखि दिक्क भएर अन्त्यमा आफ्नोमात्र एक्लो निर्णय गर्ने स्वास्नी मौलिक पात्र हो ।

**(ख) शैली वैज्ञानिक आधारमा चरित्र चित्रण**

शैली वैज्ञानिक आधारमा स्वास्नीको चरित्र चित्रणलाई विश्लेषण स्वास्नी स्त्रीलीङ्गी पात्र हो । कार्यको आधारमा हेर्दा कथाको प्रारम्भदेखि बीच भागसम्म उसकै भूमिका रहेको र स्वास्नीकै केन्द्रीयतामा कथानक अगाडि बढेकोले केन्द्रीय पात्र हो वा प्रमुख चरित्र हो । स्वास्नी साहुनी र आफ्नो लोग्नेसंग आक्रोसित देखिएकाले प्रवृतिका आधारमा प्रतिकूल पात्र हो । स्वाभावका आधारमा हेर्दा परिस्थिति अनुसार बदलिन सक्ने पात्र भएकोले गतिशील चरित्र हो । जीवन चेतनाका आधारमा अलिकति ठाउँ पाए भने आफ्नो घमण्ड देखाउने नारीहरूको प्रतिनिधित्व पात्र हो । मञ्चमै कार्य व्यपार देखाएकीले ऊ मञ्चीय र स्वास्नीलाई कथानकबाट निकाल्दा कथाको मूल कथानकको संरचना भत्किने भएकोले ऊ बद्ध पात्र हो ।

## ४.८.२ लोग्ने

लोग्ने घरमा आईपुग्दा स्वास्नी कराउछे र अन्तमा माईत जान्छे । लोग्नेले कारण सोच्छ किन यसले आज झगडा गरेकी उसले सोच्छ स्त्रीको चरित्र र पुरूषको भाग्य दैवले नि जान्दैन मैले कसरी जानु, विहे गरौं अब कति गरौं कसका बुवा आमालाई ढाटौं, कसरी स्वास्नी भगाऔं, स्वास्नी मानिस कति शँकालु हुन्छन् स्वास्नी झगडा गरेर ढोका बजार्दै निस्कन्छे म माथि कुन कुरामा शँका लागेर छोडिहोला । वास्तवमा खराब स्वास्नी थिइन ऊ सम्झन्छ उसले पनि आइमाईहरू सजिलै लहसिन्छन् गुलियो मिठोमा पल्किन्छन् । मामाको छोरो भन्दै आउथ्यो र गिजिएर बस्थ्यो लोग्नेले पनि अनेकन सशँका गर्छ कसैले नबेचिदिए हुन्थ्यो लागेकै भए पनि पाले हुन्थ्यो भन्छ अन्त्यमा स्वानी नभएपछि म सिङ्गो नै छु भन्छ । जसले प्रेमलाई चिन्न सक्दैनन् आत्मासात गर्न सक्दैन्न् तिनकालागि मेरा आँसुहरू बगाउनु, पिडुला कंपाउनु, नाटक मात्रै र झुट रहेछन् सम्बन्धहरू यही कुरा खेलाउँदा खेलाउँदै त्यही समयमा कान्छाले यो हजुरको हो भनी कट्टु देखाउँछ कुकुरले हाम्रो बैठकसम्म पुऱ्याएछ भन्छ । लोग्नेले हो -हो यता फलिदेउ कुकुरको चित्त तहो, कट्टुमा पनि जान्छ । उसकी स्वास्नीले घर छोड्नुको कारण यही रहेको हुन्छ ।

**(क) परम्परागत आधारमा चरित्र चित्रण**

कथाको बिचभागबाट अन्त्यसम्म लोग्नेको भूमिका रहेको छ । ऊ समाजको विवाहित पुरूषहरूको प्रतिनिधित्व गर्ने पात्र रहेको छ । ऊ यथार्थ पात्र हो । जीवनलाई जटिलरूपमा  भोग्ने ऊ गोलो पात्र हो । आफ्ना भावनाहरू प्रष्टसँग बाहिर राख्न नसक्ने ऊ अन्तर्मुखी पात्र हो । उसको चरित्रलाई जतातततै उही रूपमा ग्रहण गर्न सकिने भएकोले ऊ सर्वभौम पात्र हो । बहुविवाह गर्ने तर आफ्नो स्वाभावलाई नकरात्मक रूपमा प्रदर्शन नगर्ने लोग्ने परम्परित खालको पात्र हो ।

**(ख) आधुनिक शैली वैज्ञानिक चरित्र चित्रणका आधारमा**

शैली वैज्ञानिक चरित्र चित्रणका आधारमा विश्लेषण गर्दा लोग्ने लिङ्गका आधारमा पुलिङ्गी पात्र हो । कथामा केही समय देखिएर पनि मुख्य पात्रको चरित्रको उद्घाटनमा सहयोग गरेकाले कार्यको आधारमा ऊ सहायक पात्र हो । समाजमा दोस्रो विवाह गर्ने तर आफ्नो मायाममता पनि राम्रोसंग नै दिने लोग्ने स्वभावका आधारमा अनूकुल पात्र हो । जीवन चेतनाकाआधारमा वर्गीय पात्र हो । मंञ्चमा नै उपस्थित भएर कार्यव्यपार र संवाद प्रस्तुत गरेकाले आसन्नताका आधारमा ऊ मंञ्चीय पात्र हो । यसै गरी उसको भूमिकालाई कथाबाट बाहिर निकाल्दा कथाको मूल कथानक नै भङ्ग हुने भएकोले ऊ आवद्धताका आधारमा वद्ध पात्र हो ।

### ४.८.३ गौण पात्र

प्रस्तुत कथामा गौण चरित्रका रूपमा देखिएका पात्रहरूमध्ये साहुनी, कान्छा रहेका छन् भने मानवेत्तर पात्रका रूपमा कुकुर पनि रहेको छ ।

## ४.९ ज्वालामुखी कथाका पात्रहरूको अध्ययन

ज्वालामुखी कथाको कथावस्तु लाम्पत्थ सम्बन्धमा आधारित छ । गलँताको भुस्तिघ्रे मजदुर र दुई छोरा -छोरी सहित डेरामा बस्दछन् । सधैँ पाहुना लाग्नाले लोग्ने स्वास्नी आपसमा भेट गर्न पाउँदैनन् त्यस अतृर्पतिले कुनै बहाना लुकेर बसिरहेको हुन्छ र विस्फोटक झगडा गराईदिन्छ । स्वास्नी चाँहिका आमा र दिदी पाहुना लागेका बेलामा यस्तै झगडा

भएको छ र छिमेकी पहलमान आएर छुट्याउनु परेको छ र छुट्टी भिन्नु भएरै बस्ने निर्णय गरी मिलेका छुन्छन् ।

## ४.९.१ भुस्तिघ्रे मजदुर र उसकी स्वास्नी

ज्वालामुखी कथामा सहरमा एउटै कोठामा डेरा गरी बस्ने निम्न वर्गीय अशिक्षित मजदुरको कठीन परिस्थितिको वर्णन छ । प्रस्तुत कथा दाम्पत्य सम्बन्धमा नै आधारित छ । गलैचाको भुस्तिघ्रे मजदुर र स्वास्नी छोराछोरीसहित डेरामा बस्छन् । आर्थिक स्थिति कम्जोर भएकाले आफ्नो गुजारा मात्र गर्न पुग्ने मजदुरको कोठामा सधैँ पाहुना लागि रहन्छन् त्यसै कारणले लोग्ने स्वास्नी एक आपसमा भेट गर्न पाउदैनन् । त्यस अतृप्तिले कुनै वहाना लुकेर बसिरहेको हुन्छ र विस्फोटक झगडा गराइदिन्छ । कहिले मजदुरका बाबु आएर हप्ता दिन बस्ने र कपडा फेर्ने पनि नदिइकन खाटमा दिनभर सुत्ने कहिले स्वास्नीका आमा र दिदी आएर उल्टै ज्वाइँ (मजदुर) लाई होच्याएर बोल्ने गर्दा मजदुरले आमा र दिदीसासूको अगाडि आफ्नो मर्यादा भङ्ग भएको अनुभव गर्छ । त्यसपछि यसभित्रको गुम्फन पनि उम्लिन थाल्छ कुनै छिद्रबाट धर्तीको गर्भमा पसेको पानीको वाफले उचालेको म्यागमा जस्तै भएर । त्यसपछि ज्वालामुखी फुट्छ ।

श्रीमतीका आमा र दिदी आएका हुन्छन् यसै समयमा झगडा हुन्छ रातिको बाह्र बजे मारा मृत्यु हुन्छ । एकछिन हानाहान हुन्छ । भनाभन हुन्छ भाँडाकुडा भात दाल सबै लथालिङ्ग हुन्छ । कोठाभरी अस्थव्यस्थ हुन्छ । यसै समयमा छिमेकी पहलमान आएर छुट्याउँछन् । आज रातभरी झगडा नगरी बस्नु भोलि छुट्टीभिन्न भएर बस्नु भन्ने निर्णय गर्छन् । भोलिपल्ट विहानै आमा र दिदी झोला बोकेर बाटो लाग्छन् त्यस पछि मजदुर र स्वास्नीको समस्या पनि हट्छ र दुबै जना मिलेर दैनिकी सुरू गर्छन ।

### (क) परम्परागत आधामा चरित्र चित्रण

परम्परागत चरित्र चित्रणका आधारमा मजदुर र स्वास्नी गरिब परिवारका सदस्यहरूको वास्तविक यथार्थलाई उनीहरूको चरित्रले प्रस्ट बनाएकाले उनीहरू यथार्थ पात्र हुन् । आफ्ना अन्तर्मनमा लागेका कुराहरू खुलस्त रूपमा बाहिर भन्न नसक्ने मजदुर र स्वास्नी अन्तरर्मुखी चरित्र भएका पात्र हुन । यस्तै गरी जीवनलाई जटिल रूपमा भोगेर क्षण क्षणमा विशेषता परिवर्तन गर्ने उनीहरू गोला पात्रहरू हुन । लोग्ने स्वास्नीको झगडा

परालको आगो भने झै उनीहरूको चरित्रलाई जतातातै उहि रूपमा ग्रहण गर्न सकिने भएकाले उनीहरू सर्वभौम पात्र हुन । उनीहरूको स्वाभाव आचरण परम्परादेखि नै चलि आएकोले परम्परित पात्र हुन ।

**(ख) शैली वैज्ञानिक आधारमा चरित्र चित्रण**

शैली वैज्ञानिक रूपमा पात्रहरूको चरित्र चित्रणको आधारमा मजदुर र उसकी स्वास्नी लिङ्गको आधारमा मजदुर पुलिङ्गी र उसकी स्वास्नी स्त्रीलिङ्गी हुन् । कार्यको आधारमा प्रमुख पात्रका रूपमा देखिएका हुन् । किनकि कथाको कथानाक उनीहरूकै केन्द्रीयतामा अगाडि बढेको छ त्यसै गरी प्रविृतिका आधारमा हेर्दा दुवै प्रतिकूल अवस्थामा छन् । स्वभावका आधारमा हेर्दा दुवै जना गतिशील पात्र हुन । जीवन चेतनाका आधारमा हेर्दा समाजका अन्य लोग्ने स्वास्नीको पनि प्रतिनिधित्व गरेकाले वर्गीय पात्रहरू हुन् । कार्यव्यपार र संवाद मञ्चमै देखिएकाले मञ्चीय र उनीहरूलाई निकाल्दा कथाको संरचना पुरै भत्कने भएकाले उनीहरू बद्ध पात्रहरू हुन ।

## ४.९.२ गौण पात्र

प्रस्तुत कथामा गौण चरित्रका रूपमा म पात्रले मजदुरका लोग्ने स्वास्नीको झगडामा छुट्याउने प्रयास गरेको ऊ बद्ध तर गौण पात्र हो । पहलमानले झगडा छुट्याएको छ त्यसैले ऊ वद्ध पात्र हो भने मजदुरका सासुआमा र दिदीसासु उपस्थित मात्र छन् । उनीहरूका कुराले नै झगडाले ज्वालामुखीको रूप लिएको हो त्यसैले गौण पात्र बद्ध पात्र नै हुन् । त्यसै मजदुरका छोराछोरी र बाबु मुक्त रूपमा रहेका पात्रहरू हुन् ।

## ४.१० घामको झुल्को कथाको अध्ययन

यस कथामा काँसीबासमा गएको एउटा महन्तले आफ्नो पूर्व कथा भनेको देखिन्छ । आफ्नी पत्नी र भाइको पनि अकाल मृतुपछि एउटै घरमा आफू विधुर जेठाजुको रुपमा विधवा बुहारीसँग बस्नुपर्दाकोअसहज स्थितिको वर्णन छ ।लोग्नेको मृतुबाट विक्षिप्त हुँदै

पागल बनेकी बुहारील आफूसँग बेबिचार गर्न खोजेको भनी गाउँलेका सामु बात लगाउपछि ऊ काशीबास पुगेको छ । आफ्नो कुरा नपत्याएर पागल बुहारीको कुरा पत्याउने समाजको प्रवृत्तिबाट उसको जीवन दु:खमय बनेर गएको छ । प्रतिष्ठित महन्तको पदमा

रहेको बेला पनि उसलाई कुनै गाउँले आएर देखलाकी भन्ने भय छ । तर आफूले कुनै गल्ती नगरेको हुनाले सुख दुःखलाई लाभ र हानीलाई अनि विजय पराजयलाई पनि समान भावले हेर्नु पर्दछ भन्ने गीताको दर्शनबाट प्रभावितभएर दुःख भित्र पनि उसले घामको झुल्को देखेको छ ।

### ४.१०.१ म पात्र

यस कथामा कासीवासमा गएको एउटा महन्तले आफ्नो पूर्व कथा भनेका छन् । आफ्नी पत्नी र भाइको अकाल मृत्युपछि एउटै घरमा आफु विधुर जेठाजूको रूपमा विधवा बुहारीसंग वस्नुपर्दाको असहज स्थिति छ । बुहारी जतिवेला पनि रोइरहेकी देख्दा म पात्रलाई दुःख लाग्छ आफ्नो स्रोह्र वर्षे भाइलाई गुमाउँदाको पीडा ताजै हुन्छ बुहारीलाई टाउको सुम्सुम्याएर नरोउ भन्न पनि नपाउने स्थिति छ । लोग्नेको मुत्यूबाट विक्षिप्त हुँदै पागल बनेकी बुहारीले आफूसंग बेविचार गर्न खोजेको भनी गाउँलेका सामु बात लगाएपछि ऊ कासीबास पुगेका छ । आफ्नो कुरा नपत्याएर पागल बुहारीको कुरा पत्याउने समाजको प्रवृतिबाट उसको जीवन दुःखमा बनेर गएको छ ।

जुन बुहारीको कारणले ऊ एक दिन घर छोडेर वाहिर गएर बस्न नसक्ने म पात्र आज उसैको कारण घर बस्न नसकेर गाऊ नै छोडेर हिड्नु परेको छ । ऊ कासीवासम महन्त भएर बसेको छ तर उसले बुहारीलाई सम्झन्छ । के गर्दी होलिन् उनी आफू पौडी खेल्ने पोखरी, चौतारी सबै कुराको याद आउछ उसलाई पूरै छुटिसकेका स्मृतिहरूमा पुनः आंधि उर्लिन्छ । फेरी बुहारीको बापतको पीडा जो आफै भोगेको छः बिर्सन्छु भन्छ तर फेरि ज्वालामुखी आएर फुट्छ ।

म पात्र प्रतिष्ठित महन्तको पदमा रहेको बेला पनि उसलाई कुनै गाउँले आएर देख्ला कि भन्ने भए हुन्छ तर आफूले कुनै गल्ती नगरेको हुनाले सुख दुःखलाई लाभ र हानीलाई अनि विजय र पराजयलाई पनि समान भावले हेर्नु पर्दछ भन्ने गीताको दर्शनबाट प्रभावित भएर दुःख भित्र पनि उसले घांमको झुल्को देखेको छ ।

#### क) परम्परागत आधारमा चरित्र चित्रण

कथाको प्रारम्भ देखि म पात्र अन्त्य सम्म एउटै स्वभावमा देखिएको छ । सामाजिक रूपमा जेठाजु बुहारी छोइन नहुने मान्यतामा अडिग रहेको सामाजिक यथार्थलाई म पात्रको

चरित्रले प्रष्ट पारेको हुनाले ऊ यर्थाथ पात्र हो । जीवन जटिल रूपमा भोगेको छ त्यसैले ऊ गोला पात्र हो । आफ्ना मनका भावनाहरूलाई प्रस्टसंग बाहिर निकाल्न सकिरहेको छैन त्यसैले ऊ अन्तर्मुखी स्वाभावको पात्र हो उसको कृयाकलापलाई जतातत‍ै उही रूपमा ग्रहण गर्न सकिने भएकाले ऊ सार्वभौम पात्र हो । ऊ परम्पराअनुसार चलि आएकोले परम्परालाई तोड्न सकेको छैन उसले आफूले बुहारीलाई सहयोग गरेको छ । भाइको अभाव भएपनि परम्पराअनुसार चलिआएको परम्परामा सीमित रहेकोले ऊ परम्परित पात्र हो ।

**ख) शैली वैज्ञानिक आधारमा चरित्र चित्रण**

आधुनिक शैली वैज्ञानिक दृष्टिले चरित्र चित्रणका आधारमा विश्लेषण गर्दा म पात्र लिङ्गका आधारमा पुलिङ्गी पात्र हुन् । कथाको प्रारम्भदेखि अन्त्यसम्म म पात्रकै मनोवैज्ञानिक आधारमा कथानक आधारित रहेकाले कार्यका आधारमा म पात्र केन्द्रीय तथा प्रमुख पात्र हो । कसैको नचिताएको म पात्रको सोचाई व्यवहारमा परिवर्तन आएको छैन त्यसैले ऊ गतिहीन पात्र हो । आफ्नै बुहारीबाट अपमानित भएको म पात्र जीवन चेतनाका आधारमा वर्गीय पात्र हो । म पात्रले संवाद र कार्य व्यवपार मञ्चमै सम्पन्न गरेकाले ऊ आसन्नतका आधारमा मञ्चीय पात्र हो भने उसको चरित्रलाई कथाबाट निकाल्दा कथाको मुल कथानक भत्किने भएकाले ऊ आबद्धताका आधारमा बद्ध पात्र हो ।

### ४.१.२ गौण पात्र

प्रस्तुत कथामा गौण चरित्रका रूपमा देखिएका पात्रहरू मध्ये म पात्रकी पत्नी, भाइ, बुहारी जुन भाइको मृत्यु पछि पागल बनेकी छ । कहिले हास्ने त कहिले रूने गर्छिन् र गाउँमा नभएको कुरा लगाएर जेठाजुलाई घरबाट निकाली मूल कथानकसँग जोडिएर आएकीले ऊ वद्ध पात्र हो ।

## ४.११ कुकुरहरू कथाका पात्रहरूको अध्ययन

प्रस्तुत कथामा महिला ‘म’ पात्र जसले आफ्नो घर पालेको कुकुरलाई साह्रै हेला गरेकी छ आफ्नो बाबुले कुकुरलाई मायाँ गर्दा पनि ईर्ष्या गरेकी युबतीलाई क्याम्पसबाट घर फर्कदा गुण्डाहरुको फेला पर्छे तिनीहरुबाट फुत्कन कुनै ण्पाय नभएको अवस्थामा

उसको घरको कुकुर आईपुग्छ र 'म' पात्रलाई बचाउँछ । त्यसपछि 'म' पात्रको मन कुकुरप्रति फर्किन्छ तर ऊ मरिछकेको हुन्छ ।

## ४.११.१ म पात्र (छोरी)

प्रस्तुत कुकुरहरू कथामा प्रमुख पात्रका रूपमा रहेकी छोरी अर्थात म पात्र आफ्नो घरमा पालिएको कुकुरलाई घृणा गर्छे । म पात्रले आफ्नो बाबुले कुकुरलाई बढि माया गर्दा ईष्या गर्न थालेकी छ । कुनै तरहले कुकुरलाई धपाउन पाए हुन्थ्यो भन्ने विचार गर्दै गरेकी त्यो युवति क्याम्पसबाट साथीकहाँ गई घर फर्कदा रातको अध्यारोमा जाडो मौषममा घर नजिकैको खोल्सामा गुण्डाहरुको फेला पर्छे । त्यस दिन उसले आफ्नो घरमा पालिएको ( फुस्रे) कुकुरलाई मार्नको लागि झोलामा विष लिएर आएकी हुन्छे । ऊसले ती गुण्डाहरूलाई पनि कुकुर भन्छे । गुण्डाहरूबाट फुत्कन कुनै उपाए नभएको अवस्थामा उसको घरमा पालिएको कुकुर जसलाई उसले सधैं घृणा गदीथ अकस्मात् तिनीहरूलाई झम्टन्छ र 'म' पात्र लाई बचाउँछ ।

यस घटनाले कुकुरप्रति उसको धारणा सकरात्मक र मायालु वन्दछ । तर भलीपल्ट विहान तिनै गुण्डाहरूद्वारा मारिएको आफ्नो कुकुरको लास देख्दछे । मान्छे कुकुर भन्दा वास्ताविक कुकुर धेरै गुणा राम्रो हुन्छ भन्ने कुरा बल्ल बुझ्छे ।

### (क) परम्परागत आधारमा चरित्र चित्रण

म पात्रले प्रारम्भमा फुस्रे कुकुरलाई त्यति मायाँ गर्दिन तर अन्त्यमा पुस्रेको कामदेखि खुसी हुन्छे र भगवानासँग माफी माग्छे । यसरी कुकुर मरेमा दुःखित भएकी म पात्र वास्तविक र यथार्थ पात्र हो । आफ्ना मनका कतिपय भावनाहरूलाई बाहिर ननिकाली सीमित राख्ने म पात्र अन्तर्मुखी स्वभावकी पात्र हो । कथामा परिस्थिति र घट्नाले स्वभाव परिवर्तन गरी कथानकलाई फरक बनाएकी म पात्र गोला पात्र हो । प्रस्तुत कथाकी म पात्रले पहिला कुकुरलाई घृणा गर्छे तर र कुकुर पशु भएपनि मानिस भन्दा कुकुर निकै वुद्धिमान हुँदो रहेछ भन्ने बुझेर अन्त्यमा आफ्नो गल्ती स्वीकारी कुकुर प्रति स्नेह प्रकट गर्ने म पात्र मौलिक पात्र हो ।

**(ख) शैली वैज्ञानिक आधारमा चरित्र चित्रण**

शैली वैज्ञानिक चरित्र चित्रणका आधारमा म पात्रको चरित्रलाई विश्लेषण गर्दा म पात्र लिङ्गका आधारमा स्त्रीलिङ्गी पात्र हो । उनको कार्य कथाको सुरूदेखि अन्त्यसम्म नै भूमिका रहेकोले कार्यका आधारमा प्रमुख पात्र हो । उसले आफ्नो घरमा रहेको वा पालिएको कुकुरप्रति घृणा व्यक्त गरी मार्ने योजना बनाएकोले ऊ प्रवृतिका आधारमा प्रतिकूल पात्र हो । प्ररम्भमा कुकुरलाई घृणा गर्ने तर उसले आफ्नो ज्यान बचाएपछि माया गर्ने ऊ स्वभावको आधारमा गतिशील पात्र हो । आफ्नो बुवाले कुकुरलाई माया गर्ने तर आफूलाई माया नगरेको सम्झी कुकुरलाई नै सिध्याउने एकल योजना बनाएकोले ऊ चेतनाको आधारमा व्यक्तिगत पात्र हो । कार्यव्यपार र संवाद मञ्चमै प्रत्यक्ष रूपमा देखिएकाले ऊ आसन्नताका आधारमा मञ्चिय र उसको भूमिकालाई कथाबाट निकाल्ने हो भने कथाको मूल कथानक नै भत्किन्छ त्यसैले आवद्धताका आधारमा वद्ध पात्र हो ।

## ४.११.२ गौण पात्रहरू

प्रस्तुत कथामा साहयक भूमिकामा फुस्रे कुकर रहेको छ । उसले म पात्र (छोरी) को रक्षा गरेको छ । यसको सक्रिय भूमिका कथाको अन्त्यमा देखिएको छ मानवेतर प्राणी भएपनि उसले मानवको भन्दा अझै उच्च स्तरीय चरित्र प्रस्तुत गरेको छ । फुस्रे मञ्चमा नै आफ्नो प्रस्तुती देखाएकोले मञ्चीय र वद्ध पात्रको रूपमा आएको छ । कुकुरलाई रक्षकको रूपमा पालिने भएकोले परम्परित पात्र हो । गुण्डाहरू, बाबु गौण पात्रको रूपमा रहेका छन् तर सबै कथामा थोरै भागमा भएपनि उपस्थिति देखिएकोले सबै वद्ध रूपमा रहेका छन् ।

# ४.१२ वागमती कथाका पात्रहरूको अध्ययन

बागमती कथामा आफ्नो बिरामी लाग्नेलाई बचाउन बाग्मतीले एउटा साहुसँग व्यभिचार गरेकी छ ।यो कार्य गरेबापत् उसलाई लोग्नेलेनै वेश्या ठहराउँदै घरबाट निकालेको छ ।र गर्भमा आफ्नै लोग्नेको शिशु बोकेकी कथाकी पात्र बाग्मती, बाग्मती बाग्मती नदी किनारमा निर्वासित भएकी छ ।

### ४.१२.१ बाग्मती

यस कथाकी मुख्य अथवा केन्द्रीय पात्रका रूपमा रहेकी बाग्मती आफ्नो बिरामी लोग्नेलाई बचाउन आफनै शरिर बेच्न पनि तयार हुन्छे । आफ्नो प्रतिव्रता भँग गर्छे ऊसँग उपचारको लागि खर्च गर्ने पैसा हुँदैन लोग्नेले मर्ने समय गनिरहेको हुन्छ कोसँग माग्ने पैसा माग्ने ठाउँ पनि हुँदै शहरमा आफू एक्लै छ । त्यसैले अग्रवालसँग व्यभिचार गर्छे यो कार्यबाट लोग्नेको उपचार गर्छे पुरै सन्चो भएपछि आफ्नो उपचार खर्च कहाँबाट ल्याएको भन्छ, उसले ढाट्न जान्दिन अनी गरिबी र तिम्रो प्रेमले मेरो अस्मिता लुट्यो भन्छे । त्यसपछि पहिला मिठासपूर्ण स्वरले बोल्ने श्रीमान् भयानक भएर गर्जिन थाल्छ उसले बेश्या भन्दै वाग्मतीलाई घरबाट निकाली दिन्छ ।

गर्भमा आफ्नै लोग्नेको शिशु बोकेकी कथाकी पात्र वाग्मती, वाग्मती नदी किनारमा निर्वाशित हुन पुग्छे । बाग्मती जसमा मानव जाति फोहोर खन्याउछ र आफै वापत लगाउछन् । वाग्मती जसमा विद्रोह भावसम्म हुँदैन । त्यस्तै कथाकी पात्र बाग्मती जो एक पूर्ण नारी हो । जो विषवर्णन, विषयमन गर्छे ,जीवन दान गर्छे र बाग्मती किनारमा बस्न पुग्छे ।

### (क) परम्परागत आधारमा चरित्र चित्रण

परम्परागत चरित्र चित्रणका आधारमा बाग्मतीको चरित्रलाई हेर्दा उसले आफ्नो अस्तिव्व गुमाएर भए पनि आफ्नो लोग्नेको ज्यान बचाएकिले ऊ आर्दश पात्र हो । बाग्मतीले आफूलाई बेश्या भन्दै घरबाट निकाल्दापनि कुनै प्रतिकार गर्दिन त्यसैले ऊ अर्न्तमुखी स्वभावकी पात्र हो । जीवनलाई जटिल रूपमा भोग्ने र क्षण क्षणमा आफ्नो विषेशता परिर्वतन गर्ने  गोला पात्र हो । वाग्मतीको चरित्र सबै ठाउँमा सजिलै ग्रहण गर्ने सकिदैन त्यसैले ऊ सर्वभौम पात्र हो । तत्कालीन समाजको नारी अवस्थालाई प्रस्ट पार्न कथाकारले बाग्मतीको चरित्रलाई प्रस्तुत गरेकाले ऊ परम्परित पात्र हो ।

### (ख) आधुनिक शैली वैज्ञानिक चरित्र चित्रणका आधारमा

शैली वैज्ञानिक चरित्र चित्रणको आधारमा बाग्मतीको चरित्रणई विश्लेषण गर्दा लिङ्गका आधारमा ऊ स्त्री लिङ्गी हो । त्यतै गरी कथाको प्रारम्भ देखि अन्तयसम्म कथामा बाग्मतिकै केन्द्रीयता रहेकाले ऊ कथाकी प्रमुख पात्र हो । प्रवृतिका आधारमा हेर्दा

बाग्मतीको चरित्र माथि पाठकहरूको सहनुभूति प्रकट हुने हुँदा ऊ अनुकूल चरित्र हो । कथाको प्रारम्भदेखि अन्त्यसम्म वाग्मतीको स्वभावमा परिवर्तन आएकोले ऊ गतिशील पात्र हो । तत्कालीन समाजमा नारीहरू जो सँग विवाह भयो त्योवाहेक अरूलाई हेर्न नहुने सामाजिक संस्कारलाई कथाकारले बाग्मतीको चरित्रबाट कथामा प्रस्तुत गरेकाले उ तत्कालीन समाजका नारीहरूकी प्रतिनिधि पात्र हो । त्यसैले वाग्मतीको चरित्र आफ्नो लोग्नेको लागि पैसा जुटाउन नसकेर एकल निर्णयले आफ्नो अस्मिता बेचेकोले ऊ व्यक्तिगत पात्र हो । कार्य व्यपार संवाद मञ्चमै भएकाले ऊ मञ्चीय र कथाको कथानक बाट निकाल्दा कथाको संरचना भत्किने हुँदा ऊ बद्ध पात्र हो ।

## ४.१२.२ बाग्मतीको लोग्ने

बाग्मतीको लोग्ने कथामा सहायक पात्रका रूपमा देखिएको छ । ऊ माफू बिमारी परेको छ र जीवन र मरणको दोसाँधमा मृत्युसँग पौठाजोरी लेखिरहेको हुन्छ । यत्तिकै उनीहरूसँग पैसाको अभावले हस्पिटल पनि टाढा हुन्छ उसकी धर्मपत्नी जसलाई उसले असाध्य माया गर्थ्यो र बाग्मतीले पनि त्यत्तिनै माया गर्थिन त्यसैले आफ्नो कर्तव्य पूरा गर्न र लोग्नेको उपचार गर्न आफ्नो अस्मिता बेच्छे र आफ्नो प्रेमी अनि लोग्नेको उपचार गरिसकेपछि ऊ पहिला जस्तै हुन्छ । त्यसपछि उसले पत्नीसँग मेरो उपचारको लागि पैसा कताबाट ल्यायौ भन्दा गरिबी र तिम्रो प्रेमले मेरो अस्मिता लुट्यो भन्छे । त्यसपछि लोग्ने गर्जिन थाल्छ र अन्त्यमा आफ्नो पेट बोकेकी पत्नीलाई वेश्या भन्दै घरबाट निकाल्छ ।

### (क) परम्परागत आधारमा चरित्रचित्रण

परपरागत चरित्रचित्रणका आधारमा हेर्दा बाग्मतीको लोग्ने तत्कालीन समाजको नारीहरूले छड्के नजर लगाउनु हुँदैन भन्ने पुरूषहरूको प्रतिनिधित्व गर्ने यथार्थ पात्र हो । आफ्ना मनका कुरा स्पष्टसँग व्यक्त गर्ने बहिमुर्खी पात्र हो । उसको जीवन भोगाइ जटील खालको छ । आफ्नो विशेषता परिवर्तन गरेको छ । पहिला मायाँ गरेको छ, बाग्मतीका उपचारपछिका कुरा सुनेपछि ऊ रिसाएको छ त्यसैले ऊ गोला पात्र हो । उसको चरित्रलाई जतातातै उही रूपमा ग्रहण गर्न सकिने भएकाले ऊ सार्वभौम पात्र हो भने उसको सोचाइ परम्परागत रहेको छ । त्यसैले ऊ परम्परित पात्र हो ।

**(ख) शैली वैज्ञानिक आधारमा चरित्र चित्रण**

शैली वैज्ञानिक चरित्रचित्रणका आधारमा पुलिङगी पात्र हो । कार्यका आधारमा सहायक पात्र हो । सामाजिक मूल्य मान्यतामा अडिग रहेको तर पत्नीलाई नराम्रोसँग गाली गरेकोले प्रतिकूल पात्र हो । कथाको प्रारम्भदेखि उसको व्यवहार आचरण र स्वभावमा परिवर्तन आएको छ । त्यसले ऊ गतिशील पात्र हो । जीवनचेतनाका आधारमा वर्गीय पात्र हो । संवाद मञ्चमै सम्पन्न भएकाले आसन्नताका आधारमा ऊ मञ्चीय पात्र र उसलाई कथाबाट निकाल्दा कथाको मूल संरचना नै भत्किने भएकाले ऊ बद्ध पात्र हो ।

### ४.१२.३ गौण पात्र

गौण पात्रका रूपमा प्रस्तुत कथामा अग्रवाल रहेको छ । ऊसँग वाग्मतीले आफ्नो श्रीमानको उपचारको लागि पैसा मागेर आफ्नो अस्तित्व बेचेको उल्लेख भएकाले ऊ गौण तर बद्ध पात्र हो ।

## ४.१३ विवश सहयात्रीहरू कथाका पात्रहरूको अध्ययन

एउटै डुङ्गामा समुद्र यात्रा गरिरहेका दुई जना यात्रीले आफूहरु झगडा गर्नु भनेको जीवनकै निम्ति खतरा निम्ताउनु हो भन्ने जान्दाजान्दै पनि स्वभाववश झगडा गर्दै एक प्रकारको आत्महत्या नै गरेका छन् ।अरुको राम्रो देख्नु ,ईर्ष्याा गर्नु तर आफ्नो राम्रो बनाउन नजान्ने मानबीय नियतिलाई प्रस्तुत कथाले देखाएको छ ।

### ४.१३.१ दुई सहयात्रीहरू

प्रस्तुत कथामा समुद्र डुङ्गा र दुई सहयात्रीका बारेमा वर्णन गरिएको छ । ती दुई नौ जवानहरू सामुद्रिक यात्रा सुरू गर्दछन् । महासमुन्द्रको एक टापुदेखि अर्को टापुसम्मको यात्राका क्रममा उनीहरू थिए । प्रत्येक डुङ्गामा २-२ जनाको दरले यात्रा गर्ने क्रममा उनीहरू एउटा डुङ्गामा सवार हुन्छन् । बाटामा कतै समन्द्री छालहरू, ठूलासाना, माछाहरू, गंगटाहरू र बीचबीचमा मच्चिने छालहरू, ज्वारभाटा र समुन्द्री आँधीको सामना गर्नुपर्ने हुन्थ्यो, यात्रा धेरै नै कठिन थियो । विभिन्न किसिमका समस्याहरूसँग जुध्नु पर्ने बाध्यता सँगसँगै यात्रा गर्नुपर्ने त्यसपछि सँगै सवार रहेका डुङ्गाका यात्रुहरू एक आपसमा झैँझगडा गर्छन् ।

यात्राको एक वर्ष पनि नहुँदै ती दुवै नौ जवान डुङ्गामा सवार भएर पनि झैँ झगडा गर्छन् । आपसी मित्रलामा मोह भङ्ग हुन्छ । दुई जना मध्ये एक जना डुङ्गा खियाउँदा भार परेको गुनासो गर्छ । अर्को चाँही अरू सहयात्री र डुङ्गा देखेर लोभिएको आरोप लगाउँछ । लामो यात्रामा यसरी धर्म छोडेपछि कसरी यात्रा पूरागर्ने भन्ने कुरामा एउटालाई चिन्ता छ भने अर्को त्यो कुरामा संवेदनशील देखिँदैन । उनीहरू एक आपसमा झगडा गरिरहन्छन् तर डुङ्गा भने बदल्दैनन् । सुर्यका चमकदार किरणहरू समुन्द्रमा चमचमाउँदा असाध्यै मनमोहक दृष्य हुन्थ्यो तर ती नौ जवानहरूको बीचमा समस्या समाधानका कुरा कहिल्यै हुन सकेन । तिनीहरू आपसमा द्वेय, ईर्ष्या, द्वन्द्व र कुण्ठाले अत्यन्त विक्षिप्त बनाउँछ । यसैबीचमा एउटा जवानले म डुङ्गा चलाउन सक्दिन भन्छ अर्कोले म पनि सक्दिन भन्छ । एउटाले भनेको कुरा अर्को जवानले पटक्कै मान्दैन । तीनहरूको झगडा वर्षौंसम्म भैरहन्छ । कुकुर विरालाको झगडा सहयात्री प्रतिद्वन्दी भएका छन् ।

एउटै डुङ्मा समुन्द्र यात्रा गरिरहेका दुई जना यात्रीले आपूलाई झगडा गर्नुभनेको जीवनकै निम्ति खतरा निम्त्याउनु हो भन्ने जान्दाजान्दै पनि स्वभाववश झगडा गर्दै एक प्रकारको आत्मा हत्या नै गरेका छन् । अरूको राम्रो देख्नु, ईष्या गर्नु तर आफ्नो राम्रो बनाउन नजान्ने मानवीय नियति रहेको छ । यसै कारण झगडाले कहिल्यै राम्रो बाटो हिँडाउँदैन उनीहरूको झगडा चरम अवस्थामा पुगेको छ र त्यसैबेला आँधीको भूमरीका छालहरूमा डुङ्गा ढल्पलाउन थाल्छन् । पानीका लहरहरू र बताससँग उचालिँदै पछारिँदै जलकरणहरू भित्र कुहिरोले छेक्छ र दुई यात्रु रहेको डुङ्गा समुन्द्रको गहिराइमा ठाडो परेर गाडिन्छ ।

**(क) परम्परागत आधारमा चरित्र चित्रण**

जवानहरूको चरित्रलाई अध्ययन गर्दा गतिहीन पात्रहरू हुन् किनकी उनीहरू सुरूदेख अन्त्यसम्म कुनैपनि वातावरणमा परिवर्तन हुन सकेका छैनन् । त्यस्तै उनीहरू समाजका झगडालु स्वभाव भएको यूवाहरूको प्रतिनिधित्व गर्ने यथार्थ पात्र हुन् । जीवनलाई जटिल रूपमा भोग्ने तर आफ्ना विशेषता परिवर्तन नगर्ने यी पात्रहरू च्याप्टा पात्र हुन् । आफ्ना मनका कुरा एक आपसमा भनाभन गरेर व्यक्त गरेकोले उनीहरू बहिर्मुखी पात्र हुन् । उनीहरूको चरित्रलाई जतातते उही रूपले ग्रहण गर्न सकिने भएकाले सार्वभौम पात्र हुन् ।

समाजमा एउटाले अर्कोको रीसगर्ने प्रवृत्तिको झलक यिनीहरूमा देखिएकोले परम्परित पात्र हुन् ।

**(ख) शैली वैज्ञानिक आधारमा चरित्रचित्रण**

आधुनिक शैली वैज्ञानिक चरित्र चित्रणका आधारमा युवाहरूको चरित्रलाई विश्लेषण गर्दा उनीहरू लिङ्गका आधारमा पुलिङ्ग पात्र हुन् । त्यस्तै गरी कथाको प्रारम्भ देखि अन्त्यसम्म भूमिका रहेको हुँदा कार्यका आधारमा प्रमुख पात्र हुन् । सामाजिक आधारमा प्रतिकूल पात्र हुन् । उनीहरूको झगडालु स्वभावमा परिवर्तन नआएकोले गतिहीन पात्रहरू हुन् । तत्कालीन समाजका यूवाहरूको झगडालु युवायुवतीहरूको प्रतिनिधित्व गर्ने हुनाले वर्गीय पात्र हुन् । मञ्चमै उपस्थित भएर कार्यव्यापार र संवाद संपन्न गरेकाले उनीहरू आसन्नताका आधारमा मञ्चीय र उनीहरूको भूमिकालाई कथाबाट बाहिर निकाल्दा कथाको मूल कथानक नै भत्किने भएकाले उनीहरू आवद्धताका आधारमा वद्ध पात्र हुन् ।

## ४.१४ माटाको भतेरको अभिनेता कथाका पात्रहरूको अध्ययन

आफ्ना घरपरिवार छोराछोरी हुँदाहुँदै किन बुढाबुढीहरु घरबाछ पाखा लगाइन्छन् बृद्वाआश्रम वा घाछ तीर्थ शरणमा पुगेका हुन्छन् भन्ने एउटा संवेदनशील तर मानवीय समस्यालाई यस कथाको माध्यमले अगाडि ल्याएको छ ।

### ४.१४.१ धनपति

कथाका नायक धनपति उमेरमा बाघझैँ गर्जन्छन् । उनलाई देखेर सबैका गोडा थुरूरू काँम्छन् । उनी बाबुआमाका एक्ला छोरा धनपम्पत्ती प्रसस्तै भएका धनाड्य व्यक्ति हुन् । उनी बाघझैँ हुनाले सबै गाउँलेहरू उनलाई 'त्यसो गरेर त धनपतिलाई पनि पुग्दैन' भन्ने गर्थे । बाघ जस्ता धनपति गर्जंदा घर-समाजका सबै काँप्थे, जेठी पट्टीमा चार छोरीहरूमात्र थिए । उनी एकदिन लौवा खोलापारिको गाउँमा बाली उठाउन जाँदा धन्सारेकी छोरीलाई श्रीमतीको दर्जा दिएका थिए । कान्छी धन्सारेकी छोरीबाट पनि एक छोरा र एक छोरी जन्माएका थिए ।

छोरो भनेपछि हुरूक्क हुने धनपतिलाई छोराले नै डाँडो काटेपछि र दुवै श्रीमतीलाई अघि लगाएपछि उनी पागलझैँ हुन्छन् । जेठी श्रीमती घाँसकाट्दा भीरबाट लडेर मरेकी

थिइन भने कान्छी चार दिनको सन्निपातले शक्तिशाली निष्ठूर भएर कान्छीलाई उडाइदिएको थियो । यसैका कारण उनी पागल/बेहोस हुन्छन् । आफ्नै वैभवको थुप्रोमाथी उनी बेहोस हुँदा कान्छी छोरी र ज्वाईंले उनलाई बचाएको पाउँछन् । अलिसम्म उनको रेखदेख उनकै घरमा गर्छन् । त्यसपछि छोरीज्वाईंले राम्रोसँग सेवा बढाउँदै लैजान्छन् । एकदिन बुढालाई आफ्नै घरमा लैजान्छन् । बुढालाई खोकी लाग्दा आफूलाई नै गाह्रो भएजस्तो नाटक गर्छन् । बाउले आफ्नो नामको सम्पत्ती छोरीज्वाईंलाई वास दिन्छन् । त्यसपछि सम्पत्ति हातपरेपछि उनीहरूले घृणा गर्छन् । औषधी पानी खाना समयमा दिँदैनन् । आफूले समयमा खाना समेत नपाएपछि धनपतिले आफ्नो अतितलाई सम्झिन्छन् । छोरीज्वाईंले काठमाडौंको पशुपतिमा लगेर राखिदिने कुरा गर्छन् । त्यसपछि बूढा धनपतिले आफ्ना रित्ता हातहरू हेर्दै आफ्नो जीवन बालककालमा खेल्ने गरेको 'माटाको भतेर' जस्तो भएको सम्झन्छन् ।

### (क) परम्परागत आधारमा चरित्र चित्रण

समाजमा धनी वर्गका व्यक्तिहरूको स्वभाव र आचरणलाई देखाएकाले समाजमा रहेका धनी वर्गको वास्तविक यथार्थलाई धनपतिको चरित्रले अंगालेकाले उनी यथार्थ पात्र हुन् । विभिन्न परिस्थितिमा क्षणक्षणमा विशेषता बदल्ने धनपति गोलो खालका पात्र हुन् । आफ्ना मनका कुराहरूलाई बाहिर व्यक्त गर्ने बहिर्मुखी स्वभावका पात्र हुन् । श्रीमतीहरूको मृत्यु र छोरोले डाँडा काटेपछि छोरीज्वाईंसँग बसेर आफ्नो सम्पत्ती उनीहरूको नाममा गरिदिएपछि अझै एक्लिएका धनपतिको चरित्रलाई जतातते उही रूपमा ग्रहण गर्न सकिने भएकाले उनी सार्वभौम पात्र हुन् । उच्च वर्गका पूर्व परीचित स्वभाव, व्यवहार र आचरणबाट धनपति परम्परित खालका पात्र हुन् ।

### (ख) आधुनिक शैली वैज्ञानिक चरित्रचित्रणका आधारमा

आधुनिक शैली वैज्ञानिक चरित्र चित्रणका आधारमा धनपतिको चरित्रलाई विश्लेषण गर्दा धनपति लिङ्गका आधारमा पुलिङ्गी पात्र हुन् । कथामा कथाको भूमिका उनकै घर र उनकै जीवन बारेमा केन्द्रीत रहेकाले उनी कार्यका आधारमा प्रमुख पात्र हुन् । उनले सबैलाई आफ्नो बसभित्र पार्ने र सबैलाई थुरूरू बनाउने बाघजस्ता भएकोले प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हुन् । धनपति वैशालु उमेरमा आफ्नो हैकम चलाएपनि बूढो हुँदै जाँदा छोरीज्वाईंको घरमा पुगेका छन् र आफ्नो सम्पत्ति पनि उनीहरूलाई नै दिएकोले स्वभावका आधारा गतिशील पात्र हुन् । कथामा धनाड्य र बुढेसकालमा कसैको घरमा पनि

अटाउन नसकेर बृद्धाआश्रममा लैजाने कुराले समाजका अन्य बृद्धा व्यक्तिहरूको प्रतिनिधित्व गरेकोले वर्गीय पात्र हुन् । धनपतिले मञ्चमै उपस्थित भएर कार्यव्यापार सम्पन्न गरेकाले उनी आसन्नताका आधारमा मञ्चीय र उनलाई कथाबाट निकाल्दा कथाको संरचना भत्किने भएकाले उनी बद्ध पात्र हुन् ।

## ४.१४.२ छोरीज्वाईं

यस कथामा सहायक पात्रका रूपमा छोरीज्वाईं देखिएका छन् । उनीहरूले धनपति आफ्ना श्रीमतीहरू अझ कान्छी श्रीमतीलाई सन्निपालले टपक्कै टिप्दा ढलेर बेहोस भएको अवस्थामा स्याहार सुसार गर्छन्, खोकी लाग्दा आफैलाई लागेजस्तो गरेर उपचार गर्छन खानापानी सबै समस समयमै बन्दोवस्त मिलाएर बुढाको मन लोभ्याउँछन् । पछि आफ्नै घरमा लागेर पनि सेवा गर्छन् तर सम्पत्तिको लोभको भकारी भरिएपछि भने सबै कुरा चटक्कै बिर्सिन्छन् । जब बुढाले उनीहरूले गरेको सेवा देख्छ । तब आफ्नो अरू कोही नभएको र एउटा छोरो पनि नफर्किने सोचेर सारा सम्पत्ती उनीहरूको नाममा नामसारी गरिदिन्छ । त्यसपछि छोरीज्वाईंले सल्लाह गरी बुढालाई खान पनि नदिने औषधी र तातो पानी पनि नदिइ पशुपतिमा बृद्धाश्रममा राख्ने निधो गर्छन् ।

### (क) परम्परागत आधारमा चरित्रचित्रण

परम्परागत चरित्रचित्रणका आधारहरूमा छोरीज्वाईंको चरित्रलाई विश्लेषण गर्दा ग्रामिण परिवेशका वास्तविक यथार्थलाई यहाँ छोरीज्वाईंका चरित्रले प्रष्ट बनाएकाले उनीहरू यथार्थ पात्र हुन् । आफ्ना अन्तरमनका कुराहरूलाई प्रष्टरूपमा बाहिर नभन्ने अन्तर्मुखी चरित्र भएका पात्र हुन् । त्यसैगरी जीवनलाई सहज रूपमा भोगेर क्षणक्षणमा विशेषता परिवर्तन गर्ने उनीहरू गोला पात्र हुन् । आँफैलाई जन्म दिने बाबुको सम्पत्ती खानको लागि के कस्ता भावनाहरू उत्पन्न हुन्छन् भन्ने मान्यतालाई प्रस्तुत गर्न कथाकारले छोरीज्वाईलाई उभ्याएकोले उनीहरू मौलिक पात्र हुन् ।

### (ख) आधुनिक शैली वैज्ञानिक आधारमा चरित्रचित्रण

आधुनिक शैली वैज्ञानिक चरित्र चित्रणका आधारमा छोरीज्वाईंको चरित्रलाई विश्लेषण गर्दा लिङ्गको आधा।मा छोरी स्त्रीलिङ्ग हो भने ज्वाईं पुलिङ्गी पात्र हुन् । कथामा धनपति हेला हुनुमा उनीहरूकै हात रहेकाले र उनीहरूकै घरमा र सहारामा बुढा

बसेकोले कार्यका आधारमा सहायक पात्रका रूपमा छोरीज्वाईं रहेका छन् । आफ्नो बाबुलाई मिठोमुखले नबोल्ने छोरी र झुट कुरा बोल्ने छोरीज्वाईं दुवै प्रवृत्तिका आधारमा सुरूमा अनुकूल तर पछि प्रतिकूल पात्रका रूपमा देखिएका छन् । सुरूमा बाबुलाई मायाको भाव देखाउने छोरी ज्वाईं सम्पत्ति हात परेपछि बाबुको सम्मान र स्याहार गर्न छोड्छन् । त्यसैले उनीहरूको व्यवहार परविर्तन भएकोले स्वभावका आधारमा गतिशील पात्र हुन् । कथामा माइतीको र ससुरालीको सम्पत्ती हात पारेका उनीहरू वर्गी चरित्र हुन् । मञ्चमै उपस्थित भएर कार्यव्यापार र संवाद सम्पन्न गरेकाले उनीहरू आसन्नताका आधारमा मञ्चीय र उनीहरूलाई कथाबाट निकाल्दा कथाको संरचना भत्किने भएकाले उनी बद्ध पात्र हुन् ।

## ४.१५ नेपथ्य कथाका पात्रहरूको अध्ययन

यस कथामा सामन्त वर्गकी एक महिलाले मूर्ति तस्करी गरी विदेशमा पठाउने गरेको र मूर्ति चोर कानुनी फन्दामा परेको छ, परी नाम गरेकी उक्त महिलाले आफ्नो पोल खुल्ला की भनी विभिन्न प्रलोभन देखाई भर्मभक्त भन्ने व्यीक्तलाई जेलबाट छुटकारा दिलाउने प्रतिज्ञा गर्दछे ।अन्त्यमा आफ्नो करतुत लुकाउनका लागि जेलभित्रै हत्या गरेकी छ ।

### ४.१५.१ धर्मभक्त

प्रस्तुत कथाको मुख्य पात्रका रूपमा रहेको धर्मभक्त हेर्दै खाइलाग्दो अरिमुट्ठे जुँगा बटारिएको भुस्तिग्रे फिल्ममा खेल्ने डाँका जस्तो देखिन्छ । ऊ मुर्तिचोरको अभियोगमा पर्काऊ पर्छ । ऊ मूर्ति चोर नभएर मूर्तिबोक्ने भरिया हुन्छ । पहिलो नम्बरमा कसले चोर्छ र आफू पछिकोले कता पुऱ्याउँछ केही थाहा हुँदैन । केवल पैसाको लोभले भरियाको काम गर्छ । परी भन्ने ऊ भन्दा माथिल्लो दर्जाकी मूर्तिचोरले प्रलोभन देखाउँछे ।

धर्मभक्तलाई पुलिसले दिनुसम्मको यातना दिन्छन् । मुखमा घाँटीसम्म पुग्नेगरी लठ्ठी राखिदिँदा पनि बमिट गर्दैन र कुनै कुरापनि ओकल्दैन । परिले दिनदिनै भोलि छुटाउँछु । भोलि छुटाउँछु भन्ने आस देखाउँछे तर छुटाउन सक्दिन । धर्मानन्दलाई पुलिसले दिनुसम्मको यातना दिँदै आएको छ । धर्मभक्त आफूले गरेको मोजमस्ती, बैंकमा रहेको रकमलाई सम्झँदै आफूमाथि गरिएको यातना बिर्सन खोज्छ । सहरभरी हैजा फैलिएकै बेला उसलाई पनि हैजा लाग्यो भनेर औषधी भनेर परिले विष दिएर पठाउँछे । भोलिपल्ट

अखबारले मुख्य शीर्षकमा लेख्छ - "मूर्तिचोर धर्मभक्तद्वारा आत्महत्या" यसरी धर्मभक्त आफ्नो धर्म नछोडिकन परीलाई बचाउँछ ।

### (क) परम्परागत आधारमा चरित्रचित्रण

कथाको प्रारम्भदेखि अन्त्यसम्म एउटै स्वभावमा धर्मभक्त देखिएको छ । चोरहरूको सामाजिक यथार्थलाई प्रस्ट पार्न धर्मभक्त आफू मरेर पनि परीलाई चोरको बिल्लाबाट मुक्त गरेकोकोले ऊ आदर्श पात्र हो । जीवनलाई जटिलरूपमा भोगेको र नियमित अवस्थामा रहेको धर्मभक्त च्याप्टो खालको पात्र हो । आफ्ना मनका भावनाहरूलाई प्रष्टसँग बाहिर ननिकाली मनमनै राख्ने धर्मभक्त अन्तर्मुखी स्वभावको पात्र हो । उसको क्रियाकलापलाई जतातते उही रूपमा ग्रहण गर्न सकिने भएकाले ऊ सार्वभौम पात्र हो । त्यसैगरी तत्कालीन समाजको अवस्थाको यथार्थलाई प्रष्ट पार्न कथाकारले धर्मभक्तको चोरहरूको चरित्रलाई प्रस्तुत गरेकाले ऊ मौलिक पात्र हो ।

### (ख) आधुनिक शैली वैज्ञानिक चरित्र चित्रणका आधारमा

शैली वैज्ञानिकका आधारमा पात्रहरूको चरित्र चित्रणका आधारमा धर्मभक्तको चरित्रलाई विश्लेषण गर्दा लिङ्गका आधारमा ऊ पुलिङ्गी पात्र हो । त्यसैगरी कथाको प्रारम्भदेखि अन्त्यसम्म कथामा धर्मभक्तकै केन्द्रीयता रहेकाले ऊ कथाको प्रमुख पात्र हो । प्रवृत्तिका आधारमा हेर्दा चोर भएपनि पाठकहरूको सहानुभूति प्रकट हुने हुँदा ऊ अनुकूल चरित्र हो । गतिहीन पात्र हो । उसले चोरी भएका मूर्तिलाई एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने भरियाको काम गरेको छ । पैसाको लोभमा आफ्ना व्यक्तिगत इच्छा पूरागर्नको लागि त्यसैले ऊ जीवन चेतनाका आधारमा व्यक्तिगत पात्र हो । धर्मभक्तको कार्यव्यापार र संवाद मञ्चमा प्रत्यक्ष रूपमा देखिएकाले ऊ आसन्नताका आधारमा मञ्चीय र उसको भूमिकालाई कथाबाट निकाल्ने हो भने कथाको मूल कथानक नै भत्किन्छ, त्यसैले ऊ आवद्धता आधारमा बद्ध पात्र हो ।

## ४.१५.२ परी

परी कथामा देखिएकी सहायक पात्र हो । ऊ मूर्तीचोरका रूपमा राजधानीका विभिन्न धार्मिक स्थलका मूर्तिहरू चोर्दै विदेश पठाउँदै आएकी हुन्छे, उसले विभिन्न प्रलोभन, पैसा, मोजमस्ती गराएर आफ्नो करतुत छोप्दै आएकी छ । जेलमा रहेको धर्मभक्तलाई जसरी

भएपनि छुटाउँछु भनेर प्रलोभन देखाउँछे । धर्मभक्तले आफ्नो धर्म नछोडी परीको कुरा मानेको छ । परीले आफ्नो पोल खुल्लाकी भनि विभिन्न प्रलोभन देखाई धर्मभक्त भन्ने व्यक्तिलाई छुटकारा दिलाउने प्रतिज्ञा गर्दछे । सहरभरी हैजा फैलिएको बेला धर्मभक्तलाई पनि हैजा लाग्यो भनेर आफ्नो करतुत खुलासा हुने डरले परीले पेटका कीरा मार्ने र बान्ता र पखाला रोकिन्छ भनेर औषधीको नाममा विष दिएर पठाउँछे । उसले खान्छ भोलिपल्ट अखरबारमा मूर्तिचोर धर्मभक्त भनेर आउँछ तर ऊ निर्दोष हुन्छे ।

**(क) परम्परागत आधारमा चरित्रचित्रण**

समाजमा कुनै कारणले अरूलाई ज्यानलाई समाप्त गर्ने परि समाजको यथार्थ पात्र भएकोले यथार्थवादी पात्र हो । क्षणक्षणमा विशेषता परिवर्तन गर्ने आफ्ना मनका कुरा व्यक्त गरेकी हुनाले ऊ बहिर्मुखी पात्र हो । उसको चरित्रलाई सजिलैसँग बुझ्न नसकिने ऊ गोला पात्र  हो । उसको चरित्रलाई जतातातै उही रूपमा ग्रहण गर्न सकिने भएकाले ऊ सार्वभौम पात्र हो । तत्कालीन समाजको मूर्तिचोर नारी अवस्थाको यथार्थलाई प्रष्ट पार्न कथाकारले परिको चरित्रलाई प्रस्तुत गरेकाले ऊ परम्परित पात्र हो ।

**(ख) आधुनिक शैली वैज्ञानिक चरित्रचित्रणका आधारमा**

शैली वैज्ञानिकका आधारमा पात्रहरूको चरित्र चित्रणका आधारमा परीको चरित्रलाई विश्लेषण गर्दा लिङ्गका आधारमा ऊ स्त्रीलिङ्ग पात्र हो । त्यसैगरी कथाको प्रारम्भदेखि अन्त्यसम्म धर्मभक्तको सहयोगीको रूपमा उसलाई काममा प्रोत्साहित र्गे र आफूले बढी नाफा लिन खोज्ने परी कार्यका आधारमा सहायक पात्र हो । प्रवृत्तिका आधारमा हेर्दा परी क्षणक्षणमा विशेषता परविर्तन गर्ने हुनाले ऊ प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो । कथाको प्रारम्भदेखि अन्त्यसम्म गरी स्वभावका आधारमा गतिशील पात्र हो । तत्कालीन समाजमा यूवतीहरूको पूर्ण रूपमा प्रतिनिधित्व नगरेकाले ऊ व्यक्तिगत पात्र हो । संवाद मञ्चमा भएकाले मञ्चीय र परीलाई कथानकबाट निकाल्दा कथाको कथानकको संरचना भत्किने हुँदा ऊ आवद्धताका आधारमा बद्ध पात्र हो ।

## ४.१६ जादुको छडी कथाका पात्रहरूको अध्ययन

जादुको छडी कथामा मिस्रीको लोग्ने राजनीतिमा लागेको र मन्त्री पद समेत उसले पड्काएको हुन्छ । अहिले ऊ मन्त्री पदबाट निष्काशन हुने कुरा थाहा पाएपछि मिस्री औ

सभापतिकोमा गई सभापतिलाई खुसी पारेकी छ ।लोग्नेको मन्त्री पद पुनः दिलाएकी छ । उसको लोग्ने पनि स्वास्नीले के जादु गरी भन्ने जिज्ञासा बुझ्न खाज्छ तर लाचार भएर यो कुरा उसले सोध्न सक्दैन र स्वास्नीको सुन्दरतामा नै मोहित हुन्छ ।

## ४.१६.१ मिस्री

प्रस्तुत कथामा प्रमुख पात्रका रूपमा देखिएको मिस्री आफ्नो लोग्ने राजनीतिमा लागेको र मन्त्री पद समेत उसले पड्काएको हुन्छ । केही समयअगाडी मुखमा माँड लगाउन समेत गाह्रो परेको मिस्रीको परिवार आज सम्पन्न भएको छ । उसको श्रीमान्‌ले कम पढेको भएपनि राजनीति राम्रोसँग गर्छ र मन्त्री पद पाउँछ । बढी पढेकोले बरू काम नपाउने अथवा अप्ठेरो काम पाउँथे होला तर ऊ सजिलोसँग कुर्सीमा बसेको छ । यसपाली उसको लोग्नेको मन्त्रीपद खोसिन लागेको छ । सभापतिको व्यवहारले प्रष्ट बताउँछ । यसपाली टिकट नपाउने कुरा यसैकुराले छट्पटाइरहेको हुन्छ । उसको लोग्नेले बुढी केही उपाए छैन भनेको बेला मिश्रीले भोलि म केही उपाय निकाल्नु भन्छे । बाहिर पानी परिरहेको जाडो मौषम मिश्रीले उपाय फुरेजस्तो गर्छे । कविलाई कविता फुरेझैं अनि भोलिपल्ट सजिसजाउ भएर सारी लगाएर चिटिक्क परेर सभापतिको घर जान्छे । सभापतिलाई प्रजातन्त्रको मर्म बुझाउन अनि बुझाएर आउँछे । यसरी मिस्रीले एक साँझ गएर सभापतिद्वारा खोसिन लागेको आफ्नो लोग्नेको पद दिलाउँछे र उसको लोग्नेले मिस्रीसँग त जादुको छडी नै पो छ कि भन्छ ।

### (ख) परम्परागत आधारमा चरित्र चित्रण

परम्परागत चरित्रचित्रणका आधारमा मिस्रीको चरित्रलाई विश्लेषण गर्दा आफ्नो छाक टार्ने बाटो नै हराउने डरले सभापतिकोमा प्रजातन्त्रको मर्म बुझाउने र मन्त्री पद लोग्नेको लागि मिलाईदिन आग्रह गर्ने खेल खेल्ने समाजकी वास्तविक यथार्थ पात्र हो । आफ्ना मनका भावनाहरूलाई प्रष्टसँग बाहिर ओकल्न सक्ने मिस्री बहिर्मुखी पात्र हो । जीवनलाई सहज रूपमा भोग्ने र क्षणक्षणमा आफ्ना विशेषताहरू परिवर्तन गर्ने मिस्री गोलो पात्र हो । मिस्रीको चरित्रलाई ततातातै उही रूपमा ग्रहण गर्न सकिने भएकाले ऊ माथिल्लो तहका मानिसहरूलाई केही कुरा भनेर अथवा चिल्लो लगाएर भएपनि लोग्नेलाई सजिलो राजनीतिक कुर्सिमा बसाल्न खोज्ने मिश्री परम्परित खालकी पात्र हो ।

**(ख) आधुनिक शैली वैज्ञानिक आधारमा चरित्रचित्रण**

शैली वैज्ञानिक चरित्रचित्रणका आधारमा मिस्रीको चरित्रलाई विश्लेषण गर्दा लिङ्गका आधारमा ऊ स्त्रीलिङ्गी पात्र हो । कथाको कथानकमा सुरूदेखी अन्तिमसम्म मुख्य पात्रको रूपमा भूमिका खेलेकोले कार्यका आधारमा प्रमुख पात्र हो । समाजमा सामान्य स्थितिमा बस्न भन्दा पाएसम्म कुर्सीको पद पाउने आशाले सभापति समक्ष मिस्री चिटिक्क परेर फकाउन जान्छे । यसरी राजनीतिमा आफ्नो मात्रै स्वार्थ रहेकोले ऊ प्रतिकूल पात्र हो भने आफ्नो अरू आम्दानी गर्ने पेट पाल्ने आधार नभएकोले राजनीतिमा लागेको आफ्नो लोग्नेको लागि पुनः मन्त्रीपद मिलाउनको लागि प्रयास गरेकोले अनुकूल पात्र हो । उसको स्वभावमा परिवर्तन देखिएकाले ऊ गतिशील पात्र हो । गरिबीले गर्दा आफ्नो पेट पाल्नको लागि आफ्नो लोग्नेको मन्त्रीपद नखोसियोस् भन्ने चाहना राखेकोले ऊ वर्गीय पात्र हो । मिस्रीले मञ्चमै उपस्थित भएर कार्यव्यापार र संवाद सम्पन्न गरेकीले ऊ आसन्नताका आधारमा मञ्चीय र उसको भूमिकालाई कथाबाट बाहिर निकाल्दा कथाको मूल कथानक नै भत्किने भएकाले ऊ बद्ध पात्र हो ।

## १.१६.२ मिस्रीको लोग्ने

मिस्रीको लोग्ने अनपढ व्यक्ति हो । उसले आफूले नपढेर अरू जागिर खान र सामान्य काम पनि नपाएकोले आफ्नो परिवारको पेट पाल्न पनि धौ-धौ हुन्छ । त्यत्तिकैमा नपढेका व्यक्तिले राजनीति गर्न थाल्छ । चुनावमा टिकट पाउँछ र लड्छ र मन्त्री पद पाउँछ । त्यसपछि उसको पारिवारिक स्थिति सुध्रिएको छ । बाबुआमा श्रीतमी छोरी सबैको मुखमा माड लगाएको छ । ऊ मन्त्रीको कुर्सीमा हुन्छ । एकदिन सभापतिको व्यवहारले अरूलाई पालो दिने भन्दै मन्त्रीको कुर्सी खोस्ने योजना बनाउँछ । यो कुराले गर्दा पौष महिनाको जाडोमा पनि उसलाई छटपटि हुन्छ, गर्मी हुन्छ । उसलाई शान्त पार्न श्रीमतिले सनिसजाउ भएर सभापतिलाई प्रजातन्त्रको मर्म बुझाउन जान्छे र बुझाएर आउँछे । खोसिन लागेको मन्त्रीपद पुन दिलाउँछे । उसको लोग्नेले स्वास्नीले के जादु गरी भन्ने जिज्ञासा बुझ्न खोज्छ तर लाचार भएर सोध्न सक्दैन र स्वास्नीको सुन्दरतामा नै मोहित हुन्छ र दङ्ग पर्छ ।

**(क) परम्परागत आधारमा चरित्रचित्रण**

परम्परागत चरित्रचित्रणका आधारमा मिस्रीको लोग्नेको चरित्रलाई विश्लेषण गर्दा परिवार पाल्नुपर्ने जिम्मामा रहेको अनपढ व्यक्तिको वास्तविक यथार्थलाई मिस्रीको लोग्नेको चरित्रबाट प्रष्ट बनाइएकोले ऊ खुलस्थ रूपमा बाहिर भन्न नसक्ने ऊ अन्तर्मुखी पात्र हो । जीवनलाई जटिल रूपमा भोगेर क्षणक्षणमा विशेषता परिवर्तन गर्ने ऊ गोला पात्र हो । मिस्रीको लोग्ने चरित्रलाई जतातते उही रूपमा ग्रहण गर्न सकिने भएकाले ऊ सार्वभौम पात्र हो । आफूले गर्दै आएको कामबाट एक्कासी निकाल्ने कुरा हुँदा पात्रमा कस्ता खालका भावना उत्पन्न हुन्छन् भन्ने कुरालाई मिस्रीको लोग्नेका माध्यमबाट देखाउन खोजिएकोले मिस्रीको लोग्ने मौलिक पात्र हो ।

**(ख) आधुनिक शैली वैज्ञानिक आधारमा चरित्र चित्रण**

आधुनिक शैली वैज्ञानिक चरित्र चित्रणका आधारमा मिस्रीको लोग्नेको चरित्रलाई विश्लेषण गर्दा ऊ लिङ्गका आधारमा पुलिङ्गी पात्र हो । कथाको प्रारम्भदेखि अन्त्यसम्म सहायक भूमिकामा रहेकोले उसकै जागिर जोगियोस् भन्ने मिस्रीको लोग्ने अनुकूल पात्र हो । उसको व्यवहारमा खासै परिवर्तन नआएकाले प्रवृत्तिका आधारमा ऊ गतिहीन पात्र हो । माथिल्लो पदबाट तल्लो पदमा रहेका व्यक्तिलाई निकाल्न खोजिएको अन्य राजनीतिज्ञहरूको प्रतिनिधित्व गरेको मिस्रीको लोग्ने जीवन चेतनाका आधारमा वर्गीय पात्र हो । ऊ संवाद र कार्यव्यापार मञ्चमै उभिएर सम्पन्न गरेकाले ऊ आसन्नताका आधारमा मञ्चीय पात्र हो भने उसको चरित्रलाई कथाबाट निकाल्दा कथाको मूल कथानक भत्किने भएकाले ऊ बद्ध पात्र हो ।

## ४.१६.३ गौण पात्र

प्रस्तुत कथामा गौणपात्रका रूपमा सभापति, मिस्रीकी छोरी र लोग्नेका बाबा आमा रहेका छन् । यि मध्ये बाबा आमा र छोरी मुक्त रूपमा रहेका छन् भने सभापतिले नै मिस्रीको लोग्नेलाई मन्त्री पद दिएको थियो । फेरि निस्काशन गर्ने तयारी गर्दागर्दै मिस्रीले प्रजातन्त्रका कुराका बारेमा जानकारी दिँदै सभापतिलाई आफ्नो लोग्नेलाई नै मन्त्री पद दिनको लागि आग्रह गरेपछि स्वीकारेको छ । त्यसले ऊ राजनीतिमा देखिएकोले र उसलाई निकाल्दा कथानक खल्बलिने भएकाले बद्ध पात्र हो ।

## ४.१७ पात्रहरूमात्र कथाका पात्रहरूको अध्ययन

भारतमा लाहुरे हुन पुगेको 'ऊ' पात्र आफ्नी बैंसकी स्वास्नी मरेको खबरले घर फर्कन रेलवे प्लेटफर्ममा लुटिन्छ । दुःख पाएकी महिलाको रुपमा रहेको एउटा भिखारीले उसलाई लुटिदिन्छ । महिलाको रुपमा देखिएको तयो पात्र वास्तवमा पुरुष हुन्छ । घर फर्कन उपाय बिहीन भएको त्यो लाहुरे अर्को लाहुरेको सुटकेस चोर्न बाध्य हुन्छ ।

### ४.१७.१ लाहुरे वा ऊ पात्र

नेपालबाट भारतमा लाहुरे हुन गएको 'ऊ' पात्र नेपालमा रहेकी आफ्नी बैंसकी स्वास्नी जससँग ऊ धेरै समयसँगै बसेकै थिएन । उसको बारेमा भोग्न पनि पाएको थिएन । भोग्न नपाइकनै बैसकी स्वास्नी मरेको खबर पाएर ऊ नेपाल आफ्नो घरमा आउनको लागि रेलवे प्लेटफर्ममा पुग्छ । त्यहाँ उसले ल्याएका सामान चोरी हुन्छन् लुटिन्छिन् । ऊ आफूले साथी भाईसँग सरसापटी गरेर घर हिँडेको हुन्छ । लाहुरे लोग्ने पाएर खुसी भएकी बाटुली चारपाटे शरीर सम्भिन्छ तर सँगै बस्न नपाईकनै किरिया मात्र गर्नुपर्ने, उसको दिमाग रिंग्छ कता कता । दुःख पाएकी महिलाको रूपमा देखिएको त्यो पात्र वास्तवमा पुरूष हुन्छ । महिलाका लुगा साडी ब्लाउज पेटीकोट र नक्कली कपाल लगाउने र पैसा माग्दै हिँड्न र मौका पर्दा लुट्ने अनि अनुशासित भएर भाडामा पैसा माग्दै हिँड्नेबाट नेपाली दाजूभाईहरू लटिन्छन् । ऊ पात्र पनि त्यसरी नै लुटिएको छ । ऊ बाटुलीको क्रियाका लागि घरपुऱ्याउने सामान खोसिएपछि, घर कहाँ हो भनेर कसै सोधे भने 'कनौटक' भनेर उत्तर दिन्छ र प्लेट फर्मतिरै फर्कन्छ ।

#### (क) परम्परागत आधारमा चरित्रचित्रण

परम्परागत चरित्रचित्रणका आधारमा ऊ पात्रले गरिव समाजको र रोजगारीका लागि भारत मै जानुपर्ने नेपालीको यथार्थलाई ऊ पात्रको माध्यमबाट प्रष्ट बनाएकाले ऊ यथार्थ पात्र हो । आफ्ना अन्तरमनका कुराहरू व्यक्त गर्न नसक्ने अन्तर्मुखी पात्र हो । त्यसैगरी जीवनलाई जटिल रूपमा भोगेको म पात्र छिनछिनमा विशेषता परिवर्तन गरेको छ त्यसैले ऊ गोला पात्र हो भने प्रवृत्तिका आधारमा आफूले कसैलाई दुःख दिन खोजेको छैन । त्यसैले ऊ अनुकूल पात्र हो । उसको चरित्रलाई जतातत‍ै उही रूपमा ग्रहण गर्न सकिने भएकोले ऊ सार्वभौम पात्र हो । आफ्नी वैशकी श्रीमती भर्खर विवाह गरेर छोडेर जाँदा र

त्यही श्रीमती पनि वैंशमै मर्दाको पीडा कस्ता भावनाहरू उत्पन्न हुन्छन् भनी ऊ पात्रका माध्यमबाट देखाउन ऊ पात्रलाई उभ्याएकोले ऊ पात्र मौलिक पात्र हो ।

**(ख) आधुनिक शैली विज्ञानका आधारमा चरित्र चित्रण**

शैली वैज्ञानिक चरित्र चित्रणका आधारमा ऊ पात्रको चरित्रलाई विश्लेषण गर्दा लिङ्गका आधारमा ऊ पुलिङगी पात्र हो । कथाको कथाको कथानकमा सुरू देखी अन्त्यसम्म देखिएकोले र कथानक उसकै जीवनमा घटेको घटनामा केन्द्रीत भएकाले कार्यका आधारमा ऊ केन्द्रीय पात्र हो । समाजमा गरिबीका कारण भारतमा काम गर्न जाने यूवाहरूको वास्तविक प्रतिनिधित्व गर्ने ऊ पात्र जीवनचेतनाका आधारमा वर्गीय पात्र हो । ऊ पात्रले आफ्नो सामानको सुरक्षा भन्दा ऊसँग अगाडि रूने महिलाको सेवा गरेको छ त्यसैले ऊ अनुकूल पात्र हो । त्यसैले ऊ अुकूल पात्र हो । ऊ आफ्नो घर जान हिँडेको बेला कसैले सहयोगको अपेक्षा राखेको बेला उसलाई सेवा गर्न पनि अग्रसर हुन्छ । त्यसैले ऊ गतिशिल पात्र हो । मञ्चमा नै उपस्थित भई कार्यव्यापार र संवाद प्रस्तुत गरेकाले आसन्नताका आधारमा ऊ मञ्चीय पात्र हो । त्यस्तै गरी उसको भूमिकालाई कथाबाट बाहिर निकाल्दा कथानक नै भङ्ग हुने भएकाले ऊ आबद्धताका आधारमा बद्ध पात्र हो ।

### ४.१७.२ गौण पात्रहरू

प्रस्तुत कथामा उपस्थित भएका गौण पात्रहरू मध्ये भिखारी महिलाको रूपमा रहेको व्यक्ति र उसकी पत्नी बाटुली गौण पात्र भएपनि वद्ध रूपमा रहेका छन् । त्यस्तै उसका बाबुआमा र ऊ पात्रलाई अपर्झट घर जानु पर्दा सहयोग गर्ने साथीहरू पुलिस जसले त्यो बलत्कारी पूवतीलाई अहंकारका मुद्रामा कणलो समाउँछ गौण पात्र भएपनि बद्ध पात्रका रूपमा रहेका छन् ।

## ४.१८ धन्नैले शहिद भएनछु कथाका पात्रहरूको अध्ययन

प्रस्तुत कथामा 'म' पात्र आफ्नो जीवनकालमा घटेका घट्ना ,विद्यार्थी जीवनमा गरेका राजनैतिक नारा जुलुस आदि चरत्रि 'म' पात्रको सपनाको रुपमा प्रस्तुत भएको छ । सपनामा सहिद भएको,सालिक बनेको, उसकी आमा र छोरीले निकै कस्ट भोग्नु परेको, श्रीमतीले बाँच्न नसकेर प्राण त्याग गरेका नस्ता घटनालाई मूर्त रुपमा प्रस्तुत गरिएको छ ।

## ४.१८.१ म पात्र

धन्नैले सहिद भएनछु भन्ने कथामा नेपाली क्रान्ति राजनीतिको अन्तरकथा प्रतिविम्बित छ । प्रस्तुत कथाको प्रमुख पात्रका रूपमा म पात्र रहेको छ । चैत महिनको अन्ततिरको मध्यान्हमा वर्षौंदेखिको अन्धकार हटाउन र मानवताविरोधी खलहरूका कुकृत्यहरूको पर्दाफास गर्दै एकै लुँडो सोहोरेर हिँडाउने जन समुन्द्रको प्रयास सर्वथा उद्देश्यको पवित्रता र न्यायले पूर्ण छ भन्ने कुरामा तृप्त रहेको छ । सम्पूणर्य काला नीति नियमका स्रष्टा, मूर्ख महापण्डितहरू 'फुटाऊ र राज्य गर' भन्ने आकाशको कालो बादल र धर्तीको कालो ढल हटाएर आकाश धर्ती पारदर्शी बनाउन जुटेको म पालाई काला किल्लाहरू र दासताका स्तम्भहरू ढलाउँदा ढलाउँदै अकस्मात गोली लाग्छ र पछारिन्छ र सहिद बन्छ । ऊ धर्मको पक्षमा थियो, न्याएको पक्षमा छ । धृतराष्ट्रजस्तो अन्धो मोहमुच्छित शासनको विरूद्धमा गण्डीप भएर ग्लानी मान्नुपर्ने ठान्दैन । सही पक्षमा र सही युद्धमा ऐतिहासिक मृत्यु ठान्दैन । सही पक्षमा र सही युद्धमा ऐतिहासिक मृत्यु भएकोमा ऊ खुसीले गद्गद् हुन्छ ।

एकदिन घुम्दै जाँदा पहिला आन्दोलन भएको ठाउँ खुलामञ्चको अगाडि पुग्छ । त्यहाँ आफ्नो शालिक बनाएर राखिएको देख्छ । ऊ आश्चार्य चकित हुन्छ । प्रत्येकपटक शहिद दिवसका दिन उसलाई सम्झिने र उसका सपना पूरागर्ने कुरा हुन्थे । एकदिन शहिद दिवसको दिन त्यही शालिकको तल एउटी बुढी र सानी बालिका बस्छन् । उनीहरूले शालिक नचिनेपनि ठूला मान्छे आउलान् र केही देलान र खाउँला भनेर बसेका हुन्छन् । बच्चीले हजुरआमासँग भोक लाग्यो भन्छे आमाले तेरो बाबुले कुठाउँमा परान होम्यो । आमाले विधवा भएर बाच्ने हिम्मत गरिन । पख् ठूला मान्छे आउलान् केही देलान् र खाउँदा भन्छिन् । सहिद बनेको म पात्रले चिन्छ आफ्नी आमा र छोरीलाई तर बोल्न सक्दैन । केही समयपछि ठालुहरू आउँछन् र उनीहरूलाई त्यहाँबाट लखेट्छन् जसको विरूद्धमा उसले लडाईं लडेर शहिद बन्छ उसैले आज आमा र छोरीलाई लखेटेर शालीकमा माला लगाउँछ । उसलाई पश्चाताप हुन्छ र दुःख विह्वल हुन्छ र बलपूर्वक चिच्याउँछ र विउँझिन्छ । उसले सपनामा आफ्नी आमा, छोरी र पत्नीलाई सुनाउँछ र पहिला भएको आन्दोलनमा भाग लिएको थिएँ तर म जस्ता धेरै शहिद भए अहिले यो सपना देखेपछि उसलाई भन्न मन

लागेको छ । म पनि धन्नैले शहिद भएनछु, मेरो परिवारको विचल्ली हुने रहेछ भन्ने कुरा सम्झन्छ ।

### (क) परम्परागत आधारमा चरित्रचित्रण

परम्परागत चरित्र चित्रणका आधारहरूमा म पात्रको विश्लेषण गर्दा ऊ समाजमा वा देशमा रहेको अन्धकार हटाउनका लागि र मानवता विरोधी कुकृत्यहरू हटाउनको लागि आन्दोलन गर्दा ज्यानको बलिदन दिएर सहिद भएको यूवक आदर्शवादी पात्र हो । आफ्ना मनका भावनाहरूलाई प्रष्टसँग बाहिर निकाल्न सक्ने म पात्र बहिर्मुखी पात्र हो । उसले जीवनलाई जटिल रूपमा भोग्ने र क्षणक्षणमा आफ्ना विशेषताहरू परिवर्तन गरेकोले ऊ गोला पात्र हो । उसको चरित्रलाई जताततै उही रूपले ग्रहण गर्न सकिने हुनाले ऊ सार्वभौम  पात्र हो । आन्दोलनका कुराहरूलाई समेटेर म पात्र माध्यमबाट कथाकारले सहिद भएको आमा र छोरीको दृष्य देखाएर उसलाई समेटेर म पात्र माध्यमबाट कथाबारले सहिद भएको आमा र छोरीको दृष्य देखाएर उसलाई पश्चतापमा पारेका छन् । यसरी प्रस्तुत भएकोले ऊ मौलिक पात्र हो ।

### (ख) आधुनिक शैली वैज्ञानिक चरित्रचित्रणका आधारमा

शैली वैज्ञानिक चरित्रचित्रणका आधारमा म पात्र पुलिङ्गी पात्र हो । कथाको कथानकमा सुरूदेखि अन्त्यसम्म म पात्रकै भूमिका रहेकोले ऊ कार्यका आधारमा केन्द्रीय अथवा मुख्य पात्र हो । समाजमा रहेको खराब प्रवृत्तिका विरूद्ध आन्दोलनमा उत्रने दासताका स्तम्भहरू ढलाएर मुक्तिका प्रतिकहरू उत्तोलन गर्न लागि पर्ने म पात्र स्वभावका आधारमा अनुकूल पात्र हो । ऊ जस्तै अन्य युवाहरूको प्रतिनिधित्व गर्ने म पात्र जीवनचेतनाका आधारमा वर्गीय पात्र हो । मञ्चमा नै उपस्थित भएर कार्यव्यापार र संवाद प्रस्तुत गरेकाले आसन्नताका आधारमा ऊ मञ्चीय पात्र हो । त्यस्तै गरी उसको भूमिकालाई कथाबाट बाहिर निकाल्दा कथाको मूल कथानक नै भङ्ग हुने भएकाले ऊ आवद्धताका आधारमा बद्ध पात्र हो ।

## ४.१८.२ गौण पात्रहरू

प्रस्तुत कथामा देखिएका गौणपत्रहरू मध्ये म पात्रकी आमा र छोरी सहायक पात्रका रूपमा रहेका छन् । उनीहरू म पात्र र उसकी श्रीमती मरीसकेपछि आफ्नो पेट पाल्नको

लागि हातमा कचौरा लिएर पैसा माग्न शालिकको तल पुगेका हुन्छन् । तर उनीहरू पैसा र खानेकुराको सट्टा प्रहरीद्वारा धपाइन्छन् । यसरी उनीहरू वद्ध पात्रका रूपमा म पात्रकी श्रीमति, म पात्रको मृत्युपछि विधवा जीवन जीउन नसकेर मरेकीछन् र उनी गौण पात्रका रूपमा रहेकी छन । यिनी मुक्त पात्र हुन् । पुलिसहरू पनि गौणपत्रका रूपमा रहेका छन् ।

## ४.१९ सपना र खण्डहरहरू कथाका पात्रहरूको अध्ययन

प्रस्तुत कथा ठोस कथाबस्तु नभएको संमरणत्मक कथा हो गाउँमा गाईबस्तु चराएर बाबु-आमाको काखमा प्रमपुर्ण बाल्यकाल बिताएको 'म' पात्र सहरमा आएपछि आफ्नो बाल्यकालको सम्झनाले व्यथित हुन्छ । आमा-बाबाको मृत्युले लिएका खोपहरु र बाल दौंतरीहरु हराउँदै गएको बेदनाले घर पुगे पनि घरमा अडिन सक्दैन र 'म' पात्र सहरतिरै फर्हन्छ ।

### ४.१९.१ म पात्र

कथाको केन्द्रीय पात्र 'म' पात्रको जीवन गाउँ र शहर दुवैतिर पालैपालो बितेको हुनाले दुवैतिरको परिवेशलाई यहाँ चित्रण गरिएको छ । म पात्रले गाउँमा गाईवस्तु चराएर बाबुआमाको काख मा प्रेमपूर्ण बाल्यकाल बिताएको हुन्छ । ऊ शहरमा आएपछि आफ्नो बाल्यकालको सम्झनाले व्यथित हुन्छ । उसले आफू बाल्यकालमा खेल्ने ठाउँ, भीरपाखा, डहर, चौतारो, पिपलरूख, पोखरेडाँडो, भालुखोल्सो सबै एक-एक गरेर सम्झिन्छ । र आफ्नो पत्नी छोराछोरीलाई काठमाडौंमा राखेर ऊ आफ्नो हराएको बाल्यकाल खोज्न गाउँ आउँछ । त्यहाँ उसले आमा-बाबाको मृत्युपछि आफ्नो बाबुले प्रयोग गर्ने चस्मा किताब अन्य भौतिक साधन मात्र भेटाउँछ । घरको भग्नावशेषबाट बिचलित भएर भिर्कुनामा आफुलाई खोज्न हिनेको छ । यहाँ भारतमा चौकीदारीमा जीवन खोज्न पसेका साथीहरू । गाइवस्तु बेचेर स्कुल जाने उनीहरूका नानीहरू, पिङ खेल्ने काभ्राको रूख भन्भनेका गोरेको, चौरहरू आदि हेरेर अन्त्यमा भिर्कुनाबाट एकमुठी माटो भिर्कुनाबाट एउटा ढुङ्गो डहरबाट र एक थोपा आँशु नीलो दहबाट, एकमाना घिउ र एक पाथी बोडी पत्नीका लागि लिएर म पात्र आफ्नो देशमा विदेशिन्छ र म पात्र एक मुटुको पीडा । सृष्टिको एउटा सिंढी र सपनाको खेती उब्जाउने एउटा खण्डहरहरू सँगै कथाको अन्त्य हुन्छ ।

### (क) परम्परागत आधारमा चरित्रचित्रण

आफू सहरमा बसेपछि उसले आफ्नो बाल्यकाल र आफू खेलेको ठाउँको झल्कोले तानेकोले ऊ समाजमा ऊ जस्तै आफ्नो हुर्केको घर पाखापखेरा सम्झेर कहिलेकाँही फर्कने अन्य व्यक्तिहरूको प्रतिनिधित्व गरेकोले म पात्र यथार्थवादी पात्र हो । क्षणक्षणमा विशेषता परिवर्तन गरी कहिले शहरमा कहिले गाउँ, कहिले भीर कहिले खेत गर्ने म पात्र गोलो पात्र हो । आफ्ना मनका भावनाहरूलाई मनमनै खेलाउने म पात्र अन्तर्मुखी स्वभावको पात्र हो । म पात्रको चरित्रलाई जतातती उही रूपमा ग्रहण गर्न म पात्र सार्वभौम पात्र हो । त्यस्तै गरी आफ्नो जन्म ठाउँ छोडी कम ठाउँ तर्फ गएको र बाल्यकालको र आफू हुर्के खेलेको ठाउँको यादले सताएर गाउँमा त्यसपछि पुनः सहरमा फर्केको म पात्रको व्यवहार, आचरणद्वारा ऊ परम्परित खालको पात्र हो ।

### (ख) आधुनिक शैली वैज्ञानिक आधारमा चरित्रचित्रण

म पात्र सपनार खण्डहरहरू कथाको पुरूष पात्र हो । त्यसैले ऊ लिङ्गका आधारमा पुलिङ्गी पात्र हो । ऊ यस कथाको केन्द्रीय पुरूष पात्र हो । अर्थात् यस कथामा उसैको कथा प्रस्तुत भएको छ । यसको अनुपस्थितिमा कथाले मूर्त रूप लिन सक्दैन । म पात्रको आफ्नो भड्किलो स्वभाव छैन । उसको क्रियाकलाप र रहनसहन मध्यम खालको भएकोले अनुकूल पात्र हो । स्वभावका आधारमा उनी समयअनुसार परिवर्तन हुने प्रयासमा रहेको म पात्र गतिशील स्वभाको पात्र हो । जीवनचेतनाका आधारमा वर्गीय पात्र हो । म पात्रको कार्य मञ्चमै सम्पन्न भएकाले आसन्न ताका आधारमा ऊ मञ्चीय र उसलाई कथाबाट निकाल्दा कथाको मूल संरचना नै भत्किने भएकाले ऊ बद्ध पात्र हो ।

## ४.२० नाटकको अन्त्य कथाको अध्ययन

प्रस्तुत कथामा लाहुरेको रुपमा रहेको 'म' पात्र ले गाउँले युवती चमेलीलाई गरेको प्रमको भावपूर्ण वर्णन छ ।नायिकाको रुपमा रहेकी चमेलीले लाहुरेसँगकोसहवासलाई सजिलै बिर्से पनि लाहुरेले त्यसलाई आध्यात्मि उचाईमा पुऱ्याएको छ ।

## ४.२०.१ म पात्र (लाहुरे)

लाहुरे अहिले बुढो भैसकेको छ । उसले अलिक उमेरमा आफूले भिर्कुनामा आफू बाला दिनमा गाई चराउँदा उकालो ओरालो गरेको सम्भिन्छ । त्यतिबेला त खड्केरीहरू अग्ला डाँडा खासै गाह्रो नलाग्ने तर अहिले सजिलो बाटो खोज्ने भएको छ । पहिलेको बाटो अप्ठ्यारो लाग्न थालेको छ । समयले सत्तरी काटीसक्दा पनि बाँचने आशा बोकेर हिँडेको लाहुरे म पात्र पहिला भिर्कुनामा नाटक हुँदा पढेलेखेका यूवाहरू विदामा आउँदा चटक देखाएको हेर्न र त्यही नाटकको छेउ छेउमा दोहोरी गीतका समूहरूमा साइड चक्कर अथवा रोधीघर पुग्छ । त्यहाँ चमेलीका आँखासँग उसका आँखा तानिन्छन् । यूवाहरूका गीत गम्किरहेका हुन्छन् । त्यसैबीच चमेलिले उसको टेपरिकर्डर प्रति मोहित हुन्छे र गीत गाउन नजान्ने लाहुरे थपडी मात्र बजाउने केन्द्रीय पात्र हुन्छ । रात परेपछि चमेलीलाई घर पुऱ्याउने निहुँमा उसको घर नजिकै गोठसम्म पुग्छ यत्तिकैमा ठूली एकादशीको मेलामा भेट हुँद अर्को महिना पर नसरेको जानकारी पाएको लाहुरेले चमेलीको लोग्नेलाई चिठ्ठी पुऱ्याउन सहयोग गर्छ । घर बोलाउनको लागि र चमेलीबाट जन्मने सन्तानलाई बाबुको नाम दिनको लागि र उसको इज्जतको लागि ।

त्यसपछि उनीहरूको भेट हुन पाएन र अघिल्लो सालमात्र रिटायर भएर आएको खुनपसिना उतै छाडेर लाहुरे आफ्ना कुनै सन्तान नभएको र छ महिना पहिला बूढी पनि स्वर्ग भएको र आफू एक्लै शून्य यात्रामा रहेको छ । हिँड्दाहिँड्दै उसले सम्भेको छ । कुनै दिन चमेलीसँग गीत गाउँदा बसेको प्रेमले आफूलाई सन्तान दिलाउन सक्छ । बरू चमेलीलाई कसरी चिन्ने उसलाई चमेलीको जेठो सन्तान हेर्ने इच्छा जाग्छ । त्यही लगामले डोरिएर ऊ चमेलीको घरमा पुग्छ र बास माग्छ र रात छिप्पिएकोले कुटे लौरो पिडिको छेउमा मधुरो बत्तिको उज्यालो हेरेर उसले पुकार्छ । को हो भन्दै एउटी बुढिया बाहिर निस्किन्छे । तिमी चमेली होइनौ उसले हो भनी तर म पात्रले आफ्नो परिचय अनेक तरहले दिन खोज्छ तर चिन्न सक्दिन नाटकका रोधीका कुरा गर्दा नाटक त धेरै भए, दोहोरी पनि सधैं हुन्थे मलाई सम्भनै छैन भने । छोराछोरी दुईटी छोरीहरू छन् भन्छे तर लाहुरेले ठूली छोरी मेरी हो भन्न सक्दैन । उसले विचार गर्छ । चमेलीको भनाइमा ऊ दोधारिन्छ । नाटक कति भए, रोधी अथवा गीतहरू कति गाइए सम्भनै छैन । लाहुरे कत्ति आए होलान् आफ्नो बोली अर्थहिन भएको र आफैलाई हाँस्यास्त लाग्छ र ऊ चमेलीको घरबाट फर्कन्छ ।

उसले भ्रममा जीवन बिताएको र शून्य उपब्धि प्राप्त गरेको छ । यत्तिकैमा नाटकको अन्त्य भएको छ ।

### (क) परम्परागत आधारमा चरित्रचित्रण

लाहुरेको भूमिकामा रहेको म पात्र समाजमा रोधी घरमा वा अन्य नाटकमा कुनै नारीलाई मन पराउने र आँखा जुधाउने पुरूषहरूको प्रवृत्तिलाई प्रस्ट्याइएकोले ऊ यथार्थ पात्र हो । आफ्ना मनका कुरा मनमनै खेलाउने ऊ अन्तर्मुखी पात्र हो । उसले रोधी घरमा आँखा जुधाएको छ र आफू लाहुरे जीवन बिताएर अन्त्यमा घर आउँछ । त्यसपछि श्रीमती पनि मर्छे । अनि उसलाई श्रीमतीको याद आएको छ । त्यसैले नारीको साथबिना जीवन बिताउन कतिसम्म सहज या अप्ठेरो हुन्छ भनी मानिसको मानसिक स्थिति कस्तो हुन्छ भन्ने मनोविज्ञानलाई केलाइएको चरित्रलाई जतातत्तै उही रूपमा ग्रहण गर्न सकिने भएकाले ऊ सार्वभौम पात्र हो । यसै गरी सत्तरी वर्षमा पनि तन्नेरी अवस्थामा गरेको प्रेम सम्झेर उसको घरसम्म पुगेको देखाइएकोले ऊ मौलिक पात्र हो ।

### (ख) आधुनिक शैली वैज्ञानिक आधारमा चरित्रचित्रण

शैली वैज्ञानिक चरित्रचित्रणका आधारमा म पात्रको चरित्रलाई विश्लेषण गर्दा ऊ लाहुरे र चमेलीलाई प्रेम गरेकोले लिङ्गका आधारमा पुलिङ्गी पात्र हो । उसको कार्यमूल्य कथाको प्रारम्भदेखि कथाको अन्त्यसम्म रहेकोले ऊ कार्यका आधारमा केन्द्रीय अथवा मुख्य पात्र हो । लाहुरे म पात्रले आफ्नी श्रीमति हुँदाहुँदै अर्की नारीमाथि आँखा जुधाउनु र श्रीमती मरेपछि मात्र सम्झने प्रवृत्तिको आधारमा प्रतिकूल पात्र हो । कथाको प्रारम्भदेखि उसको व्यवहारमा सामान्य परिवर्तन देखिएको छ । ऊ नाटक हेर्न आएर दोहोरीमा बसेको छ र चमेलीलाई आँखा जुधाएरको छ । फेरि विवाह भएपछि पनि चमेलीलाई सम्भिन्छ । त्यसैले ऊ स्वभावका आधारमा गतिशील पात्र हो । युवा अवस्थाका पुरूषहरू राम्रा केटी देखेपछि मन टेक्न सक्दैनन र माया गर्न अगाडि सर्छन् भनी समाजन अन्य यूवाहरूको पनि प्रतिनिधित्व गरेकोले ऊ जीवन चेतनाका आधारमा वर्गीय पात्र हो । म पात्रले आफ्नो कार्यव्यापार मञ्चमै देखाएकोले ऊ मञ्चीय र म पात्रलाई कथाको कथानकबाट बाहिर निकाल्दा कथाको मूल कथानकको संरचना भत्किने भएकोले ऊ आबद्धताका आधारमा बद्ध पात्र हो ।

### ४.२०.२ सहाएक पात्र (चमेली )

यस कथामा सहाएक पात्रका रुपमा चमेली रहेकी छ ।ऊ लाहुरेकी प्रेमिका का रुपमा देखिएकी छ । वैंसमा लाहुरेसँग दोहोरी गाएर मायां प्रेम लगाएर यौन प्यास मेटाएकी तर अहिले बुढेसकालमा लाहुरेसंगको संबन्ध बिर्सिएर उसले लाहुरे आफ्नो अगाडि आउंदा पनि चिन्न सकेकी छैन । चमेलीको भूमिका कथाको मध्य भागबाट अन्त्यसम्म रहेकोले ऊ सहाएक पात्र हो । मञ्चीय पात्र हो ,उसलाई कथाबाट निकाल्दा कथाको संरचना भत्किने भएकाले ऊ बद्ध पात्र हो ।

### ४.२०.३ गौड पात्रहरु

प्रस्तुत कथामा गौण चरित्रका रुपमा देखिएका पात्रहरुमध्ये चमेलीका छोरीहरु ,ज्वाई, चमेलीको लाग्ने ,लाहुरेका साथीहरु मुक्त रुपमा रहेका छन् ।

## ४.२१ निष्कर्ष

दीनबन्धु शर्माले २०५१ सालदेखि नेपाली कथा जगतमा प्रवेश गरे र अहिलेसम्म सय भन्दा बढी कथा लेखेर कथाका चूली नै लगाइसेकका छन् । ती मध्येका बीरवटा कथालाई सपना र खण्डहरहरू शीर्षक दिएर कथा सङ्ग्रह तयार पारेका छन् । उनका यस सङ्ग्रहमा सङ्ग्रहीत कथामा प्रथम दृष्टि यौन प्रेम, दाम्पत्य भाव र सामाजिक तथा राजनैनिक स्तरमा क्यान्सर मानिने तस्कार र अवसरवादतिर पुगेको देखिन्छ । उनका धेरै कथाहरू यौनमूलक देखिन्छन् । यस विषयमा नौ वटा कथाहरू रहेका छन् । त्यो घरमा किचकन्नी आउँछे, फेरि उनको याद आएको छ, कान्छा फर्केन, गाउँमा, मोहभङ्ग, अनावरण, कट्टु, घामको झूल्को कथाहरू यौनमूलक कथाहरू रहेका छन् । त्यस्तै समस्यामूलक कथाहरूमा बागी उमेद्वार, ज्वालामूखी, बाग्मती, माटाको भतेरको अभिनेता, नेपथ्य, जादूको छडि, धन्नैले सहिद भइनछु रहेका छन भने विवस सहयात्रीहरू र सपना र खण्डहरहरू कथा प्रतिकात्मक पाराका रहेका छन् । त्यस्तै पात्रहरू मात्र र नाटकको अन्त्य कथाको भाषाशैली सामान्यतया सरल भएपछि यसमा प्रयोग भएका वाक्यहरू बुहअर्थी रहेका छन् ।

प्रस्तुत कथा सङ्ग्रहमा सरल वाक्यविन्यास कारिता उक्तिमा वातावरण र मनोदशालाई सुस्पष्ट झल्काउने वैशिष्ट्य निहित छ । कथामा प्रमुख तथा सहायक पात्रहरू थोरै रहेपनि गौण पात्रको पनि प्रयोग रेहको छ । कथामा सत् पात्र तथा असत्, पुरूष तथा महिला, प्रमुख तथा गौण, वद्ध तथा मुक्त, मञ्चीय तथा नेपथ्य पात्रहरू प्रसङ्ग अनुसार आएको पाइन्छ ।

**त्यो घरमा किचकन्नी आउँछरे** कथाकी नायिका यसै भावबाट सञ्चालित छ । मानिसको त्यही प्रवृतिलाई उद्घाटित गर्नु यस कथाको उद्देश्य हो ।यसका साथै परम्परागत रुपमाप्रचलित प्रेततात्माको कुनै अस्तित्व हुदैन बरु त्यो मानिस भित्रको यौन पीडित भावको अभिव्यत्ति हो भन्ने कुरा यस कथाले देखाएको छ **। फेरि उनको याद आएको छ** भन्ने कथामा पहिलो र बास्तविक प्रेमलाई कहिल्यै बिर्सन सकिँदैन । प्रेमको क्षतिपुर्ति प्रेमद्वारा नै हुन सक्छ तरयसरी षतिपुर्ति गरिएको प्रेममा कुनै आघात पऱ्यो भने पहिलो प्रेम नै सम्झन पुगिन्छ भन्ने देखाईएको छ । **बागी उम्मेदवार** मा नेपाली राजनीतिमा वास्तविक इमान्दार र प्रजातन्त्रका निर्मति जीवन अर्पण तरेका मानिसहरुलाई छेउ लथाएर अवसरवादीहरुलाई स्थान दिन विडम्वनापुर्ण परम्परालाई म पात्र र सहायकपात्र मेनका र राघवका माध्यमबाट देखाइएको छ । **कान्छा फर्कन** कथामा महिलाको यौन शोषणमा पुरुष पात्र परेको छ । हाम्रोसमाजका निम्ति यस्ता घटनाहरु अपवाद हुन् ।मानिस बाहिरबाट शान्त , सौम्य र सभ्य देखिएपनि आन्तरिक रुपमा यौनसम्वन्धमा आक्रामक हुन्छ भन्ने कुरा उवैशीका माध्यमबाट देखाईएको छ ।

**गाउँमा** इतिहास पुराणहरुमा विधवा भाउजूलाइ देवरले विवाह गरेका प्रशङ्गहरु पढ्न सुन्न पाइन्छ ।यसै सन्दर्भमा कथामा देखिएको सन्दर्भमा कथामा देखिएको परिस्थितिमा यस्तो विवाह उचित हो वा होइन भन्ने प्रश्न उठाउनु नै यस कथाका पात्रहरुको उद्देश्य हो **। मोहभङ्ग** शिक्षित पुरुषहरुले लैंङ्गिक समानताको सम्वन्धमा जतिसुकै उदार कुरा गरेपनि व्यवहारमा परि आउँदा आफूले गरेजस्तो व्यवहार आफ्नी पत्नीले गरेमा सहन सक्दैनन् भन्ने कुराको पुरुष मानसिकताको चित्रण ऊ पात्र र सुमित्राको माध्यमबाट गरिएको छ । **अनावरण** कथामा मानिसको जीवनदुई धारमा वहेको हुन्छ ।एउटा उसको सामाजिक प्रतिष्ठा सँग गाँसिएको औपचारिक नीवनहुन्छभने अर्को उसको मानसिक र अनौपचारिक जीवन हुन्छ मानिसले सामाजिकताले आफ्नो पसुतालाई सधैँदवाउल खोजेको

हुन्छ । पशुता मानिसको प्राकृतिक स्वभाव भएकाले त्यो सधैँदबिन सक्दैन र कुनै न कुनै रुपमा विस्फोट हुन्छ भन्ने कुरा यस कथाका पात्र सुस्मिता र भिमसेनमार्फत प्रष्ट हुन्छ । **कट्टु** कथामा मजबुत मानिएको दाम्पत्य सम्बन्धलाई एउटा सानो घटना वा वस्तुले विस्फोटका विन्दुमा पुऱ्याईदिन सक्छ भन्ने उदाहरण यस कथाका पात्र मार्फत झल्काइउको छ । **ज्वालामुखी** सहरवासीहरुले बेहोर्नु परेको परपाहुनाको समस्या र त्यसबाट छुटकारा पाउनका लागि हुने अभिव्यक्ति भुस्तिघ्रे मजदुर र उसकी स्वास्नी द्धारा व्यक्त गरिएको छ । **घामको झुल्का** कथामा सांसारिक जीवलमा मानिसलाई कुनै न कुनै दुःखले छोड्दैन । भन्ने सन्देश यस कथामा दिइएको छ । **कुकुरहरु** कथामा मानवेतर पात्र भएपनि मान्छे कुकुरभन्दा वास्तविक कुकुर धेरै गुणा राम्रो हुन्छ भन्ने सन्देश यस कथाको मानवेतर पात्र कुकुरबाट पाउन सकिन्छ । **वाग्मती** नायिका वाग्मती र नदी वाग्मती दुबै पुजनीय पात्र हुन् अर्कालाई जीवन दान गर्नका लागि आफुले बिष वमन गर्ने उदार चरित्रलाई अपमान होइन सम्मान गर्नुपर्छ भन्ने कुरा वाग्मती कथाका पात्रद्धारा देखाइएको छ ।

**विवश सहयात्रीहरु** कथामा विभिन्न मतमतान्तर र आपसी वादविवाद हुँदाहुदै पनि आजको मानिस एउटै डुङ्गाको सहयात्रीजस्तै बनेर हिड्न बाध्य छ ।जसलाई नै विवश सहयात्रीहरु कथाले सङ्केत गरेको छ । **माटाको भतेर** कथामा आफ्ना घरपरिवार र छोरा-छोरी हुँदाहुँदै किन बुढाबुढीहरु घरबाट पाखा लगाईन्छन् र बृद्धाआश्रम रघाटतीर्थका शरणमा पुगेका हुन्छन् भन्ने एउटा संवेदनशील तर मानवीय समस्यालाई धनपतिका माध्यम बाट अगाडि ल्याएकोछ । **नेपथ्य** कथामा आजभोलि नवधनाढ्यले अङ्गीकार गरेकोभरिया संस्कृतिका नेपथ्यमा के कस्ता मीठा सपना बाँडिन्छन् र हत्यार अपराधका खेल खेलिन्छन् त्यसको सटीक प्रस्तुति धर्मभक्त र परी मार्फत प्रस्तुत छ । **जादुको छडी** कथामा राजनीति भनेको यस्तो फोहनेरी खेल हो जसका लागि धेरै पढ्नु नपर्ने ,भाषण सम्म गर्न जानेपुग्ने सधैं सत्तामा रहनसके आफूलाई र आफ्नो परिवारको हित हुने कुरा र स्वास्नीको सारीबाट राजनैतिक स्वार्थ पट्याउनपनि हाम्रो राजनीति पछाडि परेको छैन भन्ने यथार्थको उदाहरण यस कथाका पात्र मिस्री र उसकोले प्रष्ट पारेका छन् । **पात्रहरु मात्र** कथामा नेपालसँग जोडिएका भारतीय सीमानामा नेपालका विशेषगरेर सोझा लाहुरेहरु कसरी ठगिन्छन् त्यसको प्रत्यक्ष चित्रण यस कथाको पात्र लाहुरेमार्फत गरिइको छ । **धन्नैले सहिद भएनछु** कथामा न्यायपूर्ण राजनैतिक,सामाजिक एवम् आर्थिक समाजको स्थापना हुनुपर्छ ।सहिदहरुले आफू सहिदभएकोमा पश्चाताप गर्नु पर्ने अवस्था देखाएरुत्यस्तो अवस्थाको अन्त्य हुनुपर्छ भन्ने

सन्देश यसकथाका पात्रहरु म,आमा र छोरी मार्फत दिनखोजिएको छ । **सपना र खण्डहरहरु** कथामा नेपाली ग्रामिण जीवन त्यहाको दु:ख र सुन्दरताहरु गाँउलेहरुको निम्ती सहरमागरिने सङ्घर्ष र मानवीय संवेदनाको संसारलाई  उद्घाटित म पात्रमार्फत गरेको छ । **नाटकको अन्त्य** कथामा लाहुरेकोरुपमा रहेको 'म' पात्रले गाउँले युवतीचमेलीलाई प्रेम गरेको भावपूर्ण वर्णन छ । नायिकाको रुपमा रहेकी चमेलीले लाहुरेसँग सहवासलाई सजिलै बिर्से पनि लाहुरेले त्यसलाई अध्यात्मिक उचाईमा पुऱ्याएको छ ।

# परिच्छेद पाँच

# उपसंहार

'सपना र खण्डहरहरू' कथामा पात्रविधान शीर्षकमा तयार गरिएको प्रस्तुत शोधपत्रलाई जम्मा पाँच परिच्छेदमा विभाजन गरिएको छ । जसको विषय परिचय समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा शोधकार्यको औचित्य र महत्व, शोधपत्रको सीमाङ्कन, सामाग्री सङ्कलन तथा शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

यसै गरी शोधपात्रको परिच्छेद दुईमा दीनबन्धु शर्माको सङ्क्षिप्त जीवनी तथा व्यक्तित्व र कृक्तित्व माथि चर्चा गरिएको छ । जसमा जीवनी अन्तर्गत जन्म, जन्मस्थान, पारिवारिक पृष्ठभूमि, बाल्यकाल, शिक्षादीक्षा, पारिवारिक आर्थिक अवस्था स्वभाव, रूचि भ्रमण, मानसम्मन, दाम्पत्य जीवन, जागिरे जीवन, राजनीतिक जीवन बारे चर्चा गरिएको छ । त्यसैगरी व्यक्तित्वको अध्ययनमा दीनबन्धु शर्माको आन्तरिक व्यक्तित्व र बाह्य व्यक्तित्व, साहित्यिक व्यक्तित्वका बारेमा प्रकाश पारिएको छ भने उनका साहित्यिक कृतिहरू र साहित्यिक यात्राका बारेमा प्रकाश पारिएको छ ।

त्यसैगरी परिच्छेद तीनमा पात्रविधान सम्बन्धी सैद्धान्तिक आधारबारे चर्चा गर्दै चरित्रको व्युत्पतिगत अर्थ, पात्रको परिचय, पात्रको भूमिका, चरित्रचित्रणका तरिका (विधि) बाह्य चरित्र चित्रण, आन्तरिक चरित्र चित्रण, नाटकीय चरित्रचित्रण, पात्रविधानको औचित्य पात्रका प्रकारहरू र पात्र विश्लेषणका आधारमाथि प्रकाश पारिएको छ ।

यस शोधपत्रको परिच्छेद चार प्रमुख परिच्छेदको रूपमा रहेको छ । जसमा पात्रविधानको सैद्धान्तिक आधारमा दीनबन्धु शर्माको 'सपना र खण्डहरहरू कथासङ्ग्रहमा रहेका पात्रहरूको विश्लेषण गरिएको छ । जसअन्तर्गत लिङ्गको आधार, कार्यको आधार, प्रवृत्तिको आधार, जीवनचेतनाको आधार, गतिशीलताको आधार, आशद्धताको आधार, आसन्नताको आधारमा कथामा रहेका प्रमुख तथा सहायक पात्रहरूको विश्लेषण गरिएको छ ।

वि.सं. २०१८ सालमा धवलागिरी अञ्चल (हाल जैमुनी नगरपालिका) बाग्लुङ जैदी वडा नं. ३ रोहोटेमा पिता हरिदत्त उपाध्याय र माता मतीश्वरी देवीका कोखबाट कान्छा

पुत्रका रूपमा जन्मिएका दीनबन्धु शर्माको अक्षरारम्भ गुरू भवानीप्रसाद पौडेल एवम् आफ्नै पिता हरिदत्त बाट भएको थियो भने गुरू भक्तिविलास शर्माबाट उनले लघुकौमुदी अमरकोष अध्ययन गरेका थिए । नौ वर्षको उमेरमा विद्यालय भर्ना भए तापनि बीचैमा छाडेर घरमै गुरूकुल शिक्षालाई निरन्तरता दिई सन् १९७७ मा नेशनल इन्टर कलेज, पिलीकोठी, वाराणसीबाट उहाँले हाइस्कुल परीक्षा उत्तीर्ण गरेका थिए । शर्माले उच्च शिक्षाका लागि अग्रसेन महाजनी महाविद्यालय वाराणसी, इलाहावाद बोर्डबाट सन् १९८० मा आइ.ए. गरेका थिए । त्यसै गरी सन् १९८३ मा गोरखपुर विश्वविद्यालयबाट बी.ए. र त्रिभुवन विश्वविद्यालयबाट सन् १९८७ मा राजनीतिशास्त्रमा एम.ए. गरेका थिए भने, सन् १९९१ मा नेपाली विषयमा एम.ए. गरेका थिए । त्यसै गरी भर्जेन मिलाग्रोसा विश्वविद्यालय फिलिपिन्सबाट सन् २००३ मा बिजनेस एड्मिनिष्ट्रेसन विषयमा ९५ प्रतिशतको उच्च अङ्क सहित विद्यावारिधी (पि.एच.डि.) उपाधि प्राप्त गरेको देखिन्छ ।

त्यसैगरी विभिन्न ठाउँमा शर्माले कुशल शिक्षकको भूमिका निर्वाह गर्दै र आफ्नो साहित्यिक यात्रालाई अगाडि बढाउँदै आएका छन् । विभिन्न ठाउँमा सल्लाहकारको भूमिका पनि निर्वाह गर्दै आइरहेका शर्माको लेखकीय प्रवृत्तिका दृष्टिले पहिलो चरणमा सामाजिक, राजनैतिक, व्यङ्ग्य, मनोविश्लेषण आदिको प्रधानता उनका रचनाहरूमा पाइन्छ भने पछिल्लो चरणमा आएर उनी लीलालेखन, विनिर्माणबाट आदि उत्तर आधुनिक लेखनमा व्यस्त छन् ।

प्रथम प्रकाशित रचनाको दृष्टिले गरिमामा प्रकाशित सहर कथाबाट रचनाको साहित्यमा प्रवेश गरेका छन् भने लेखनका दृष्टिले उनको पहलिो कथा मोहभङ्ग (मधुपर्क २०५१, माघ) हो । उनले वि.सं. २०५५ सालमा सपना र खण्डहरहरू कथा सङ्ग्रह प्रकाशन गराएको देखिन्छ । शर्माले करिब एकसय भन्दा बढी कथा, २० भन्दा बढी लघु नाटक एकाङ्कीहरू केही मात्रामा संस्मरण निबन्धहरू, पञ्जा अभिमन्यु जस्ता उपन्यास ( प्रकाशोन्मुख) भत्किँदै किल्लाहरू कथासङ्ग्रह- २०७२ र निबन्धको फूलबारी निबन्ध सङ्ग्रह- २०६९ प्रकाशित गरेका छन् ।

उनका प्रकाशित कृति व्यङ्ग्य र समसामयिक प्रयोगात्मताको प्रधानता पाइन्छ । संस्मरणहरूमा उनी प्राञ्जल (कोमल) भाषाको प्रयोग गर्दै भावुकतामा रन्थनिएका देखिन्छन् भने नाटक एवम् एकाङ्कीहरूमा उनको पछिल्लो चरणमा कथाहरूमा झैं प्रयोगात्मकताको

विविधता देखिन्छ । आख्यान साहित्यको इतिहास विश्वमा जति पुरानो रहेको मानिन्छ त्यहाँदेखि नै पात्रहरूको क्रियाशील इतिहास रहेको मान्न सकिन्छ । पात्रका प्रवृत्तिहरूमा गुण, स्वभाव, आचरण र व्यवहारजस्ता कुराहरू पर्दछन् । पात्रको परिभाषा दिने क्रममा स्वदेशी तथा विदेशी विद्वान्हरूका परिभाषाले यसको क्षेत्रलाई भने व्यापक बनाएको कुरामा दुईमत रहँदैन । सबै विद्वान्हरूका मतबाट कथामा पात्रलाई महत्वपूर्ण तत्वको रूपमा स्वीकार गर्न सकिन्छ । मानव समाजमा रहेका धर्म, संस्कृति, रीतिरिवाज माया-प्रेम, हर्ष-बिष्माद अनि शैक्षिक सामाजिक सबै मानवीय क्रियाकलाप र संवेदनाहरू पात्रकै माध्यमबाट आख्यानमा अध्ययन र विश्लेषण गर्ने गरिन्छ । पात्रको बानी व्यवहार, ढङ्गढाँचा कस्तो हुनुपर्छ भनी कथामा प्रयोग हुने पात्रका प्रकारका बारेमा पनि उल्लेख गरिएको हुन्छ । त्यसैले उसका चारित्रिक विशेषताका आधारमा सामाजिक संरचनाको वर्णन गर्न पनि सकिने हुन्छ । कथामा प्रस्तुत गरिने सबै पात्रहरूलाई निश्चित उद्देश्य र फलप्राप्तिका लागि प्रयोग गरिने भएकाले प्रायः सबै पात्रहरूको उद्देश्य र क्रियाकलाप, स्वभाव र आचरण पनि फरक फरक हुने गर्दछ । समय सापेक्ष पात्रको छनोट गर्ने गरिन्छ र उनीहरूको विशेषताका बारेमा वर्णन गर्न विभिन्न विधिहरूको प्रयोग गर्ने गरिन्छ ।

उल्लिखित परिभाषा र प्रयोगका आधारमा कथामा पात्रलाई एक महत्वपूर्ण र अनिवार्य तत्वका रूपमा लिनुपर्ने देखिन्छ । जसले कथाको कथानकलाई अगाडि बढाउने विविध घटनाहरू घटाउने, आख्यानकारको उद्देश्यलाई फलप्राप्तिमा पुऱ्याउने काम गर्ने तत्व नै पात्र हो । वर्तमान परिवेशमा जे-जस्ता प्रकारका कथाहरू लेखिए पनि पात्र सहितका कथाले जे-जस्ता प्रभावकारी सफलता प्राप्त गर्दछ, त्यसका तुलनामा पात्र बिनाको कथाले त्यो स्थान हासिल गर्न सकेको पाइँदैन । त्यसैले पनि पात्रको स्थान कथामा महत्वपूर्ण हुन्छ ।

दीनबन्धु शर्माले २०५१ सालदेखि नेपाली कथा जगतमा प्रवेश गरे र अहिलेसम्म सय भन्दा बढी कथा लेखेर कथाका चूली नै लगाइसेकका छन् । ती मध्येका बीरवटा कथालाई सपना र खण्डहरहरू शीर्षक दिएर कथा सङ्ग्रह तयार पारेका छन् । उनका यस सङ्ग्रहमा सङ्ग्रहीत कथामा प्रथम दृष्टि यौन प्रेम, दाम्पत्य भाव र सामाजिक तथा राजनैनिक स्तरमा क्यान्सर मानिने तस्कार र अवसरवादतिर पुगेको देखिन्छ । उनका धेरै कथाहरू यौनमूलक देखिन्छन् । यस विषयमा नौ वटा कथाहरू रहेका छन् । त्यो घरमा किचकन्नी आउँछे, फेरि उनको याद आएको छ, कान्छा फर्केन, गाउँमा, मोहभङ्ग, अनावरण,

कट्टु, घामको झूल्को कथाहरू यौनमूलक कथाहरू रहेका छन् । त्यस्तै समस्यामूलक कथाहरूमा बागी उमेद्वार, ज्वालामूखी, बाग्मती, माटाको भतेरको अभिनेता, नेपथ्य, जादूको छडि, धन्नैले सहिद भइनछु रहेका छन भने विवस सहयात्रीहरू र सपना र खण्डहरहरू कथा प्रतिकात्मक पाराका रहेका छन् । त्यस्तै पात्रहरू मात्र र नाटकको अन्त्यकथाको भाषाशैली सामान्यतया सरल भएपछि यसमा प्रयोग भएका वाक्यहरू बुहअर्थी रहेका छन् ।

दीनबन्धु शर्माको यो कथासङ्ग्रह सपना र खण्डहरहरू २०५५ मा बीसवटा कथाहरू समावेश गरिएको छ । सामाजिक यथार्थवादी, यौनमनोवैज्ञानिक तथा सामाजिक व्यङ्ग्य जस्ता विषयहरूले भरिएका कथाहरूको व्याख्या एवम्  विश्लेषणका लागि विभिन्न पात्रहरूको प्रयोग गरिएको छ । कथामा सत् पात्र तथा असत् पुरूष तथा महिला, प्रमुख तथा गौण, वद्ध तथा मुक्त, मञ्चीय तथा नेपथ्य पात्रहरू प्रसङ्ग अनुसार आएको पाइन्छ । **त्यो घरमा किचकन्नी आउँछरे** कथाकी नायिका यसै भावबाट सञ्चालित छ । मानिसको त्यही प्रवृतिलाई उद्घाटित गर्नु यस कथाको उद्देश्य हो ।यसका साथै परम्परागत रुपमाप्रचलित प्रेततात्माको कुनै अस्तित्व हुदैन बरु त्यो मानिस भित्रको यौन पीडित भावको अभिव्यत्ति हो भन्ने कुरा यस कथाल`देखाएको छ **। फेरि उनको याद आएको छ** भन्ने कथामा पहिलो र बास्तविक प्रेमलाई कहिल्यै बिर्सन सकिँदैन । प्रेमको क्षतिपुर्ति प्रेमद्वारा नै हुन सक्छ तरयसरी षतिपुर्ति गरिएको प्रेममा कुनै आघात पऱ्यो भने पहिलो प्रेम नै सम्झन पुगिन्छ भन्ने देखाईएको छ । **बागी उम्मेदवार** मा नेपाली राजनीतिमा वास्तविक इमान्दार र प्रजातन्त्रका निर्मति जीवन अर्पण तरेका मानिसहरुलाई छेउ लथाएर अवसरवादीहरुलाईस्थान दिन विडम्वनापुर्ण परम्परालाई म पात्र र सहायकपात्र मेनका र राघवका माध्यमबाट देखाइएको छ ।  **कान्छा फर्केन** कथामा महिलाको यौन शोषणमा पुरुष पात्र परेको छ । हाम्रोसमाजका निम्ति यस्ता घटनाहरु अपवाद हुन् ।मानिस बाहिरबाट शान्त , सौम्य र सभ्य देखिएपनि आन्तरिक रुपमा यौनसम्वन्धमा आक्रामक हुन्छ भन्ने कुरा उवैशीका माध्यमबाट देखाईएको छ ।

**गाउँमा** इतिहास पुराणहरुमा विधवा भाउजूलाइ देवरले विवाह गरेका प्रशङ्गहरु पढ्न सुन्न पाइन्छ ।यसै सन्दर्भमा कथामा देखिएको सन्दर्भमा कथामा देखिएको परिस्थितिमा यस्तो`विवाह उचित हो वा होइन भन्ने प्रश्न उठाउनु नै यस कथाका पात्रहरुको उद्देश्य

हो । **मोहभङ्ग** शिक्षित पुरुषहरुले लैंङ्गिक समानताको सम्वन्धमा जतिसुकै उदार कुरा गरेपनि व्यवहारमा परि आउँदा आफूले गरेजस्तो व्यवहार आफ्नी पत्नीले गरेमा सहन सक्दैनन् भन्ने कुराको पुरुष मानसिकताको चित्रण ऊ पात्र र सुमित्राको माध्यमबाट गरिएको छ । **अनावरण** कथामा  मानिसको जीवनदुई धारमा वहेको हुन्छ ।एउटा उसको सामाजिक प्रतिष्ठा सँग गाँसिएको औपचारिक नीवनहुन्छभने अर्को उसको मानसिक र अनौपचारिक जीवन हुन्छ मानिसले सामाजिकताले आफ्नो पसुतालाई सधैँदवाउल खोजेको हुन्छ । पशुता मानिसको प्राकृतिक स्वभाव भएकाले त्यो सधैँदबिन सक्दैन र कुनै न कुनै रुपमा विस्फोट हुन्छ भन्ने कुरा यस कथाका पात्र सुस्मिता र भिमसेनमार्फत प्रष्ट हुन्छ । **कट्टु** कथामा मजबुत मानिएको दाम्पत्य सम्बन्धलाई एउटा सानो घटना वा वस्तुले विस्फोटका`विन्दुमा पुऱ्याईदिन सक्छ भन्ने उदाहरण यस कथाका पात्र मार्फत झल्काइउको छ । **ज्वालामुखी** सहरवासीहरुले बेहोर्नु परेको परपाहुनाको समस्या र त्यसबाट छुटकारा पाउनका लागि हुने अभिव्यक्ति भुस्तिघ्रे मजदुर र उसकी स्वास्नी द्धारा व्यक्त गरिएको छ । **घामको झुल्का** कथामा सांसारिक जीवलमा मानिसलाई कुनै न कुनै दुःखले छोड्दैन । भन्ने सन्देश यस कथामा दिइएको छ । **कुकुरहरु** कथामा मानवेतर पात्र भएपनि मान्छे कुकुरभन्दा वास्तविक कुकुर धेरै गुणा राम्रो हुन्छ भन्ने सन्देश यस कथाको मानवेतर पात्र कुकुरबाट पाउन सकिन्छ । **वाग्मती** नायिका वाग्मती र नदी वाग्मती दुबै पुजनीय पात्र हुन् अर्कालाई जीवन दान गर्नका लागि आफुले बिष वमन गर्ने उदार चरित्रलाई अपमान होइन सम्मान गर्नुपर्छ भन्ने कुरा वाग्मती कथाका पात्रद्धारा देखाइएको छ ।

**विवश सहयात्रीहरु** कथामा विभिन्न मतमतान्तर र आपसी वादविवाद हुँदाहुदै पनि आजको  मानिस एउटै डुङ्गाको सहयात्रीजस्तै बनेर हिड्न बाध्य छ ।जसलाई नै विवश सहयात्रीहरु कथाले सङ्केत गरेको छ । **माटाको भतेर** कथामा आफ्ना घरपरिवार र छोरा-छोरी हुँदाहुँदै किन बुढाबुढीहरु घरबाट पाखा लगाईन्छन् र बृद्धाआश्रम रघाटतीर्थका शरणमा पुगेका हुन्छन् भन्ने एउटा संवेदनशील तर मानवीय समस्यालाई धनपतिका माध्यम बाट अगाडि ल्याएकोछ । **नेपथ्य** कथामा आजभोलि नवधनाढ्यले अङ्गीकार गरेकोभरिया संस्कृतिका नेपथ्यमा के कस्ता मीठा सपना बाँडिन्छन् र हत्यार अपराधका खेल खेलिन्छन् त्यसको सटीक प्रस्तुति धर्मभक्त र परी मार्फत प्रस्तुत छ । **जादुको छडी** कथामा राजनीति भनेको यस्तो फोहनेरी खेल हो जसका लागि धेरै पढ्नु नपर्ने ,भाषण सम्म गर्न जानेपुग्ने सधैं सत्तामा रहनसके आफूलाई र आफ्नो परिवारको हित हुने कुरा र स्वास्नीको सारीबाट

राजनैतिक स्वार्थ पट्याउनपनि हाम्रो राजनीति पछाडि परेको छैन भन्ने यथार्थको उदाहरण यस कथाका पात्र मिस्री र उसकोले प्रष्ट पारेका  छन् । **पात्रहरु मात्र** कथामा नेपालसँग जोडिएका भारतीय सीमानामा नेपालका विशेषगरेर सोझा लाहुरेहरु कसरी ठगिन्छन् त्यसको प्रत्यक्ष चित्रण यस कथाको पात्र लाहुरेमार्फत गरिइको छ । **धन्नैले सहिद भएनछु** कथामा न्यायपूर्ण राजनैतिक,सामाजिक एवम् आर्थिक समाजको स्थापना हुनुपर्छ ।सहिदहरुले आफू सहिदभएकोमा पश्चाताप गर्नु पर्ने अवस्था देखाएरुत्यस्तो अवस्थाको अन्त्य हुनुपर्छ भन्ने सन्देश यसकथाका पात्रहरु म,आमा र छोरी मार्फत दिनखोजिएको छ । **सपना र खण्डहरहरु** कथामा नेपाली ग्रामिण जीवन त्यहाको दुःख र सुन्दरताहरु गाँउलेहरुको निम्ती सहरमागरिने सङ्घर्ष र मानवीय संवेदनाको संसारलाई  उद्घाटित म पात्रमार्फत गरेको छ । **नाटकको अन्त्य** कथामा लाहुरेकोरुपमा रहेको 'म' पात्रले गाउँले युवतीचमेलीलाई प्रेम गरेको भावपूर्ण वर्णन छ । नायिकाको रुपमा रहेकी चमेलीले लाहुरेसँग सहवासलाई सजिलै बिर्से पनि लाहुरेले त्यसलाई अध्यात्मिक उचाईमा पुऱ्याएको छ ।

प्रस्तुत कथा सङ्ग्रहमा सरल वाक्यविन्यासकारिता उक्तिमा वातावरण र मनोदशालाई सुस्पष्ट झल्काउने वैशिष्ट्य निहित छ । कथामा प्रमुख तथा सहायक पात्रहरू थोरै रेहपनि गौण पात्रको पनि प्रयोग रेहको छ । कथामा सत् पात्र तथा असत्, पुरूष तथा महिला, प्रमुख तथा गौण, वद्ध तथा मुक्त, मञ्चीय तथा नेपथ्य पात्रहरू प्रसङ्ग अनुसार आएको पाइन्छ ।

# सन्दर्भ सामग्री सूची


अर्याल, शेखर र श्रेष्ठ शेखरकुमार .२०६७. ***आधुनिक नेपाली आख्यान र नाटक,*** पुतलिसडक, काठमाडौं ।

अवस्थी, महादेव .२०६५. ***नेपाली कथा भाग २,*** ललितपुर : साझा प्रकाशन ।

आप्टे, वामन शिवराम .सन् १९६९. ***संस्कृत हिन्दी कोष,*** दो.सं. दिल्ली : वनारसीदास पब्लिकेशन प्रा.लि. ।

उपाध्याय, केशवप्रसाद .२०४९. ***साहित्य प्रकाशन पाँचौं संस्करण,*** ललितपुर : साझा प्रकाशन ।

कसजू, विनयकुमार .वैशाख २६५. ***प्रतिनिधि नेपाली लघुकथाहरु,*** विवेक सिर्जनशील प्रकान प्रा.लि. ।

काफ्ले, गंगाराम .२०७३. ***साहित्यकार एस.पी. आसाको 'लमजुगें बाघ' उपन्याँसमा पात्रविधान,*** स्नातकोत्तर तह अप्रकाशित शोधपत्र, त्रिभुवन बहुमुखी क्याम्पस तानसेन पाल्पा ।

कायू, शिव .२०५५. ***जीन्दगी बिक्रमा छ,*** कविता सङ्ग्रह ।

खडका, बिना .२०६८. ***दीनबन्धु शर्माको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,*** अप्रकाशित शोधपत्र पाटन संयुक्त क्याम्पस पाटनढोका, ललितपुर ।

गौतम, वासुदेव र डा. गणेशराज अधिकारी .२०६९. ***नेपाली कथा र उपन्यास सिद्धान्त र समीक्षा,*** बागबजार, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

घर्ती, दुर्गाबहादुर .२०६७. ***मनोविश्लेषणात्मक पात्रविधान,*** साझा प्रकाशन ।

चालिसे, नारायण. २०६२ चैत्र . समय गुरु द्रोणाचार्य प्रकाशक श्रीगणेश ।

दीक्षित, कमल .२०५८ वैशाख २४ गते. यस वर्षका १०१ कथा, गोरखापत्र ।

द्विवेदी, राजेन्द्र .सन् १९५५. ***साहित्यशास्त्रका पारिभाषिक शब्दकोष,*** (दिल्ली : आत्मराम एण्ड सन्स

पहारी, हेमराज .२०६३. ***उत्तरी गोलार्द्धको एक फान्को,*** यात्रा संस्करण, पृ. १५ ।

पहारी, हेमराज .२०६७ चैत्र ७ गते. सम्पादक सहयोगी डा.कृष्णराज अधिकारी, भीम रानामगर, नारायण मरासिनी, प्रकाशक हेमराज पहारी स्मृति प्रतिष्ठान,पोखरा-६, कास्की

पौड्याल, शेषनाथ .२०६७. ***दीनबन्धु शर्माको पूर्णशाखा कथामा विधामिश्रण,*** कार्यपत्र ।

पौड्याल, कृष्णविलास .२०६६. ***आधुनिक आख्यान र नाटक,*** भोटाहिटी, काठमाडौं : नविन प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम .२०५६. ***उपन्यास सिद्धान्त र नेपाली उपन्यास,*** साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम .२०५८. ***उपन्यास सिद्धान्त र नेपाली उपन्यास,*** दो.सं., साझा प्रकाशन ।

बराल, ऋषिराज, कृष्णप्रसाद घिमिरे .२०५५. ***नेपाली कथा भाग-३,*** ललितपुर : साझा प्रकाशन ।

ब्राजाकी, मनु .२०५५. ***सपना र खण्डहरहरू कथा सङ्ग्रह,*** भूमिका लेखन ।

भौकाजी, विमल .२०६४. ***नेपाली यौनकथा भाग-३,*** विराटनगर : वाणी प्रकाशन ।

राणा, जनकबहादुर .२०६७. ***साहित्यिक हाटबजारका गफ गरिमा,*** पूर्णाङ्क २१२, साउन ।

वस्नेत, कृष्णबहादुर .२०५९. ***आधुनिक नेपाली उपन्यास सैद्धान्तिक विश्लेषण,*** कीर्तिपुर : दीक्षान्त पुस्तक भण्डार ।

शर्मा दीनबन्धु .२०५५. सपना र खण्डहरहरू ।

शर्मा हरिप्रसाद .२०६७. ***कथाको सिद्धान्त र विवेचना,*** ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा .२०४९. ***नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,*** चौंथो संस्कारण, ललितपुर : साझा प्रकाशन ।

हिमांशु थापा .२०६६. ***साहित्य परिचय*** , दोस्रो संस्करण, पुल्चोक साझा प्रकाशन ।